# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधप्रस्तावको शीर्षक तारानाथ शर्माको उपन्यासकारिताको अध्यायन रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत नेपाली विभाग महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम स्नातकोत्तर तह दोस्रो वर्ष नेपाली विषयको दशौं पत्रको प्रयोजनको लागि तयार गरिएको हो ।

## १.३ विषयपरिचय

इलामको पूर्व भाग पर्ने बरबोटे गाउँमा स. १९९१ असार ९ गते जन्मिएका तारानाथ शर्मा आधुनिक नेपाली साहित्यका उपन्यास, कथा, निबन्ध, समालोचना लगायत विधागत फाँटका प्रखर व्यक्तित्व हुन् । शर्माका ओझेल पर्दा (२०२२), मेरोकथा (२०२३), सुली (२०३०), झझल्को (२०४५), नेपालदेखि अमेरिकासम्म (२०४९) जस्ता उपन्यास प्रकाशित छन् । यिनमा उनले यथार्थ धरातलमा उभिएर समाजमा व्याप्त अन्ध परम्परा, अन्याय, अत्याचार, धार्मिक आडम्बर आदिको भण्डारफोर गरी स्वस्थ समाज निर्माणको चाहना राखेका छन् । ग्रामीण र सहरी दुवै परिवेशको जीवन्त चित्रण गरिएका यिनका उपन्यासमा नेपाली समाजको यथार्थ चित्रण गरिएको छ । समाजमा रहेका अन्ध परम्परा, थिचोमिचो, अन्धविश्वास आदिको अन्त्य हुनुपर्छ भन्ने अभिव्यक्ति दिनु उपन्यासकार तारानाथ शर्माको प्रमुख विशिष्टता हो । तारानाथ शर्माका दुई पोका चुरा (२०२६) कथासङ्ग्रह र अन्य विभिन्न पत्रिकामा रहेका कथाहरूमा प्रस्फुटन भएको छ । सामाजिक विषयवस्तु वरण गरी लेखिएका शर्माका कथामा परम्परित कुप्रथाको विरोध गरिएको छ । नेपाली समाजमा व्याप्त सामाजिक- आर्थिक शोषण, सामन्त वर्गको व्यभिचारी वृत्तिको भण्डाफोर गर्दै आडम्बरी आदर्शलाई उदाङ्गो पारेर पाठक सामु राखी स्वस्थ समाज निर्माणको चाहना गर्नु तारानाथ शर्माको कथाकार व्यक्तित्वको प्रमुख अभिलक्षण हो । यहाँ यिनै उपन्यासका आधारमा शर्माको उपन्यासकारिताको विश्लेषण गरिएको छ ।

## १.४ समस्याकथन

तारानाथ शर्माका आख्यान (कथा र उपन्यास)हरू केवल आस्वादनीय विषयमात्र नभई प्राज्ञिक अध्ययनका दृष्टिले गहन, मौलिक र अनुसन्धेय विषय पनि हुन् । उनका उपन्यास के कस्ता रहेका छन् ? भन्ने प्राज्ञिक जिज्ञासा नै प्रस्तुत अध्ययनको मुख्य शोधसमस्या हो । उक्त समस्यासँग सम्बद्ध निम्नलिखित शोधप्रश्नबाट सामग्रीको सङ्कलन एवम् विश्लेषण गरी निष्कर्षमा पुग्न सकिन्छ ।

(१) तारानाथ शर्माको जीवनी, व्यक्तित्व के कस्तो छ ?

(२) तारानाथ शर्माका उपन्यासहरूको विश्लेषण के कसरी गर्न सकिन्छ ?

(३) तारानाथ शर्माका औपन्यासिक प्रवृत्तिहरू के-कस्ता रहेका छन् ?

(४) तारानाथ शर्माले नेपाली साहित्यमा प्रदान गरेको योगदानलाई कसरी मूल्याङ्कन गर्न सकिन्छ ?

## १.५ शोधकार्यको उद्देश्य

माथि प्रस्तुत गरिएका शोध समस्याहरूको व्यवस्थित ढङ्गमा अध्ययन विश्लेषण गरेर तिनको उचित निरूपण गर्न प्रस्तुत शोधपत्रका निम्नलिखित उद्देश्य रहेका छन् ।

(१) तारानाथ शर्माको संक्षिप्त रूपमा जीवनी, व्यक्तित्व केलाउनु ।

(२) आख्यान विश्लेषणको प्रारूपका आधारमा तारानाथ शर्माका उपन्यासहरूको विश्लेषण गर्नु ।

(३) तारानाथ शर्माका औपन्यासिक प्रवृत्तिको निरूपण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

तारानाथ शर्माका बारेमा शोधपरक अध्ययन तारानाथ शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन (२०४०), यात्राकार तारानाथ शर्मा (२०५५) र तारानाथ शर्माका निजात्मक निबन्धहरूको कृतिपरक अध्ययन (२०५९) मात्र भएको छ । आख्यानकार तारानाथ शर्माको अध्ययन भएको छैन । कथाकार तथा उपन्यासकारका रूपमा तारानाथ शर्माका बारेमा जे जति कार्य भएका छन्, तिनलाई तल प्रस्तुत गरिएको छ ।

घटराज भट्टराईले प्रतिभै प्रतिभा र नेपाली साहित्य (२०४०) मा तारानाथ शर्माका उपन्यासहरूलाई यथार्थवादी कोणबाट हेरेका छन् । जगदीशचन्द्र भण्डारीले तारानाथ

शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन (२०४०) मा तारानाथ शर्माका ओझेल पर्दा र मेरो कथा उपन्यासलाई यथार्थवादी उपन्यासका रूपमा लिएका छन् भने सुली उपन्यासले यथार्थको नग्नतालाई अँगालेकाले यसलाई आलोचनात्मक यथार्थवादी उपन्यासका रूपमा चित्रण गरेका छन् ।

तारानाथ शर्माले नेपाली साहित्यको ऐतिहासिक परिचय (२०४०)मा ओझेल पर्दा र मेरो कथामा अपराधीहरूको मनोविश्लेषण गरिएको छ भने सुलीमा काठमाडौंका चरित्रभ्रष्ट युवतीहरूको चित्र उतारिएको कुरा प्रस्तुत गरेका छन् ।

प्रतापचन्द्र प्रधानले नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि (सन् १९८३) मा नेपाली उपन्यासको विकासक्रमको चर्चा गर्दा शर्माको ओझेल पर्दा र मेरो कथा उपन्यासको उल्लेख गरेका छन् ।

घनश्याम नेपालले नेपाली साहित्यको परिचयात्मक इतिहास (सन् १९९१)मा प्रयोगकालका उल्लेखनीय उपन्यासहरूको सूचीमा तारानाथ शर्माको नाम समावेश गरके ा छन् ।

तारानाथ शर्माले नेपाली साहित्यको इतिहास (२०५६)मा नेपाली उपन्यासको विकासक्रमको चर्चा गर्ने क्रममा उनका उपन्यासहरूको उल्लेख गरेका छन् ।

कृष्णहरि बराल र नेत्र एटमले उपन्यास सिद्धान्त र नेपाली उपन्यास (२०५८)मा समाजका विकृति र विसङ्गतिलाई भण्डाफोर गर्दै आफ्नो देश, संस्कृति र मूल्यहरूको प्रस्तुतीकरणमा रमाउने आलोचनात्मक यथार्थवादी उपन्यासका रूपमा शर्माका उपन्यासहरूलाई लिएका छन् ।

कृष्णचन्द्रसिंह प्रधानले नेपाली उपन्यास र उपन्यासकार (२०६१)मा शर्माका ओझेल पर्दा र मेरो कथा उपन्यासलाई सामाजिक यथार्थवादी उपन्यासका रूपमा चर्चा गरेका छन् भने सुलीलाई आलोचनात्मक यथार्थवादी उपन्यासका रूपमा चित्रण गरेका छन् ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माले नेपाली साहित्यको संक्षिप्त इतिहास (२०६३)मा नेपाली उपन्यासको विकासक्रमका सन्दर्भमा शर्माका उपन्यासहरूको चर्चा गरेका छन् ।

राजेन्द्र सुवेदीले नेपाली उपन्यास : परम्परा र प्रवृत्ति (२०६४)मा आदर्शोन्मुख यथार्थवादी अथार्त् सामाजिक यथार्थवादी प्रवृत्तिका उपन्यासअन्तर्गत तारानाथ शर्माका उपन्यासहरूको सूची दिएका छन् भने सोही पुस्तकको अर्को ठाउँमा समाजलाई विसङ्गतिपूर्ण

ठान्ने र त्यसलाई तीव्र टिप्पणी गर्नुपर्ने आलोचनात्मक यथार्थवादी उपन्यासका रूपमा यिनका उपन्यासहरूको चर्चा गरेका छन् । यति हुँदाहुँदै पनि शर्माका आख्यानकारिताका विषयमा हालसम्म शोधलेखन नभएकोले यो शोध शीर्षक तयार पारिएको छ ।

यसप्रकार तारानाथ शर्माका कथा र उपन्यासहरूका बारेमा जे-जति अध्ययन भएका छन्, ती नेपाली कथा तथा उपन्यासको इतिहास लेखनका सन्दर्भमा तथा नेपाली कथा र उपन्यासको धारागत वर्गीकरणका सन्दर्भमा भएका छन् । यसबाहेक तारानाथ शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शोधपत्रमा पनि यिनका प्रारम्भिक तीनवटा उपन्यासको मात्र संक्षिप्त चर्चा गरिएको छ । फलतः यस शोधपत्रमा तारानाथ शर्माको आख्यानकारिताको सन्दर्भमा अध्ययन गरिएको छ ।

## १.७ शोधपत्रको औचित्य, महत्व र उपयोगिता

नेपाली साहित्यका बहुमुखी प्रतिभाका धनी तारानाथ शर्माको बारेमा शोधपरक अध्ययन तारानाथ शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, यात्राकार तारानाथ शर्मा र तारानाथ शर्माका निजात्मक निबन्धको कृतिपरक अध्ययनमात्र भएको छ । आख्यानकार तारानाथ शर्माको अध्ययन भएको छैन । उनका आख्यानका बारेमा नेपाली समालोचकहरूले पनि उपन्यासको इतिहास लेखनका क्रममा सामान्य चर्चा मात्र गरेका छन् । विस्तृत अध्ययन गरेका छैनन् । तसर्थ उनी कस्ता कथाकार उपन्यासकार हुन् र नेपाली आख्यान परम्परामा शर्माको आख्यानकारिताको केकस्तो भूमिका छ भन्ने कुराको अध्ययन गर्नमा प्रस्तुत शोधपत्र केन्द्रित रहेको हुँदा यसको महत्व स्वतः स्पष्ट हुन्छ र यस शोधपत्रको उपयोग यस सम्बन्धमा चासो लिने ज्ञानेच्छुहरूले गर्ने छन् ।

## १.८ अध्ययनको सीमाङ्कन

तारानाथ शर्माका प्रकाशित आख्यानात्मक कृतिहरू ओझेल पर्दा (२०२२), मेरो कथा (२०२३), सुली (२०३०), झझल्को (२०४५) र नेपालदेखि अमेरिकासम्म (२०४९) उपन्यास हुन् । यिनै कृतिहरूलाई केन्द्र मानेर शर्माको उपन्यासकारिताको अध्ययन गरिएको छ ।

## १.९ सामगी सङ्कलन विधि

प्रस्तुत शोधपत्रमा विशेष गरी सामग्री संकलनका लागि प्राथमिक र द्वितीय दुवै स्रोतहरुको प्रयोग गरिएको छ । प्राथमिक स्रोतलाई ओझेल पर्दा, मेरो कथा, सुली, झझल्को र नेपालदेखि अमेरिका सम्म उपन्यास लिईएको छ । द्वितीय स्रोत अन्तर्गत

पुस्तकालय विधि, समालोचकहरूसँग भेटघाट गरी अन्तर्वार्ता जस्ता विधि लिएर शोधपत्र संकलन गरिएको छ ।

## १.१० सैद्धान्तिक ढाँचा र शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्नका लागि जीवनीपरक समालोचनाका साथै आख्यान विश्लेषणको प्रारूपका आधारमा पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त, वाद तथा प्रणालीमा केन्द्रित हुँदै तारानाथ शर्माका उपन्यासकारिताको विश्लेषण गरिएको छ ।

## १.१२ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्र निम्न परिच्छेदमा विभाजन भएको छ -

प्रथम परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : तारानाथ शर्माको सङ्क्षिप्त परिचय

तेस्रो परिच्छेद : उपन्यासको सैद्धान्तिक परिचय

चौथो परिच्छेद : शर्माको उपन्यासको विश्लेषण

पाँचौं परिच्छेद : तारानाथ शर्माका औपन्यासिक प्रवृति

छैंटौं परिच्छेद : उपसंहार

*

## दोस्रो परिच्छेद

# तारानाथ शर्माको सङ्क्षिप्त परिचय

## २.१ तारानाथ शर्माको जीवनी

### २.१.१ जन्म र जन्मस्थान

तारानाथ शर्माको जन्म वि.सं. १९९१ आषाढ ९ गते निर्जला एकादशीका दिन तदनुसार २४ जुन १९३४ मा मेची अञ्चलअन्तर्गत पर्ने सुन्दर पहाडी जिल्ला इलामको बरबोटे भन्ने ठाउँमा भएको हो । प्रजापति उपाध्याय भण्डारीकी जेठी श्रीमती देवकी उपाध्यायका कोखबाट जेठो सन्तानका रूपमा तारानाथ शर्माको जन्म भएको हो । तारानाथ शर्माले कतिपय ठाउँमा तानासर्मा उपनाम लेख्ने गरेको पाइन्छ तर सबै स्थानमा तानासर्मा उपनाम प्रयोग गरेको भेटिंदैन । फलस्वरूप यिनको तारानाथ शर्मा नाम नै बढी प्रचलित छ (भण्डारी २०३९ : १) ।

### २.१.२ बाल्यकाल

तारानाथ शर्माका पिता तत्कालीन समयमा नै जागिरे थिए । पिताको जागिरको कार्यथलो फिक्कल भएपछि यिनी पनि पिता र कान्छीआमा टीकाकुमारीसँग फिक्कलमा नै बस्न थाल्दछन् । बाल्यकालीन अवस्थामा पिता र कान्छी आमा टीकाकुमारीको उचित रेखदेख पाएकाले शर्माको बाल्यकाल सुखपूर्वक नै बितेको थियो ।

### २.१.३ शिक्षादीक्षा

बाल्यकालदेखि नै सरल स्वभाव भएका तारानाथ शर्माको अक्षरारम्भ पिताबाट भए पनि अध्ययनको प्रारम्भ भने वैदिक संस्कृतिको पृष्ठभूमिमा संस्कृतका विद्वान ् भोजराज घिमिरेबाट पाँच वर्षको उमेरदेखि नै भएको थियो । भोजराज घिमिरे शर्माको घरको सिकुवामा केटाकेटीहरूलाई जम्मा गरेर पढाउने गर्दथे । भोजराज घिमिरेको निर्देशनमा यिनले चण्डी, अमरकोश, रुद्री, ज्योतिषशास्त्र तथा भास्वती ग्रन्थको समेत अध्ययन गरेका थिए (शर्मा) ।

तारानाथ शर्माको अनौपचारिक शिक्षाको आरम्भ वैदिक संस्कृतिका पृष्ठभूमिमा संस्कृतका विद्वान् भोजराज घिमिरेबाट भए पनि औपचारिक शिक्षाको आरम्भ भने

फिक्कलको आदर्शचन्द्र माध्यमिक विद्यालयबाट भएको थियो । पिताका माध्यमबाट आदर्शचन्द्र माध्यमिक विद्यालयमा भर्ना भएका तारानाथ शर्माले कुशाग्र बुद्धिका कारण दुई वर्षमा नै पाँच कक्षा उत्तीर्ण गरे (भण्डारी २०३९ : ३) ।

२००७ सालको जनक्रान्तिको लहरले अङ्ग्रेजी पढ्न बाहिर पठाउँदा ब्राह्मणको जात जान्छ भन्ने पिताको धारणामा आमूल परिवर्तन आयो । फलस्वरूप शमार्ले दार्जीलिङमा अध्ययन गर्ने अवसर पाए । दार्जीलिङको सेन्ट अल्फेन्स हाइस्कुलमा कक्षा ९ मा भर्ना भएका तारानाथ शर्माले वि.सं. २००९ मा प्रवेशिका परीक्षा उत्तीर्ण गरे (भण्डारी २०३९ : १)

इलामको बारबोटेबाट औपचारिक शिक्षा आरम्भ गरेका तारानाथ शर्माको उच्च शिक्षाको शुभारम्भ दार्जीलिङबाट भएको थियो । दार्जिलिङको सेन्ट अल्फेन्स हाइस्कुलबाट वि.सं. २००९ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरी सेन्ट जोसेफ कलेज दार्जिलिङमा भर्ना भएका शर्मा वि.सं. २०११ सालमा प्रथम श्रेणीमा आई.ए. उत्तीर्ण भए । यही उच्च अध्ययनका क्रममा वि.सं. २०१३ सालमा काशी हिन्दू विश्वविद्यालय बनारसबाट दोस्रो श्रेणीमा बी.ए. पास भए । उच्च शिक्षा अध्ययन गर्ने क्रममा वि.सं. २०१६ (सन् १९५९) मा काले म्बो प्लानअन्तर्गत पटना विश्वविद्यालयबाट अङ्ग्रेजी साहित्यमा एम.ए. उत्तीर्ण भए । अङ्ग्रेजी साहित्यमा एम.ए. उत्तीर्ण गरेपछि यिनले वि.सं. २०१७ सालदेखि वि.सं. २०२५ सालसम्म काठमाडौं स्थित पद्मकन्या कलेजमा प्राध्यापन गर्न थाले ।

तारानाथ शर्मा पद्मकन्या कलेजको प्राध्यापन कार्य पश्चात 'नेपाली भाषा र अङ्ग्रेजी भाषाको वाक्य गठनको तुलनात्मक अध्ययन' गर्न बेलायत गए । बेलायत बसाइकै क्रममा यिनले 'दोस्रो भाषाका रूपमा अङ्ग्रेजी' विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरे । बेलायतबाट नेपाल फर्केपछि प्राध्यापन कार्यमा सम्लग्न रहेका शर्मा वि.सं. २०३१ फाल्गुण १ गते अमेरिकातर्फ प्रस्थान गरे । अमेरिकामा रहँदा यिनले विस्कान्सिन विश्वविद्यालय, म्याडिसनबाट २०३४ सालमा भाषाविज्ञानमा एम.ए. गरी आधुनिक भाषावैज्ञानिक व्यक्तित्वका रूपमा परिचित भए । अमेरिका बसाइकै क्रममा शर्माले २०३६ साल अर्थात् सन् १९८० मा 'नेपाली सहायक क्रिया' शोधशीर्षकमा पी.एच.डी. गरे भने अमेरिकामै रहँदा दक्षिण एसियाली भाषाहरूको वाक्यगठनको अध्ययन, संस्कृत, फ्रान्सेली र तेलगू भाषाहरूको अध्ययन गर्ने अवसर प्राप्त गरी वि.सं. २०३८ भाद्र महिनाको मध्यतिर स्वदेश फर्के ।

### २.१.४ पारिवारिक अवस्था

#### २.१.४.१ विवाह र सन्तान

तारानाथ शर्माले स्वदेश तथा विदशेमा रहेर उच्च शिक्षा आर्जन गरेपछि जनकपुर अञ्चलको भरतपुर निवासी केशवप्रसाद रेग्मीकी सुपुत्री शान्ता रेग्मीसँग २०२५ माघ २ गते वैवाहिक जीवन शुभारम्भ गरे (शर्मा) । हाल तारानाथ शर्माका दुई छोराहरू अनलनाथ शर्मा (२०२७) र सलिलनाथ शर्मा (२०३०) छन् ।

#### २.१.४.२ आर्थिक अवस्था

तारानाथ शर्मा निम्नवित्त परिवारमा जन्मिएका भए पनि प्रतिष्ठित र जागिरे बाबुको कुशल रेखदेखमा बाल्यकाल वितेको हुनाले यिनलाई आर्थिक विपन्नताले किचेन । पछि पनि एम.ए. को अध्ययन कोलम्बो प्लानअन्तगर्त तथा विशिष्ट अध्ययन पनि यस्तै प्लानअन्तर्गत गरेका हुन् । अमेरिकामा पनि यिनले विभिन्न जागिर खाई अध्ययन कार्यलाई अगाडि बढाएका हुनाले यिनलाई व्यक्तिगत आम्दानीको अभाव भएन । यसरी समयमा नै उच्च शिक्षा हाँसिल गरेका र विशिष्ट व्यक्तित्वका रूपमा परिचित समेत भएकाले उनलाई आफ्नो आर्जनद्वारा पारिवारिक जीवन सञ्चालन गर्न कुनै अप्ठ्यारो स्थितिको सामना गर्नु परेन ( शर्मा) ।

### २.१.५ कार्यक्षेत्रमा प्रवेश

#### २.१.५.१ अध्यापन

तारानाथ शर्मा पटना विश्वविद्यालयबाट एम.ए. उत्तीर्ण गरेर नेपाल फर्के । नेपाल आएपछि अनेक प्रयास गर्दापनि उनले तुरुन्त कुनै काम पाएनन् । जागिर अन्वेषणका धुनमा नै एक वर्ष बितेपछि वि.सं.२०१७ सालमा पद्मकन्या कलजेमा प्राध्यापक बने (शर्मा) ।

२०२५ सालसम्म उक्त कलेजमा कार्यरत रहेको देखिन्छ । यही समयमा भएको विद्यार्थी आन्दोलनमा सुरक्षा कानुनअन्तर्गत २०२२ सालमा जेल समेत परेका थिए । यही जेल बासमा नै यिनले ओझेल पर्दा (२०२२) र मेरो कथा (२०२३) उपन्यास लखेका हुन् । पद्मकन्या कलेजको प्राध्यापन कार्य पश्चात् विशिष्ट अध्ययनका लागि बेलायत र अमेरिकामा विभिन्न पेसामा सम्लग्न रहेका तारानाथ शर्माले २०३८ साल भाद्र महिनाको मध्यतिर नेपाल फर्केपछि पनि अधिकाशं समय अध्यापन कार्यमा नै लगाएका छन् । यस

क्रममा २०३९ सालदेखि २०४२ सालसम्म त्रिभुवन विश्वविद्यालयमा भाषा र साहित्यको प्राध्यापन गरेका छन् । यसैगरी वि.सं.२०५४ देखि वि.सं.२०५६ सम्म साम्भबी स्कुल, बत्तीसपुतली काठमाडौंका प्रिन्सिपल, वि.सं.२०५६ देखि वि.सं.२०५७ सम्म काठमाडौं विश्वविद्यालयका अङ्ग्रेजी विषयका प्राध्यापक, स्पेनको जाउमे आई क्यास्टलोन विश्वविद्यालयमा 'शान्ति र विकास' एम.ए. कार्यक्रमका भिजिटिङ प्रोफेसर तथा काठमाडौं डन बस्को कलेज, नयाँ बानेश्वरका प्रिन्सिपल बनेका तारानाथ शमार्ल वि.सं.२०६३ देखि वि.सं. २०६५ सम्म मिसिगन विश्वविद्यालय, अमेरिकामा भिजिटिङ प्राध्यापकको भूमिका पनि कुशलतापूर्वक निर्वाह गरेका छन् (शर्मा) ।

### २.१.५.२ सम्पादन

### २.१.५.२.१ पत्रपत्रिका

विद्यार्थी जीवनदेखि नै साहित्यतिर रुचि देखाउने तारानाथ शर्माले यसै समयदेखि नै सम्पादकको भूमिका पनि निर्वाह गरेका छन् । स्कुले जीवनमै खर्साङको हाइस्कुलबाट निस्कने हिमध्वनि हस्तलिखित पत्रिकाका लागि एक वर्षको सम्पादक बनेका शर्मा २०४९ देखि २०५१ सालसम्म द राइजिङ नेपालका प्रधान सम्पादक बनेका छन् । यस बाहेक २०१२ सालदेखि २०१४ सालसम्म भाषा र साहित्यसम्बन्धी त्रैमासिक पत्रिका नौलो पाइलोको सम्पादन गर्ने काम गरेका छन् । यसै समयमा बालकृष्ण पोखेलसँग मिलेर यिनले 'झर्रोवादी आन्दोलन' चलाएका हुन् । यस क्रममा वि.सं.२०१४ मा बनारस विश्वविद्यालयबाट निस्कने छात्रा वि.सं.२०२५ मा भारतबाट निस्कने उकालो, वि.सं.२०३९ देखि वि.सं.२०४२ सम्म गरिमा, वि.सं.२०४३ मा स्मारिका वि.सं.२०४४ देखि वि.सं.२०४७ सम्म सामाजिक सेवा आदि पत्रिकाको पनि सम्पादन गरेका छन् ।

### २.१.५.२.२ पुस्तक

विद्यार्थी जीवनदेखि नै पत्रपत्रिकाको सम्पादक बनेका तारानाथ शर्माले पुस्तकहरूको सम्पादन पनि कुशलतापूर्वक गरेका छन् । यस क्रममा बल्दो दियो (२०१२) कथासङ्ग्रह आमाको सपना (२०२०) कवितासङ्ग्रह नासो (२०२०) कथासङ्ग्रह, पच्चीस वर्षका नेपाली निबन्ध (२०३९) निबन्धसङ्ग्रह, म (२०४०) कवितासङ्ग्रह पिस फर प्रोस्पेरिटी (२०४०) लेख सङ्कलन, समसामयिक साझा कविता (२०४०) कवितासङ्ग्रह आदि कृतिहरू सम्पादन गरेका छन् ।

### २.१.५.३ संस्थागत संलग्नता

मानिस सामाजिक प्राणी भएको हुनाले समाज विकासका लागि केही न केही गर्नु उसको कर्तव्य हो । तारानाथ शर्माले पनि विभिन्न संघसंस्थामा रहेर कार्य गरेको देखिन्छ । यिनी सामाजिक र साहित्यिक सङ्गठनका सदस्य, सामाजिक सेवा समन्वय समितिका सम्मानित सदस्य तथा साझा प्रकाशनका महाप्रबन्धक बनेका छन् ।

## २.१.६ भ्रमण

मानिस गतिशील प्राणी भएकाले ऊ सँधै एकै ठाउँमा रहन सक्दैन । तसर्थ ऊ विभिन्न स्थानको भ्रमण गर्न पुग्छ । तारानाथ शर्माले पनि आफ्नो देशका विभिन्न भूभागका साथै अन्य थुप्रै देशको भ्रमण गरेका छन् । अध्ययन तथा अन्य कार्य सम्पादनका क्रममा शर्माले बेलायत, अमेरिका, जापान, चीन, जर्मनी, स्पेन, थाइल्याण्ड, भारत, भ्याटिकन सिटी आदि देशहरूका` भ्रमण गर्ने अवसर पाएका छन् ।

## २.१.७ साहित्यिक क्षेत्रमा प्रवेश

### २.१.७.१ लेखनका लागि प्रेरणा र प्रभाव

तारानाथ शर्माको साहित्य सिर्जना गर्ने उत्प्रेरणा निर्माणमा घरायसी वातावरणले भन्दा बाह्य जीवनमा प्राप्त अनुभवहरूले मुख्य भूमिका निर्वाह गरेको छ । घरायसी वातावरणको पण्डितपन्थी विचारधाराको विकर्षणले उनको मानसिक धरातल निर्माणमा सहयोग पुऱ्याए पनि बाह्य वातावरणले नै यिनको व्यक्तित्व निर्माणमा विशेष भूमिका खेलेको छ (भण्डारी, २०३९) । खासगरी फिक्कलको आदर्शचन्द्र पाठशालाका शिक्षक चन्द्रभक्त कशजुबाट अन्धपरम्परा, राणाशासन तथा कुरीतिहरूको तीव्र घृणा गर्ने भावना जागृत भएपछि शर्मा अप्रत्यक्ष रूपमै भए पनि साहित्यतिर अग्रसर भएको देखिन्छ भने प्रत्यक्ष रूपमा अग्रसर गराउन नारायण तामाङको हात रहेको छ । नारायण तामाङको सम्पर्कले डायरीका पानाहरूमा कविताका टुक्राटाक्रीले भर्ने बानी परेका शर्माले राणाविरोधी चेतनशील युवाहरूले ल्याउने गरेको नेपाल पुकार, युगवाणी आदि पत्रिकाहरू लुकीछिपी पढ्ने अवसले पनि साहित्य सिर्जनामा उत्प्रेरणा थपेका` पाइन्छ ।[द्ड] यसैगरी महानन्द सापकोटा र नरेन्द्र बास्तोलाले कर्फोकको हाइस्कुलमा खोलेको नेपाली भाषा प्रचारक संघ (२००८) नामक संस्थाले २००९ सालमा गरेको बृहत् साहित्य सम्मेलनमा प्रवासी नेपाली त्रिमूर्ति सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला र पारसमणि प्रधान तथा नेपाली त्रिमूर्ति

लेखनाथ पौड्याल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटाले कविता पाठ गरेको सुन्ने अवसर प्राप्त गरपे छि उनीहरूको अभिव्यक्तिबाट उनी प्रभावित भए । यसै समयावधिमा साहित्यका विभिन्न धारासँग परिचित भएकाले शर्मा साहित्यलेखन तर्फ अग्रसर हुन्छन् । विद्यार्थी जीवनमै हिमध्वनि हस्तलिखित पत्रिकाको एक वर्षको सम्पादक बन्ने मौका पाएपछि उनमा दमित अवस्थामा रहेका भावनाका लहरहरूले प्रस्फुटन हुने अवसर पाउँछन् ।

### २.१.७.२ लेखन प्रारम्भ

तारानाथ शर्माले स्कुले जीवनदेखि नै डायरीका पानाहरूमा कविताका टुक्राटत्रु ीले भर्ने, हस्तलिखित पत्रिकाको सम्पादकीय लेख्ने काम गरे तापनि प्रकाशनका दृष्टिले वि.सं. २००८ साल वैशाखको साथी साप्ताहिकमा प्रकाशित 'इलाम' शीर्षक प्रबन्धबाट यिनको साहित्ययात्रा आरम्भ हुन्छ । यसप्रकार साथी पत्रिकामा 'इलाम' शीर्षक प्रबन्ध प्रकाशन गरी साहित्यिक फाटँ मा अवतरण गरेका शर्माको कलम निबन्ध र समालोचना विधामा तीव्र रूपमा दौडिएको छ भने उपन्यास, भाषा, कथा, कविता विधामा पनि गतिशील छ (शर्मा, २०३९ : २२२) ।

### २.१.७.३ प्रकाशित पुस्तकाकार कृतिहरू

वि.सं. २००८ सालको साथी पत्रिकामा 'इलाम' शीर्षक प्रबन्ध प्रकाशन गरी साहित्ययात्रा आरम्भ गर्ने शर्माका करिब १४०० भन्दा बढी लेखहरू प्रकाशन हुनुका साथै साहित्य, भाषा तथा सामाजिक क्षेत्रका विभिन्न परु तकहरू प्रकाशन गरेका छन् । यी विविध विधामा ख्याति कमाएका शर्माका प्रकाशित पुस्तकाकार कृतिहरूको सूची यसप्रकार छ ( शर्मा, २०३९ : २२२) ।

#### २.१.७.३.१ निबन्ध सङ्ग्रह

(क) नमस्ते (२०१८)

(ख) जमर्काहरू (२०२५)

(ग) बेलायततिर बरालिंदा (२०२६)

(घ) जीवनका छाल (२०३०)

(ङ) पाताल प्रवास (२०४२)

(च) श्रद्धाका सुमन (२०४४)

(छ) आँसु छचल्किँदै जान्छ (२०५६)

(ज) नसुनिएका ध्वनि (२०६१)

### २.१.७.३.२ समालोचना

(क) घोत्ल्याइँहरू (२०२१)

(ख) पश्चिमका केही महान साहित्यकार (२०२६)

(ग) नेपाली साहित्यको इतिहास (२०२७)

(घ) भानुभक्तदेखि तेस्रो आयामसम्म (२०२७)

(ङ) सम र समका कृति (२०२९)

(च) नेपाली साहित्यको ऐतिहासिक परिचय (२०२९)

(छ) सुम्पन ल्याएँ (२०४४)

### २.१.७.३.३ उपन्यास

(क) ओझेल पर्दा (२०२२)

(ख) मेरो कथा (२०२३)

(ग) सुली (२०३०)

(घ) झझल्को (२०४५)

(ङ) नेपालदेखि अमेरिकासम्म (२०४९)

### २.१.७.३.४ कथासङ्ग्रह

(क) दुई पोका चुरा (२०२६)

### २.१.७.३.५ भाषा

(क) इन्टरमिडियट नेपाली रिडर (२०३७)

(ख) इन्टरमिडियट नेपाली स्ट्रक्चर (२०३७)

(ग) महेन्द्रमाला (२०४०) माध्यमिक तहको नेपाली पाठ्यपुस्तक

(घ) हाम्रो नेपाली व्याकरण भाग-१ (२०५०)

(ङ) हाम्रो नेपाली व्याकरण भाग-२ (२०५१)

(च) सजिलो नेपाली (२०५२)

(छ) अनिवार्य नेपाली (२०५३)

(ज) युवा व्याकरण (२०६०)

(झ) विगिनिङ नेपाली

### २.१.७.३.६ सामाजिक सेवाका पुस्तकहरू

(क) श्री ५ र पञ्चायत (२०४३)

(ख) द क्राउन एन्ड द पञ्चायत डेमोक्रेसी इन नेपाल (२०४४)

(ग) श्री ५ बडामहारानी सरकार र नेपाली सेवा (२०४५)

(घ) टु द बेटलफिल्ड अन द इलेफेन्ट : कोलुम्स अफ फायर (२०५२)

### २.१.७.३.७ अनुदित पुस्तकहरू

(क) लिरिकल पोएम्स बाई चाँदनी शाह, हर मेजस्टी क्विन (२०४३)

(ख) सुमिदा नदी र अरू कथाहरू (२०४६)

(ग) नासो (२०४८)

(घ) जापानी बुद्धधर्मको गायन (२०५३)

(ङ) रुट्स (२०५५)

(च) मोर्डन नेपाली पोएमस् बाई फिफ्टिन पोएट (२०५६)

(छ) सिनिक स्पोटस् इन इस्टर्न नेपाल (२०५६)

(ज) क्याट्रोलोजी, अ बुक अन क्यारेक्टर साइन्स (२०५९)

यी विविध क्षेत्र एवम् विधाका पुस्तकहरू बाहेक विभिन्न विषयका ६४ वटा अरू पुस्तकहरू पनि लेखेका छन् (शर्मा, २०३९ : २२२) ।

### २.१.८ सम्मान तथा पुरस्कार

कुनै पनि व्यक्तिलाई प्रोत्साहन वा हौसला दिनका लागि सम्मान गर्नुपर्छ । सम्मान पाएमा मात्र ऊ आफ्नो कार्यमा दत्तचित्त भएर लाग्दछ । तारानाथ शर्मालाई पनि साहित्यिक एवं साहित्येतर क्रियाकलापमा संलग्न भएवापत विभिन्न पुरस्कार प्रदान गरिएको छ । यस क्रममा शर्माले विद्यालय तहमा हुने अतिरिक्त क्रियाकलापमा प्रथम भएबापत प्राप्त पुरस्कारका साथै विशिष्ट साहित्य सिर्जना गरेबापत प्राप्त पुरस्कारले पुष्टि गर्छ । यसै सिलसिलामा 'फेरि उसैका लागि हेर्दा' (२०२६) लेख रत्नश्री पत्रिकामा प्रकाशित भएपछि यिनको प्रतिभा र सिर्जना क्षमतालाई सम्मान गर्दै रत्नश्री स्वर्ण पदक ले विभूषित गरिएको छ । यसैगरी बेलायततिर बरालिंदा यात्रा संस्मरणात्मक निबन्धसङ्ग्रहका लागि मदन पुरस्कार (२०२६) बाट सम्मानित भएका छन् । यस्तै वैयक्तिक समालोचना सम र समका कृति (२०२९) पुस्तकका लागि साझा पुरस्कार पी.एच्.डी. उपाधि प्राप्त गरेबापत महेन्द्र विद्याभूषण-क (२०३८) बाट सम्मानित भएका छन् । यसै क्रममा २०४० सालमा माध्यमिक तहका विद्यार्थीका लागि भाषासम्बन्धी सर्वोत्कृष्ट पुस्तक लखेबाट शिक्षामन्त्रालयबाट प्रदान गरिएको विशेष पुरस्कार, तत्कालीन बडामहारानीबाट प्रदान गरिएको प्रकोप उद्धार पदक-२०४६, कला र साहित्यका लागि इतिहास शिरोमणि बाबुराम आचार्य पुरस्कार, आँसु छचल्किँदै जान्छका लागि सर्वोत्तम हस्तलिखित पुरस्कारबाट सम्मानित भएका छन् । यसैगरी पूर्वी नेपालका सबैभन्दा राम्रा साहित्यिक व्यक्तित्व भएकाले पूर्वाञ्चल सहकारी वाणी पुरस्कार-२०५७ पूर्वेली परिवार इलामबाट २०५७ मा प्रदान गरिएको राष्ट्रिय प्रतिभा पुरस्कार, स्ट्याटोडाइनामिक सम्मेलन केन्द्रद्वारा प्रदान गरिएको विशुद्ध स्ट्याटो डाइनामिक पुरस्कार-२०५८, वि.सं. २०५९ सालमा विशिष्ट रथारोहण मार्फत कलैया नगर परिक्रमा गराइ राष्ट्रिय लेखकका रूपमा सम्मान आदि सम्मान तथा पुरस्कार प्राप्त गरेका छन् (शर्मा, २०३९ : २२२) ।

### २.१.९ जीवनदर्शन

तारानाथ शर्मा बाल्यावस्थादेखि नै अन्धविश्वास, कुरीति एवम् रुढिवादी परम्पराको विरोध गर्दथे । शर्मामा यस्तो धारणाको विकासमा घरायसी वातावरणभन्दा बाह्य परिवेशले महत्त्वपूर्ण भूमिका खेलेको छ । यिनमा आएको यस्तो विचारधारामा २००७ सालको जनक्रान्तिको लहरले झन मलजल प्रदान गऱ्यो । यही परम्परागत धारणाभन्दा भिन्न

दृष्टिकोण अपनाएकाले नै शर्मा दार्जिलिङमा अङ्ग्रेजी पढ्न जान सफल भए । उमेरको परिपक्वतासँगै मार्क्सवादी विचारधारा अवलम्बन गर्न पुगेका तारानाथ शर्माले पूर्ण निष्ठाका साथ यस दशर्न लाई अपनाएको भने पाइदैन । फलस्वरूप यिनको वैचारिक दृष्टिकोण ढुलमुलको अवस्थामा अगाडि बढिरहेको छ (शर्मा, २०३९ : २२२) ।

## २.२ तारानाथ शर्माको व्यक्तित्व

### २.२.१ पृष्ठभूमि


कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक वातावरणका साथै समकालीन साथीहरूको सङ्गतले उल्लेखनीय भूमिका खेलेको हुन्छ । त्यस्तै उसमा रहेको सिर्जनशील प्रतिभा, चिन्तन, मनन तथा उच्च आकांक्षाले पनि गम्भीर प्रभाव पारेको हुन्छ । तारानाथ शर्माको व्यक्तित्व विकासमा पनि नेपालका वरिष्ठ व्यक्तिहरू, शिक्षक तथा साथीभाइहरूको सङ्गतले महत्त्वपूर्ण भूमिका खेलेको छ । यसबाट प्रभावित तारानाथ शर्माका साहित्यकार, प्राध्यापक, भाषावैज्ञानिक आदि सबै व्यक्तित्वका पाटाहरू अनुकरणीय छन् (शर्मा, २०३९) ।

### २.२.२ शारीरिक व्यक्तित्व

तारानाथ शर्माको शारीरिक व्यक्तित्वलाई हेर्दा यिनी मझौला कदका देखिन्छन् । ठूलो निधार तथा गोलो अनुहारका शर्मा राता वर्णका छन् । फुलेको कपाल, अनुहारमा केही दाग भएका शर्मालाई झट्ट हेर्दा अलि कठोर जस्ता देखिए पनि यिनी यथार्थमा साना र ठूला जस्ता खालका मान्छेसित पनि उत्तिकै मिलनसार व्यवहार गर्दछन् । खरो, खस्रो एवम् ओजस्वी व्यक्तित्वका धनी शर्माको अभिव्यक्तिमा निक्खरता पाइन्छ । आफ्ना जीवनका ७५ हिउँद पार गरिसकेका शर्माको फुर्तिलो र जाँगरिलो स्वभावकै कारण जीवनका उत्तरार्द्ध समयमा पनि साहित्य साधनामा क्रियाशील छन् ।

### २.२.३ व्यक्तित्वका विभिन्न पाटा

जीवनभरि आफ्नो कार्यमा लगनशीलताका साथ सक्रिय रहको तारानाथ शर्माको व्यक्तित्व उनले साहित्यिक र प्राध्यापन क्षेत्रमा निर्वाह गरेको भूमिका र योगदानका कारण बहुआयामिक बन्न पुगेको छ । यिनको व्यक्तित्वका बहुआयामिक पाटाहरूलाई निम्नानुसार विभाजन गर्न सकिन्छ ।




### २.२.३.१ साहित्यिक व्यक्तित्व

### २.२.३.१.१ समालोचक व्यक्तित्व

तारानाथ शर्माको समालोचक व्यक्तित्व घोत्ल्याइँहरू (२०२१) समालोचना कृतिबाट शुभारम्भ भएको हो । यसबाट आरम्भ भएको यिनको समालोचना यात्रामा पश्चिमका केही महान साहित्यकार (२०२६), नेपाली साहित्यको इतिहास (२०२६), भानुभक्तदेखि तेस्रो आयामसम्म (२०२७), सम र समका कृति (२०३०), नेपाली साहित्यको ऐतिहासिक परिचय (२०२९), सुम्पन ल्याएँ (२०४४) आदि पुस्तकाकार कृति र अन्य विभिन्न पत्रिकामा थुप्रै समालोचनात्मक लेखहरू छरिएर रहेका छन् । आफ्ना समालोचनाहरूलाई फटाहाहरूलाई लाटो पारून्जेल पोल्ने सिस्नु हो (प्रधान, २०५२ : ५००) भन्ने शर्मा समीक्षा शक्तिलाई निर्भीकतापूर्वक प्रष्ट शब्दमा राख्दछन् । समालाचे कीय व्यक्तित्वका आरम्भमा प्रगतिवादी चिन्तनबाट निर्देशित भए पनि पछि उनमा आएको सैद्धान्तिक विचलनका कारण प्रभाववादी बन्न पुगेका छन् । सरल र आकर्षक शैलीमा ऐतिहासिक तथा कालक्रमिक विशेषतालाई निरूपण गरी आलोचनात्मक यथार्थवादी दृष्टिकोण प्रक्षेपण गर्नु यिनको समालोचकीय व्यक्तित्वको सबल पक्ष हो । यति हुँदाहुँदै पनि सामान्य योगदान भएका व्यक्तिलाई धुरीमा चढाउनु र विशेष साधना गरेका प्रतिभालाई स्थापित स्थानबाट पछार्नु तारानाथ शर्माको समालोचकीय व्यक्तित्वको ऋणात्मक पक्ष हो (शर्मा, २०३९ : ५९) ।

### २.२.३.१.२ निबन्धकार व्यक्तित्व

वि.सं. २००८ सालको वैशाख महिनाको साथी पत्रिकामा 'इलाम' शीर्षक प्रबन्ध प्रकाशन गरेर साहित्ययात्रा आरम्भ गर्ने शर्माको निबन्धकार व्यक्तित्व विशिष्ट किसिमको छ । साहित्य सिर्जनामा अन्य विधाका तुलनामा उर्वर रहेको यिनको निबन्धकार व्यक्तित्व नमस्ते (२०१८), जमर्काहरू (२०२५), बेलायततिर बरालिंदा (२०२६), जीवनका छाल (२०३०), पाताल प्रवास (२०४२), श्रद्धाका सुमन (२०४४), आँसु छचल्किंदै जान्छ (२०५६), नसुनिएका ध्वनि (२०६१) आदि आठ निबन्ध सङ्ग्रह र अन्य विभिन्न पत्रपत्रिकामा छरिएर रहके । निबन्धहरूमा प्रस्फुटन भएको छ । यिनी जीवनका तीता मीठा अनुभवहरूलाई कलात्मक पाराले आफ्ना निबन्धहरूमा अभिव्यक्त गर्दछन् । नेपाली जनजीवनप्रति अगाध आस्था राख्दै धार्मिक, सामाजिक, सांस्कृतिक विकृति तथा पुराना अन्ध परम्परालाई पन्छाउँदै नयाँ समाजको स्थापना गर्नु यिनको निबन्धकार व्यक्तित्वको प्रमुख अभिलक्षण हो । मिठासपूर्ण भाषामा झर्रा नेपाली शब्दहरूको प्रयोग गरी आफ्ना अनुभूतिलाई अरूका अनुभूतिमा सार्न सफल तारानाथ शर्माको निबन्धकार व्यक्तित्व यात्रा निबन्धका क्षेत्रमा हालसम्म विशिष्ट रहेको छ ।

### २.२.३.१.३ उपन्यासकार व्यक्तित्व

तारानाथ शर्माको उपन्यासकार व्यक्तित्व वि.सं. २०२२ को जेलबासबाट आरम्भ भएको हो (भण्डारी, २०३९ : १६) । शर्माले आफ्नो तीन महिने कारावास जीवनमा भोगेका अनुभव र त्यहा ँ भित्रका क्रियाकलापहरूलाई समेटेर ओझेल पर्दा (२०२२) र मेरोकथा (२०२३) उपन्यास लेखेका छन् भने यिनको तेस्रो उपन्यास सुली (२०३०) काठमाडौंको परिवेशमा लेखिएको आलोचनात्मक यथार्थवादी उपन्यास हो । त्यस्तै यिनको चौथो उपन्यास झझल्को (२०४५) र पाँचौं उपन्यास नेपालदेखि अमेरिकासम्म (२०४९) मा पनि यथार्थ धरातलमा उभिएर समाजमा व्याप्त अन्ध परम्परा, अन्याय, अत्याचार, धार्मिक आडम्बर आदिको भण्डारफोर गरी स्वस्थ समाज निर्माणको चाहना राखिएको छ । ग्रामीण र सहरी दुवै परिवेशको जीवन्त चित्रण गरिएका यिनका उपन्यासमा नेपाली समाजको यथार्थ चित्रण गरिएको छ । समाजमा रहेका अन्ध परम्परा, थिचोमिचो, अन्धविश्वास आदिको अन्त्य हुनुपर्छ भन्ने अभिव्यक्ति दिनु उपन्यासकार तारानाथ शर्माको प्रमुख विशिष्टता हो ।

### २.२.३.१.४ कथाकार व्यक्तित्व

तारानाथ शर्माको कथाकार व्यक्तित्व दुई पोका चुरा (२०२६) कथासङ्ग्रह र अन्य विभिन्न पत्रिकामा रहेका कथाहरूमा प्रस्फुटन भएको छ (भण्डारी, २०३९ : १६) । सामाजिक विषयवस्तु वरण गरी लेखिएका शर्माका कथामा परम्परित कुप्रथाको विरोध गरिएको छ । नेपाली समाजमा व्याप्त सामाजिक- आर्थिक शोषण, सामन्त वर्गको व्यभिचारी वृत्तिको भण्डाफोर गर्दै आडम्बरी आदर्शलाई उदाङ्गो पारेर पाठक सामु राखी स्वस्थ समाज निर्माणको चाहना गर्नु तारानाथ शर्माको कथाकार व्यक्तित्वको प्रमुख अभिलक्षण हो ।

### २.२.३.१.५ कवि व्यक्तित्व

तारानाथ शर्माको कवि व्यक्तित्व २००९ सालमा भारती पत्रिकामा प्रकाशित पद्लेलिकाबाट आरम्भ भएको हो (शर्मा, २०३९) । वि.सं. २००९ मंसिर अङ्कमा प्रकाशित माधवप्रसाद शास्त्रीको प्रहेलिकाको उत्तरकारूपमा माघ महिनाको अङ्कमा प्रकाशित एक श्लोके पद्यबाट आरम्भ भएको शर्माको कवि व्यक्तित्व सङ्ग्रहका रूपमा भन्दा फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर अभिव्यक्ति भएको छ । सरल एवम् स्पष्ट शैलीमा पद्य कविताबाट कवितायात्रा आरम्भ गर्ने शर्माले धेरैजसो गद्य कविता नै रचेका छन् । देशको उन्नतिका लागि क्रान्ति गर्नुपर्छ भन्ने भावना टड्कारो रूपमा देखिने शर्माका कवितामा नेपाली जनजीवन प्रतिको अगाध स्नेह मुखरित भएको छ ।

### २.२.३.१.६ सम्पादक व्यक्तित्व

विद्यार्थी जीवनदेखि नै साहित्यतिर अग्रसर भएका तारानाथ शर्माले यही समयदेखि नै सम्पादकको भूमिका पनि निर्वाह गरेका छन् । खर्साङको हाइस्कुलबाट निस्कने हिमध्वनि हस्तलिखित पत्रिकाको एक वर्षको सम्पादन गरेपछि आरम्भ भएको (भण्डारी, २०३९ : ८) । यिनको सम्पादक व्यक्तित्व पत्रपत्रिका र पुस्तक सम्पादनमा विभाजन भएको छ । पत्रिकाका क्षेत्रमा द राइजिङ नेपाल  (२०४९-२०५१) का प्रधान सम्पादक बनेका शर्माले नौलो पाइलो (२०१२-२०१४), छात्रा (२०१४), उकालो (२०२५), गरिमा (२०३९-२०४२), स्मारिका ( २०४३), सामाजिक सेवा (२०४४-२०४७), आदिको कुशलतापूर्वक सम्पादन गरेका छन् । साथै बल्दो दियो (२०१२) कथासङ्ग्रह, आमाको सपना (२०२०) कवितासङ्ग्रह नासो ( २०२०) कथासङ्ग्रह पच्चीस वर्षका नेपाली निबन्ध (२०२९), निबन्ध सङ्ग्रह म (२०४०) कवितासङ्ग्रह, पिस फर प्रोस्पेरिटी लेखसङ्कलन, समसामयिक नेपाली कविता (२०४०), कवितासङ्ग्रह आदि पुस्तकहरूको सम्पादन गरेका छन् (शर्मा) ।

### २.२.३.२ साहित्येत्तर व्यक्तित्व

#### २.२.३.२.१ प्राध्यापक व्यक्तित्व

पटना विश्वविद्यालयबाट अङ्ग्रेजी विषयमा एम.ए. गरेर फर्किएपछि २०१७ सालदेखि तारानाथ शर्माको प्राध्यापक व्यक्तित्वको थालनी भएको हो । वि.सं. २०१७ सालदेखि वि.सं.२०२५ सालसम्म पद्मकन्या कलेजमा अङ्ग्रेजी विषयका प्राध्यापक बनेका शर्माको प्राध्यापन कार्य करिब एक डेढ वर्षको बेलायत बसाइले बीचैमा रोकिन्छ । बेलायतबाट फर्केपछि वि.सं. २०२६ देखि वि.सं. २०३० सम्म सरस्वती कलेजमा प्राध्यापक बनेका शर्माले यसै अवधिमा पाटन र त्रिचन्द्र कलेजमा पनि आंशिक समय प्राध्यापन गरेका छन् । यस क्रममा वि.सं. २०३९ सालदेखि वि.सं. २०४२ सालसम्म त्रिभुवन विश्वविद्यालयमा भाषा र साहित्यका प्राध्यापक, वि.सं. २०५६ सालदेखि वि.सं. २०५७ सालसम्म काठमाडौं विश्वविद्यालयका अङ्ग्रेजी विषयका प्राध्यापक, स्पेनको जाउमे आई क्यास्टलोन विश्वविद्यालयमा 'शान्ति र विकास' एम.ए. कार्यक्रमका भिजिटिङ प्रोफेसर, मिसिगन विश्वविद्यालय अमेरिकाका भिजिटिङ प्रोफेसर भई आफ्नो प्राध्यापन पेसालाई अगाडि बढाएका शर्माले विभिन्न कलेजमा प्रिन्सिपलको भूमिका पनि कशु लतापूर्वक निभाएका छन् । उपदेशमूलकभन्दा सम्बन्धित विषयको जरासम्म उधिनेर सबै स्तरका विद्यार्थीलाई उत्तिकै रुचि उब्जाउन सक्नु प्राध्यापक तारानाथ शर्माको प्रमुख विशेषता हो । त्यस्तै अङ्ग्रेजी साहित्यबाट प्राध्यापन पेशा आरम्भ गरे पनि नेपाली भाषा र साहित्यका क्षेत्रमा पनि गहन योगदान दिनु शर्माको प्राध्यापक व्यक्तित्वको प्रमुख विशेषता हो ।

#### २.२.३.२.२ भाषावैज्ञानिक व्यक्तित्व

विद्यार्थी जीवनमा बनारसमा रहँदादेखि नै भाषाप्रति आकृष्ट भएका शर्माले बालकृष्ण पोखेलसँग मिलेर वि.सं. २०१३ सालमा 'झर्रोवादी आन्दोलन' चलाएका छन् (भण्डारी, २०३९) । यस समयमा लेखिएका यिनका भाषासम्बन्धी लेखहरूले यिनको भाषावैज्ञानिक व्यक्तित्वको परिचय दिन्छ । त्यस्तै बेलायत र अमेरिकामा भाषासम्बन्धी अध्ययन गर्ने अवसर प्राप्त गरेका शर्माले इन्टरमिडियट नेपाली रिडर (२०३७), इन्टरमिडियट नेपाली स्ट्रक्चर (२०३६), हाम्रो नेपाली व्याकरण भाग-१ (२०५०), हाम्रो नेपाली व्याकरण, भाग-२ ( २०५१), सजिलो नेपाली (२०५२), अनिवार्य नेपाली (२०५३), युवा व्याकरण (२०६०), बिगिनिङ नेपाली जस्ता भाषासम्बन्धी पुस्तकहरू प्रकाशन गरी भाषावैज्ञानिक व्यक्तित्वका रूपमा स्थापित भएका छन् (शर्मा, २०३९) ।

### २.२.४ जीवनी र व्यक्तित्वबीच अन्तरसम्बन्ध

तारानाथ शर्माको जन्म नेपालको पूर्वी पहाडी जिल्ला इलाममा भएको हो । निम्नमध्यम वर्गीय परिवारमा जन्मिएका तारानाथ शर्माले इलाम जिल्लाबाट औपचारिक अध्ययन सुरु गरी दार्जिलिङ बनारस र बेलायत हुँदै अमेरिकाबाट पूरा गरेका हुन् । विद्यार्थी जीवनदेखि नै हस्तलिखित पत्रिकाको सम्पादकीय लेख्ने शर्माले साहित्यका निबन्ध, समालोचना, उपन्यास, कथा, कविता आदि विधामा कलम चलाएका छन् ।

प्राध्यापन पेसालाई आफ्नो जीवनको मूल कार्यक्षेत्रका रूपमा अपनाएका शर्मा आफूले अपनाएको पेसाप्रति लगनशील भएर कार्य गर्नुपर्छ भन्ने मान्यता राख्दछन् । ग्रामीण परिवेशमा हुर्किएका शर्मा तत्कालीन सामाजिक परिवेश, थिचोमिचो, युवा वर्गमा व्याप्त पलायनमुखी वृत्ति, धार्मिक आडम्बर, कुसंस्कार आदिको कुशल अभिव्यक्ति दिन्छन् । यही नै उनको जीवनी र व्यक्तित्वलाई अन्तर्सम्बन्धित बनाउने मूलभूत पाटाहरू हुन् ।

*

# तेस्रो परिच्छेद

# उपन्यासको सैद्धान्तिक परिचय

## ३.१ उपन्यासको सङ्क्षिप्त परिचय

'उपन्यास' शब्दले सङ्केत गर्न सक्ने रचनाविशेषका स्वरूपहरू र तिनका लक्षणहरू देखिने रचनाहरू अठारौं शताब्दीभन्दा पहिलै नै देखापरेका छन् । पूर्वीय साहित्यको इतिहास हेर्दा संस्कृत, प्राकृत र अपभ्रंश कालपछि आधुनिक भाषाहरूमा साहित्यसिर्जना हुन थालेपछि मात्र उपन्यासको आधुनिकस्वरूपको विकास हुन थालेको पाइन्छ । त्यसैले आधुनिक मान्यताका आधारमा उन्नाइसौं शताब्दीभन्दा पहिले पूर्वीय साहित्यमा उपन्यास लेखन कार्य शून्य जस्तै रहेको छ । पाश्चात्य साहित्यमा उपन्यास लेखनको प्रारम्भ अठारौं शताब्दीमा मात्र भएको पाइन्छ । यसरी हेर्दा अन्य विधाका तुलनामा उपन्यासलेखनपरम्पराको अवधि त्यति धेरै छैन तर पूर्वपश्चिम दुवैतिर उपन्यास लेखिनु पूर्वका आख्यानबहुल रचनाहरूमा भने उपन्यासका तत्वहरू विकीर्ण अवस्थामा रहेको पाइन्छ ।

## ३.२ उपन्यास शब्दको बनावट

उप+नि+अस्+घञ् (अ) बाट उपन्यास शब्दको व्युत्पादन हुन्छ । सामान्यतः उपन्यास शब्दको अर्थ 'नजिकमा राख्नु' भन्ने हुन्छ । पूर्वीय साहित्यमा 'उत्पत्ति कृतो ह्यर्थ उपन्यास प्रकीर्तितः' भनेर कुशलपूर्ण अर्थ प्रकट गर्ने प्रक्रिया विशेष नै उपन्यास हो भन्ने गरिएको  पाइन्छ । पाश्चात्य साहित्यमा उपन्यासलाई बुझाउन प्रयोग हुने नोवेल (ल्यखभा) शब्दको अर्थ नोवेलस (Novallows) वा नोभेल्ला (Novella) रहेको पाइन्छ । यसको सामान्य  अर्थ समाचारलाई सङ्केत गर्ने अथवा घटनालाई समाचारका रूपमा सम्प्रेरित गर्नु भन्ने रहेको छ । जसको सामान्य अर्थ घटनालाई समाचारका रूपमा सम्प्रेषित गर्ने (प्रधान, २०५३ : १५) भन्ने हुन्थ्यो तर आज आएर उपन्यासको अर्थगत उपयोगिता अर्कै भएको छ । घटना, वस्तु, पात्र, परिवेश, कुतूहलता, द्वन्द्व, प्रस्तुति विशेष समेतको आख्यानात्मक प्रतिपादनलाई उपन्यास भन्ने अर्थ दिन थालिएको छ (सुवेदी, २०६४ : ५) । वर्तमान सन्दर्भमा गद्यात्मक आख्यानको जीवनसापेक्ष प्रस्तुतिका रूपमा उपन्यासलाई बुझ्न सकिन्छ । उपन्यास जीवनको पूर्णकदको तस्बिर हो अझ कलात्मक प्रस्तुतिमा आउने हुनाले जीवनभन्दा बढ्ता साझा जीवनको प्रतिच्छाया हो (राय; ई. १९७३ : ४) । अन्य विधाका तुलनामा उपन्यासको कलाकारिता केही मात्रामा भएको पाइन्छ ।

## ३.३ उपन्यासको परिभाषा

उपन्यास आधुनिक साहित्यमा यो एक नयाँ विधाका रुपमा स्थापित भएको छ । उपन्यास शब्द नेपाली भाषाले मातृभाषा संस्कृतबाट ग्रहण गरेपनि खास यो विधा पाश्चात्य साहित्यको देन हो । प्राचीन समयमा उपन्यासले कथा, कहानी खिस्सा, टिप्पणीमूलक समाचार जे जस्ता अर्थ बहन गरेपनि आधुनिक साहित्यमा यसको छुट्टै अर्थ र महत्व रहेको छ । उपन्यासलाई पश्मिमा तथा पूर्वीय विद्वानहरुले आ-आफ्नै ढंगले परिभाषित गर्न खोजेका छन् । यहाँ केही शब्दकोश स्वदेशी तथा विदेशी विद्वानहरुले गरेका केही परिभाषाहरुलाई तल उल्लेख गरिएको छ ।

### ३.३.१ शब्दकोशहरुले दिएका परिभाषा

उपन्यासको परिभाषा गर्ने क्रममा विभिन्न किसिमका शब्दकोशले दिइएको परिभाषालाई यहाँ प्रस्तुत गरिएको छ :-

१. नेपाली साहित्यकोष "उपन्यास गद्यमा रचिएको दीर्घ कलेवर भएको कथात्मक साहित्यको रुप हो" (वस्नेत २०६३ : १४)
२. हिन्दी शब्दकोश "उपन्यास त्यो हो, जसमा काल्पनिक तथा धेरै लामो कथा, धेरै पात्रहरु र तिनका जीवनका विविध पक्षको चित्रण हुन्छ ।" (बस्नेत २०६३ : १४)
३. नेपाली शब्दसागर "उपन्यास काल्पनिक पात्रको जीवनको हरेक अङ्कमा विस्तृत जानकारी प्रस्तुत गर्ने गद्य कथा हो ।" (वस्नेत, २०६३ : १५)

माथि उल्लेखित शब्दकोषीय परिभाषा अनुसार उपन्यास जीवन जगतको सर्वाङ्ग पक्षको चित्रण गर्ने आख्यानात्मक साहित्य हो । यसको कलेवर महाकाव्यको समकक्षी हुन्छ । यो गद्यमा लेखिन्छ । काल्पनिक पात्रहरु रहन्छन् । उपन्यास वृहत काल्पनिक पात्रहरु प्रयोग गरी रचना गरिएको गद्य रचना हो ।

### ३.३.२ विभिन्न विदेशी तथा श्वदेशी विद्वानका परिभाषा

केही विदेशी तथा श्वदेशी विद्वानहरुको परिभाषालाई यहाँ प्रस्तुत गरिएको छ :-

१. नेपाली समालोचक महोनराज शर्मा

"विश्व साहित्य र नेपाली साहित्यमा पनि उपन्यास मुक्त, विराट उर्वर, विशिष्ठ, आख्यान विधाका रुपमा हुर्केको छ । यो अत्याधिक प्रयोग बेहोरने विधा भएकोले यसमा स्वैरकल्पनाको पनि प्रचुर भएको देखिन्छ । (वस्नेत:२०६३: १६)

### ३.३.३ भारतीय विद्वानका परिभाषा

"म उपन्यासलाई मानव चरित्रको चित्र मात्र सम्झन्छु । मानव चरित्रमाथि प्रकास पार्नु अनि त्यसको रहस्यलाई खोल्नु नै उपन्यासको मूल उद्देय हो" (बस्नेत, २०६३ : १६) ।

३. विश्वनाथ

"उपन्यास भनेको कसैलाई प्रसन्न गराउनु हो" (बस्नेत, २०६३ : १६) ।

४. हेनरी फिल्डिङ्ग

"उपन्यास गद्यमा लेखिएको सुखान्त महाकाव्य हो" (बस्नेत, २०६३ : १६) ।

५. समालोचक राजेन्द्र सुवेदी

"पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ" (बस्नेत २०६३ : १६)

निष्कर्षमा के भन्न सकिन्छ भने उपन्यास एक गद्यस्थान हो । जसमा घटना-चरित्र र परिवेश हुन्छ । काव्य हुन्छ, पाठकको मनमा कौतुहलता सृजना गर्दछ । यसरी उपन्यासलाई गद्यमा लेखिने दीर्घ आयाम भएको जीवन र जगतको सम्पूर्णतालाई चित्रण गर्ने लचिलो कलापूर्ण आख्यानात्मक साहित्य विधा उपन्यास हो भन्न सकिन्छ ।

## ३.४ उपन्यासका तत्वहरू

उपन्यासका तत्वहरू केकति रहेका हुन्छन् भन्ने बारेमा विद्वान्हरूको एकमत देखिँदैन । कृष्णचन्द्रसिंह प्रधानले कथानक, चरित्र, कथोपकथन शैली, भाषा, उद्देश्य र वातावरणलाई उपन्यासका आधारभूत तत्व भनी निर्धारण गरेका छन् (प्रधान, २०६१ : ७) । त्यस्तै राजेन्द्र सुवेदीले कथानक, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश, विचार र कौतुहल भनी निर्धारण गरेका छन् (सुवेदी, २०५३ : १२) । ऋषिराज बरालले कथानक, चरित्रहरू, सारतत्व, दृष्टिबिन्दु, भाषाशैली र कार्यपीठिकालाई उपन्यासका तत्व मानेका छन् । कृष्णहरि बराल र नेत्र एटमले कथानक, चरित्र र चरित्रचित्रण, पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब तथा गति र लय भनी निर्धारण गरेका छन् (बराल र अन्य, २०५६ : २२) । यी विभिन्न उपन्यासका तत्वहरूबाट मुख्य तत्वहरू निम्नानुसार निर्धारण गर्न सकिन्छ :

### ३.४.१ कथानक

घटनाको व्यवस्थित विन्यास कथानक हो । यो उपन्यासको महत्वपूर्ण तत्व हो । यसलाई कार्यकारणको तारतम्यपूर्ण सूत्रबद्धस्वरूप अथवा घटनाहरूको सङ्गठन भन्न सकिन्छ  जसको जम्माजम्मीमा उपन्यासको आकृति खडा हुन्छ (प्रधान, २०६१ : ७) । कथानकको भूमिका चरित्रप्रधान उपन्यासमा कम जस्तो लागे पनि घटनाप्रधान उपन्यासमा त अत्यधिक रहन्छ । कथानकमा पात्र तथा घटनाहरू रोचक तथा रहस्यमय ढङ्गले एकअर्कालाई गाँस्दै अगाडि बढ्दछन् । यसमा घटनाहरू कथात्मक रूपमा स्विटर उदारेझैँ सरर नभनेर एकअर्कासँग सम्बन्धित तुल्याउँदै घटनासँग कारण जोड्ने हुनाले यसले पाठकमा पर्ने जिज्ञासालाई शान्त गर्दै लैजान्छ । कथानकलाई अगाडि बढाउन पात्रहरूबीच हुने स्वाभाविक खालका बाह्य तथा आन्तरिक द्वन्द्व र क्रियाकलापले भूमिका खेल्छन् । उपन्यास लेखनका क्रममा लेखकले कुनै न कुनै स्रोतबाट कथानक लिएको हुन्छ । यस्ता स्रोतहरू सामान्यतः इतिहास, यथार्थमूलक अनुभव, मिथक, रागात्मक सौन्दर्य र स्वैरकल्पना हुन सक्छन् (बराल र अन्य, २०५६ : २५) । सुरुदेखि अन्त्यसम्म कथाले मूलतः पाँचवटा तह पार गर्दछ जसलाई कथानकको आङ्गिक विकास भनिन्छ । ती आरम्भ, सङ्घर्षविकास, चरम, सङ्घर्षह्रास र उपसंहार हुन् ।

### ३.४.२ चरित्र चित्रण

चरित्र उपन्यासको अर्को अभिन्न अङ्ग हो जसले कथानकलाई बोकेर अगाडि बढ्दछ । यसलाई पात्र, भोक्ता वा सहभागी पनि भनिन्छ । चरित्रबाट नै घटना जन्मन्छन् र यथार्थको समेत उद्घाटन हुन्छ (बराल र अन्य, २०५६ : २७) । उपन्यासमा मानवजीवनको व्यापकता झल्काउने बहुल पात्रको प्रयोग हुन्छ जसका माध्यमबाट उपन्यासकारले आफ्ना विचार पाठकसमक्ष पुऱ्याउँछ । उपन्यासकारले उपन्यासमा के भन्न चाहन्छ, उसको दृष्टिकोण कस्तो छ भन्ने कुरा चरित्र र तिनबाट प्रस्तुत हुने निष्कर्षबाट थाहा पाउन सकिन्छ । चरित्रहरूको संवादकार्य र गतिमा कथावस्तु, विचार तथा उद्देश्यको पनि विस्तार हुन्छ (सुवेदी,  २०५३ : १७) । उपन्यासमा मानवीय तथा मानवेतर दुवै प्रकारका पात्रहरूको प्रयोग गरिएका हुन्छन् । उपन्यासका मानवीय पात्रहरू कुनै खास वर्ग, प्रवृत्तिका आधारमा विविध प्रकारका हुन्छन् । कृष्णहरि बराल र नेत्र एटमले उपन्यासमा प्रयोग हुन सक्ने पात्रहरूलाई छ जोडीका प्रकारमा बाँडेका छन् । जस्तै : गतिशील र गतिहीन, यथार्थ र आदर्श, अन्तर्मुखी र बहिर्मुखी, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक, पारम्परिक र

मौलिक (बराल र अन्य, २०५६ : ३०) । यस्तै मोहनराज शर्माले लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा पनि चरित्रका विविध प्रकार बताएका छन् ।

### ३.४.३ पर्यावरण

उपन्यासमा पात्रहरूका कार्यकलापहरू जहाँ सञ्चालन हुन्छन् वा घटनाहरू जहाँ घट्छन् त्यो ठाउँ उपन्यासले लिएको समय र उपन्यास पढ्दै जाँदा पाठकमा पर्न सक्ने मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । यसरी हेर्दा पर्यावरणभित्र देशकाल र वातावरण पर्न सक्छन् (शर्मा, २०५० : १७४-१७५) ।

### ३.४.४ देशकाल

देशकालभित्र उपन्यासले लिएको कुनै निश्चित समय र उपन्यासमा पात्र र घटनामार्फत बुझिने अर्थात् सिधैँ वर्णित स्थानविशेष पर्दछन् । देशकाल कथानकसँगै जोडिएर आउने आधार भूमि हो । कुनै उपन्यासमा उपन्यासकारले भूगोल, संस्कृति, जाति, समयको सपाट चित्रण र वर्णन गर्छ । कुनैमा भने पात्र र घटनाको प्रकृति हेरेर वा तिनको रीतिरिवाज, चालचलन, भेषभूषा, बोलीचाली आदिमार्फत पनि बुझ्न सकिन्छ । आञ्चलिक उपन्यासमा देशकालको महत्व बढी हुन्छ । आज उत्तरआधुनिकतावादी उपन्यासकारहरूले भने देशकाललाई कम महत्व दिएको पाइन्छ । विश्वजनीन प्रवृत्तिका उपन्यास लेखिने यो समयमा देशकाल स्वतः गौण हुँदै गएको छ ।

### ३.४.५ वातावरण

उपन्यासमा पढ्दा त्यसले पैदा गर्ने मानसिक स्थितिलाई वातावरण भनिन्छ । घटना तथा पात्रहरूको जीवन्त र सजीव प्रस्तुति भएका उपन्यासले पाठकमा रोचक तथा घोचक खालको वातावरण सृजना गर्न सक्छन् । यो मानसिक अवस्थासँग सम्बद्ध हुने हुँदा भाव पनि भनिन्छ । उपन्यासको कथानक पढ्दै जाँदा पाठकमा उत्पन्न हुने दुःखसुख, घृणा, क्रोध, करुणा, प्रेम, नैराश्य, हर्ष, आशक्ति आदि भावनाको उद्बोधन र तिनको परिवृत्ति नै वातावरण हो ।

### ३.४.६ उद्देश्य

सारवस्तु उपन्यासको महत्वपूर्ण पाटो हो । यो उपन्यास लेखनको उद्देश्य तथा परिणति हो । यसलाई उद्देश्य तथा विचार पनि भनिन्छ । उपन्यासले निचोडमा भन्न

खोजेको अर्थात् समाख्याताबाट सम्प्रेषण गर्दा चाहेको गुदी कुरोलाई सारवस्तु मान्न सकिन्छ । लेखकको जीवनको दर्शनको भारवहन गर्ने सारवस्तु उपन्यासको अर्थ हो । यो उपन्यासमा कोरा उपदेशात्मक वा घोषणात्मक रूपमा भन्दा कलात्मक रूपमा आएर अन्त्यमा पाठकलाई तत्वबोध गराउँछ । उपन्यासमा विचारको संवहन कुनै बिम्बप्रतीक तथा भाषिक विचलन, लक्षणा, व्यञ्जनाजस्ता कुनै पद्धतिद्वारा अभिव्यक्त गर्न सकिन्छ (बराल र अन्य, २०५६ : ४२) ।

## ३.४.७ दृष्टिबिन्दु

दृष्टिबिन्दु त्यो स्थिति, स्थान वा सीमा हो जसका माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठकवर्गसमक्ष पुऱ्याउँछ अर्थात् कथाकार र पाठकवर्गबीचको सम्बन्धसूत्र नै दृष्टिबिन्दु हो (बराल र अन्य, २०५६ : ३६) । प्रस्तुतीकरणसँग सम्बन्धित दृष्टिबिन्दु उपन्यासमा कथावाचकले लिने ठाउँ हो । यसबाट कथानक कसले र कसरी भनेको छ भन्ने कुरा ज्ञात हुन्छ । कुनै उपन्यासमा कथयिता स्वयम् सहभागी भएको हुन्छ । कुनैमा अरूलाई नै पात्रको रूपमा खेलाडीभैँ खेलाएर आफू परै बसेर त्यसको वर्णन गर्ने गर्छ ।

दृष्टिबिन्दु बाह्य तथा तृतीय पुरुष र आन्तरिक तथा प्रथम पुरुष गरी २ प्रकारका हुन्छन् ।

### ३.४.७.१ बाह्य तथा तृतीय पुरुष दृष्टिबिन्दु

कथयिता कथानकभित्र सहभागी नभई बाहिरै बसेर अन्य पात्रहरूको उपस्थितिमा घटना घटाउँदै त्यसको वर्णन गरेको हुन्छ भने त्यो बाह्य वा तृतीय पुरुष दृष्टिबिन्दु हो । यो पनि ३ प्रकारको हुन्छ । सर्वज्ञ र सीमित ।

सर्वज्ञ दृष्टिबिन्दुलाई सर्वदर्शी दृष्टिबिन्दु पनि भनिन्छ । यसमा कथाकारले प्रायः सबै पात्रका भावना, प्रतिक्रिया, विचार आदि समाविष्ट गर्दै ती पात्रको आन्तरिक जीवनको चिनारी दिइन्छ (बराल र अन्य, २०५६ : ३६) ।  कथानक बाहिर बसेर पनि सम्पूर्ण घटना तथा यसको कुरा नियाली विस्तारपूर्वक बयान गर्दै जान्छ । सीमित दृष्टिबिन्दुमा भने कथावाचकको भूमिका सीमित हुन्छ । कुनै खास वर्ग, विचार भिन्न रही सीमित पक्षबाट कुराको चर्चा गर्छ ।

### ३.४.७.२ आन्तरिक तथा प्रथम पुरुष दृष्टिबिन्दु

यसमा कथयिता नै 'म' पात्र तथा नायकको रूपमा आएर अन्य पात्र तथा घटनाको बारेमा वर्णन गर्छ । प्रथम पुरुष दृष्टिबिन्दु पनि केन्द्रीय र परिधीय गरी दुई प्रकारको हुन्छ । कथयिताले कथानकभित्र आफ्नो महत्वपूर्ण स्थान हुन्छ र आफ्नै आत्मकथाका रूपमा सरसरती बताउँछ भने त्यो केन्द्रीय आन्तरिक दृष्टिबिन्दु हुन्छ । परिधीय दृष्टिबिन्दुमा भने कथयिताको उपस्थिति कथानकमा 'म' पात्रकै रूपमा भए पनि ऊ अलिपर रहन्छ अर्थात् चित्रणको केन्द्रीय पात्र अर्को नै हुन्छ ।

## ३.५ भाषाशैलीय विन्यास

यसअन्तर्गत भाषिक तथा शैलीय बनोट अर्थात् भाषा, शैली, विम्ब, प्रतीक, अलङ्कार, गति, लय आदि पर्दछन् । उपन्यास पाठ्यप्रधान साहित्यिक विधा हो । यसमा भाषाको सर्वोपरि स्थान रहन्छ । भाषाका माध्यमबाट मात्र लेखकले उपन्यासको आकृति खडा गरी आफ्ना विचार सशक्त र जीवन्त रूपमा संवहन गराउँछ । उपन्यासमा कथ्य, लेख्य दुवै खाले भाषाप्रयोग  हुन्छन् । पात्र, घटना, परिवेशअनुरूप स्वाभाविक भाषा उपन्यासमा प्रयोग हुन्छ र भाषामा रोचकता तथा कलात्मकताको अपेक्षा उपन्यासले गरेको हुन्छ । साहित्यिक भाषामा सामान्य नियमहरूको अतिक्रमण गरी विशिष्टताको निर्माण गरिन्छ । साहित्यिक कृतिमा पाइने सौन्दर्यचेतना भाषिक कलाको आधारमा खडा भएको हुन्छ (श्रेष्ठ, २०६४ : ३७) ।  भाषामा परम्परित नियमले बोकेको भन्दा भिन्नै अर्थ खोज्दै व्याकरणिक विचलन, बिम्बप्रतीक, लक्षणा, व्यञ्जनाबाट भाषिकसौन्दर्य खोजिनु आजका उपन्यासका भाषिक विशेषता बनेका छन् । शैली भाषालाई प्रस्तुत गर्ने तौरतरिकासँग सम्बन्धित कुरा हो । उपन्यासमा भाषालाई कुन विधिद्वारा प्रयोग गर्ने र बढी रोचक एवम् सजीव बनाउने भन्ने कुरा यसले बुझाउँछ । उपन्यासलेखनको क्रममा प्रयोग गरिने वर्णनात्मक, विश्लेषणात्मक, संस्मरणात्मक, पत्रात्मक आदि शैलीले सीपसौन्दर्यलाई बुझाउँछन् ।

उपन्यासलाई मिठासपूर्ण बनाउनको लागि प्रतीक तथा बिम्बको प्रयोग गरिन्छ । कुनै पनि मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त वा भावको उल्लेख गर्न प्रयोग गरिने वस्तु वा घटना नै प्रतीक हो । प्रतीकले एकातिर अमूर्त र अव्यक्त भावलाई भिन्न ढाँचाले मूर्तता र अभिव्यक्ति दिने काम गर्छ भने अर्कातिर धेरै शब्द खर्च गरेर भन्नुपर्ने कुरालाई थोरै शब्दमा

मिठोसँग भन्दछ (बराल र अन्य, २०५६ : ३६) । उपन्यासमा प्रयोग गरिने प्रतीकहरू वैयक्तिक र सार्वभौमिक गरी दुई प्रकारका हुन्छन् । वैयक्तिक प्रतीक लेखकको मौलिक सिर्जना हो । यसलाई बुझ्न लेखकीय सिर्जनाको परिवेश, अनुभूति, विचारधारालाई बुझ्नुपर्ने हुन्छ भने सार्वभौमिक प्रतीक चाहिँ सर्वत्र लगभग एउटै अर्थमा प्रयोग गरिन्छन् (बराल र अन्य, २०५६ : ४४) ।

उपन्यासमा गति भनेको कथानकको विकासमा रहेको वेग हो (श्रेष्ठ, २०६४ : १२) । कुनै उपन्यासमा कथानकको विकासको वेग तीव्र हुन्छ भने कुनैमा मन्द हुने गर्छ । वर्णनात्मक शैली र लामा संवाद तथा वाक्यमा उपन्यासको गति कम हुन्छ । वास्तवमा औपन्यासिक गति लेखनको पद्धतिमा निर्भर गर्दछ । ती पद्धति दृश्यात्मक र सङ्क्षेपपद्धति हुन् (बराल र अन्य, २०५६ : ४२) । दृश्यात्मक पद्धतिमा उपन्यासकारले सम्पूर्ण सानातिना घटना तथा गौण पात्रको पनि रुचि लिएर विस्तारपूर्वक दृश्यका रूपमा प्रदर्शन गर्दै कथानक अगाडि बढाउँछ । दृश्यात्मक पद्धतिमा कथानकको गति मन्द हुन्छ । पात्रहरूको संवाद, कार्यपीठिका, पात्रको मनोद्वन्द्व, गतिविधि आदि समाहित पार्ने काम यसमा हुन्छ (बराल र अन्य, २०५६ : ४२) ।

सङ्क्षेप पद्धतिमा छोटोछरितो रूपमा मसिना कुराहरूलाई काट्दै कथानक अगाडि बढ्छ । पात्रका कतिपय क्रियाकलाप र सानातिना घटनाहरू सूचनाको भरमा अगाडि बढ्दछन् । भएगरेका सम्पूर्ण घटना र कार्यहरूको सार खिचिन्छ र समयको पनि खासै महत्व नहुने पद्धति सङ्क्षेप पद्धति हो (बराल र अन्य, २०५६ : ४२) । कम आवश्यक कुराहरूको बिम्ब चित्र प्रस्तुत नगर्नाले यसमा औपन्यासिक गति तीव्र हुन्छ । उपन्यास गद्यमा लेखिए पनि यसको आफ्नै किसिमको ढाँचा र छन्द हुन्छ । भाषिक ध्वनिबाट उत्पन्न हुने साङ्गीतिकताभित्र निहित मूर्च्छनालाई गद्य भाषामा लय भनिन्छ (बराल र अन्य, २०५६ : ४२) । विचलनयुक्त शब्दहरूबाट, ध्वनिको पुनरावृत्तिबाट तथा आलङ्कारिक बिम्बात्मक भाषा आदिबाट लय उत्पन्न हुन्छ । लयको माध्यमबाट यो अपरिहार्य तत्व बनेको छ ।

## ३.६ शीर्षक सार्थकता

शीर्षकलाई बिषयवस्तुका आधारमा, पात्रका आधारमा र परिवेशका आधारमा विभाजन गरिन्छ । शीर्षकले सम्पूर्ण बिषयवस्तुलाई समेट्न सक्नुपर्दछ साथै शीर्षक छोटो र छरितो हुनुपर्दछ ।

## ३.७ उपन्यासको विकास

उपन्यासको विकासक्रमलाई हेर्दा पाश्चात्य उपन्यासलेखन-परम्पराबाट यसको थालनी गर्नु पर्ने देखिन्छ । पाश्चात्य साहित्यमा आधुनिक उपन्यासको प्रारम्भ अठारौँ शताब्दीबाट भएको हो (वाटर र सटउड, ई. १९५६ : १४१९) । अतिरञ्जना र अतिकल्पनालाई  त्याग्दै मानवीय जीवनका यथार्थ पक्षहरूलाई कलात्मक रूपमा प्रकाश गर्न थालिएपछि आधुनिक उपन्यासको प्रारम्भ भएको पाइन्छ । पश्चिममा उपन्यासले आधुनिक रूप अठारौँ शताब्दीमा प्राप्त गर्‍यो । यसको पृष्ठभूमिमा ग्रिक सभ्यता र समग्र पाश्चात्य सभ्यताका धरोहर मानिने होमरका इलियड र ओडिसी महाकाव्यहरू रहेका छन् । त्यसबाहेक यहुदीहरूको आचारग्रन्थ ओल्डटेस्टामेन्ट र क्रिश्चियनहरूको धार्मिकग्रन्थ न्यु टेस्टामेन्ट (बाइबल) हरूको भूमिका पनि उपन्यासको विकासमा महत्वपूर्ण रहेको पाइन्छ । ईसाको प्रारम्भतिर आइपुग्दा रोम र ग्रिसमा चर्चित इसपनीतिकथाहरू पनि पाश्चात्य उपन्यासका विकासका निम्ति उदाहरणीय छन् । त्यसपछि देखिएका भर्जिलको एनिड र दाँतेको डिभाइन कमेडी पनि आख्यानात्मक रचना भएकाले (सुवेदी, २०६४ : ९) उपन्यासको प्रारूप निर्माणमा यिनको सहयोग पुगेको छ । पाश्चात्य साहित्यमा मध्यकालको पूर्वार्द्धमा खासै साहित्यिक उन्नति नभए पनि विविध स्रोतबाट सङ्कलित रचनाहरूमा आख्यान तत्व रहेको पाइन्छ (इन्साइक्लोपिडिया, ई. १९६६ : ७६३) । पुनर्जागरण कालमा सङ्कलित इटालेली कथाहरूलाई नोबेला भन्ने गरिएको (इन्साइक्लोपिडिया, ई. १९६६ : ७६३)  पाइन्छ । यसको उदाहरणस्वरूप बोकासियोको डेकामेरनका कथाहरूलाई लिन सकिन्छ (वेन्टन द्वय, ई १९८१ : २७७) । सयओटा कथाहरूको सङ्ग्रह रहेको डेकामेरनको योगदान पाश्चात्य आख्यान विकासमा उल्लेखनीय रहेको पाइन्छ । यसकै प्रभावमा आएर फ्रान्स, स्पेनलगायत युरोपेली देशहरूमा आख्यानात्मक गद्यलेखनप्रति अभिरुचि बढेको पाइन्छ । यसपछि विभिन्न विद्वान्हरू गद्यमा नवीन मान्यता स्थापना गर्न विविध प्रयोगतर्फ उन्मुख रहेको पाइन्छ । यसैक्रममा ई १७१९ मा ड्यानियल डिफोको रबिन्सन क्रुसो कृतिलाई आधुनिक उपन्यासको प्रवर्तक कृति मानिन्छ (इन्साइक्लोपिडिया, ई. १९६६ : ७६३) । कृतिमा पाठकलाई विश्वासयोग्य बनाएको, यथार्थ कल्पना भएको, सूक्ष्म वर्णन भएको र मानवविषय भएकाले नै यसलाई आधुनिक उपन्यास मानिएको हो ( इन्साइक्लोपिडिया, ई. १९६६ : ७६३) ।

पश्चिममा आधुनिक उपन्यास आरम्भ भएपछि यसलाई विकसित तुल्याउने क्रममा स्यामुअल रिचर्डसनको पामेला (ई. १७४०), हेनरी फिल्डिङको जुसेफ अन्ड्रान्स (ई. १७४२) आदि उपन्यासबाट पाश्चात्य साहित्यमा आधुनिक उपन्यासको विकास हुँदै गएको पाइन्छ । त्यसकै निरन्तरता स्वरूप पश्चिममा आजसम्म पनि नवीन प्रवृत्तिका साथ उपन्यासलेखन अघि बढिरहेको देखिन्छ ।

## ३.७.१ पौरस्त्यमा

पूर्वीय साहित्यको आदिस्रोतका रूपमा संस्कृत वाङ्मयका इतिहास पुराण, उपनिषद् तथा ब्राह्मण ग्रन्थ हुँदै प्राचीन ग्रन्थ ऋग्वेदसम्म पुग्न सकिन्छ । उपन्यासमा आख्यानतत्व मूल रूपमा रहने हुँदा पनि यसको आदिस्रोत ऋग्वेदलाई मान्न सकिन्छ । आधुनिक मान्यताका दृष्टिकोणले पूर्वमा १९ औँ शताब्दीसम्म कुनै उपन्यास नलेखिए पनि प्राचीन ग्रन्थ ऋग्वेदमा कथावस्तु, पात्र र कथोपकथन भेटिन्छ (रांग्रा, ई. १९६१ : ११०) । ऋग्वेदभित्र रहेका यमयमीका संवाद, पुरुरवा-उर्वसीका संवादले (शर्मा, २०५६ : २५-२६) यसमा आख्यान रहेको पुष्टि हुन्छ । त्यसैगरी ब्राह्मणग्रन्थ र उपनिषद्हरूमा हरिश्चन्द्रको कथा एवम् याज्ञवल्क्य र मैत्रेयीका कथा पनि भेटिन्छन् । (रांग्रा, ई. १९६१ : ११०) । पौराणिक ग्रन्थहरू रामायण र महाभारत महाकाव्यात्मक कृतिहरू छन् । यिनमा प्रशस्त आख्यानहरू विकीर्ण अवस्थामा रहेका छन् । संस्कृत भाषामा लेखिएका वाणभट्टको कादम्बरी, दण्डीको दशकुमारचरितम्, सुबन्धुको वासवदत्तालगायतका थुप्रै ग्रन्थहरूको उपजीव्यका रूपमा रामायण र महाभारत नै रहेका छन् । यसरी नै यास्कको निरुक्त र पतञ्जलिको महाभाष्यमा परिनिष्ठित गद्यको नमुना पाइन्छ (शर्मा, २०५६ : पृ ११०) । सुबन्धुको प्रथम गद्यकाव्य वासवदत्ता देखापरेपछि पूर्वीय साहित्यमा गद्यले काव्यभाषाको रूप लिएको देखिन्छ । यहीँबाट नै संस्कृतसाहित्यमा गद्यसाहित्यिक परम्पराको थालनी हुन्छ (शर्मा, २०५६ : १७८) । त्यसपछि देखापरेको गुणाढ्यको बृहत्कथामा लोकाख्यानमूलक मानव कथा छ ( शर्मा, २०५६ : १७८-१७९) भने विष्णु शर्माको पञ्चतन्त्र पनि नीतिकथाको नमुना हो । यसै गरी लोकप्रिय कथाकृतिका रूपमा हितोपदेश आउँछ । यसमा कथाभित्रै नीतिलाई छद्म रूपमा प्रस्तुत गरिएको छ । यसका अतिरिक्त कथासरित्सागर, बेतालपच्चिसी, सहस्ररजनीजस्ता कृतिहरू पनि आख्यानयुक्त रचनाका रूपमा आएका छन् । यसरी हेर्दा वैदिक कालदेखि ब्राह्मणग्रन्थ, उपनिषद् र पौराणिक ग्रन्थहरू हुँदै लौकिक साहित्यमा आइपुग्दा आख्यानले रचनाको अभिन्न अङ्गको रूप लिएको पाइन्छ ।

आधुनिक आर्यभाषाहरूको जन्मसँगै पूर्वीय साहित्यमा आख्यानको विकास र पाश्चात्य साहित्यको प्रभावमा तीव्रता आएको पाइन्छ । जियोभानी बोकासियोको डेकामेरन् तथा डिफोको रबिन्सन क्रुसोको  प्रभाव बढ्न थालेपछि पूर्वमा पनि आख्यानले नयाँ फड्को मार्न थालेको पाइन्छ । यसैक्रममा बङ्गाली उपन्यासकार बङ्किमचन्द्र चट्टोपाध्यायको राजमोहन वाइफ (ई.१८५६) अङ्ग्रेजी भाषामा प्रकाशित भएको पाइन्छ । यसलाई पश्चिमको नोवेलकै पर्याय मानेर लेखिएको पहिलो पूर्वीय उपन्यास (प्रधान, २०४० : १०) मानिएको  छ । यसबाहेक चट्टोपाध्यायकै अन्य तेह्रवटा उपन्यास बङ्गला भाषामा प्रकाशित भएका पनि छन् (प्रधान, २०४० पृ: १०) । त्यसपछि बङ्गाली हुँदै हिन्दी साहित्यमा प्रवेश गरेको उपन्यासलेखनपरम्पराले नवीन प्रवृत्ति र रूप ग्रहण गर्दै अगाडि बढेको पाइन्छ । यसै क्रममा बीसौँ शताब्दीबाट नेपाली साहित्यमा पनि आख्यानप्रबल भएका वा अनूदित उपन्यास लेखनको परम्परा सुरु भएको छ ।

## ३.७.२ नेपाली उपन्यासको विकासक्रम

राजनीतिक रूपमा नेपालको एकीकरणसँगै नेपाली भाषाले केन्द्रीयताको अवस्था प्राप्त गर्दै जान लागेको पाइन्छ । एकीकरणपश्चात् नै नेपाली भाषामा लामालामा आख्यानहरू लिपिबद्ध हुन थालेको पाइन्छ । मूलतः उपन्यास विधा आख्यान विधा भित्र पर्ने भएकाले नेपाली उपन्यासको चर्चा गर्ने क्रममा आख्यानको उद्भवसँग उपन्यासको पनि आरम्भ भएको मान्न सकिन्छ । यसरी हेर्दा  संस्कृत भाषाबाट नेपाली भाषामा अनूदित शक्तिवल्लभ अर्यालको महाभारत विराटपर्व (वि. सं. १८२७) नेपाली साहित्यको पहिलो आख्यानात्मक स्वरूप हो (बराल र अन्य, २०५६ : ७७) । शक्तिबल्लभ अर्यालको विराटपर्वबाट सुरु भएको नेपाली उपन्यासपरम्परा विभिन्न मोड र चरणहरू पार गर्दै वर्तमान अवस्थासम्म आइपुगेको छ । नेपाली उपन्यासको विकासक्रम वा चरणहरूको बारेमा विद्वान् तथा समीक्षकहरूबीच मतैक्यको स्थिति नभए पनि आरम्भबिन्दु भने सबैले वि.सं. १८२७ को महाभारत विराटपर्वलाई मानेका छन् । त्यसकारण यही गद्यकृतिबाट नेपाली उपन्यासको विकासको थालनी भएको मान्न सकिन्छ । भाषा, लेखनशैली, उद्देश्य र प्रस्तुतिलाई आधार मान्दै नेपाली उपन्यासको इतिहासलाई निम्न तीन कालखण्डमा विभाजन गर्न सकिन्छ :

(क) वि. सं. १८२७ देखि १९४५ सम्म प्राथमिक काल

(ख) वि.सं. १९४६ देखि १९९० सम्म माध्यमिक काल

(ग) वि. सं. १९९१ देखि हालसम्म आधुनिक काल

### ३.७.२.१ प्राथमिक काल

नेपाली उपन्यासपरम्परामा वि.सं. १८२७ मा शक्तिबल्लभ अर्यालद्वारा अनूदित महाभारत विराटपर्वबाट प्राथमिक काल आरम्भ हुन्छ (प्रधान, २०५३ : २२) । ११८ वर्षको अन्तरालमा फैलिएको नेपाली उपन्यासको प्रथमरचरणका आख्यानहरू मूलतः संस्कृतबाट र आंशिकमा अङ्ग्रेजीबाट पनि अनूदित भएका छन् । विराटपर्वपछि वि.सं. १८३३ मा भानुदत्तले अनुवाद गरेको हितोपदेश मित्रलाभ नेपाली उपन्यासपरम्परामा देखापरेको महत्वपूर्ण कृति हो । यसै गरी शक्तिबल्लभ अर्यालकै हाँस्यकदम्ब (वि.सं. १८५५) र भनावीदत्त पाण्डेको मुद्राराक्षस (वि.सं. १८९० तिर) पूर्णतया आनुदित भएता पनि यी आख्यानात्मक कृति हुन् । दण्डीको दशकुमार चरित (वि.सं. १८७५), कृष्णचरित्र तथा वाणभट्टको कादम्बरी पनि आख्यानतत्व भएका कृति हुन् (पूर्ववत, : ११६) । त्यसै गरी कतिपय प्राथमिक कालीन आख्यानहरू अङ्ग्रेजी भाषाबाट पनि नेपालीमा अनूदित छन् । यिनमा सेरामपुरको बाइबल (वि. सं. १८८४), पादरी गङ्गाप्रसाद प्रधानको नेपाली बाइबल (वि.सं. १९४०) आदि अङ्ग्रेजीबाट नेपालीमा अनूदित आख्यान हुन् (भट्टराई, २०५० : ८७) । आख्यानअन्तर्गत कथाक्षेत्रमा देखापरका अन्य कृतिहरूमा बहत्र सुधाको कथा, बेताल पञ्चविंशतिका, स्वस्थानी व्रतकथा, मुन्सीका तीन आहान आदि रहेका छन् ।

निष्कर्षमा भन्दा प्राथमिककालीन आख्यान परम्परा उपन्यासगत आकार प्राप्तिका हिसाबले महत्वपूर्ण तथा मौलिककता दृष्टिले नवीन छैन तर अनुवाद रूपान्तरण तथा आख्यान लेखनतर्फ अभिरुचि जगाउने हिसाबले प्राथमिक काल महत्वपूर्ण रहेको देखिन्छ । अनुवाद नै भए पनि कथासूत्रप्रक्रिया, गद्यशैली र आख्यानविधानका दृष्टिले यस्ता कृतिहरूको उपन्यास विकासमा महत्वपूर्ण योगदान रहेको देखिन्छ । (प्रधान, २०४० : ११७)

### ३.७.२.२ माध्यमिक काल

उर्दू, फारसी तथा अरबी साहित्यबाट प्रेरित र प्रभावित भई नेपाली भाषामा रोमाञ्चकारी साहित्यको सिर्जना हुनु नै माध्यमिक कालको थालनीको लक्षण हो (प्रधान, २०४० : ११८) । हरिकृष्णद्वारा रचित तथा शिवदत्त शर्माद्वारा रचित वीरसिक्का (वि.सं. १८४६) बाट नेपाली साहित्यमा मनोरञ्जनात्मक धाराको प्रवेश भएको हो (बराल र अन्य, २०५६ : ७९) । यो कृति उपन्यास नै त होइन तर आख्यानको निर्माणको कोशेढुङ्गो चाहिँ हो (शर्मा र अन्य, २०४६:७३) । नेपाली साहित्यमा मनोरञ्जनात्मक धारा, अतिरञ्जनात्मक

धारा र तिलस्मीस्वरूपको लेखन माध्यमिक कालको मूल औपन्यासिक धाराका रूपमा स्थापित भएको पाइन्छ (प्रधान, २०४० : ४०) । चिरञ्जीवी पौडेलको प्रेम सागर (वि.सं. १९५०), सुखार्णव (वि.सं. १९५७) का साथै नरदेवद्वारा प्रकाशित नलोपाख्यान (वि.सं. १९५९) ले वीरसिक्काको गतिलाई टेवा पुऱ्याएका छन् । हिन्दी उपन्यास नरेन्द्र मोहनीलाई सदाशिव शर्माद्वारा (वि.सं. १९६२ मा) अनुवाद गरिएपछि नेपाली उपन्यासमा तिलस्मी प्रवृत्तिको प्रवेश हुन्छ (प्रधान, २०४० : ४३) । यसै गरी गङ्गाधर शास्त्रीको सर्वसङ्ग्रह ( वि.सं. १९५३), देवकीनन्दन खत्रीको चन्द्राकान्ता पहिलो भाग (वि.सं. १९५६), पारसमणि प्रधानको विलायत यात्रा (वि.सं. १९७६) जस्ता हिन्दी स्रोतका आख्यान पनि यसै समयमा देखा परेका हुन् (सुवेदी, २०६४ : ४२) ।

माध्यमिककालीन उपन्यासको विकासमा पत्रपत्रिकाको योगदान महत्वपूर्ण रहेको छ । कतिपय पत्रिकाहरूमा उपन्यासको धारावाहिक प्रकाशनको लहर चल्छ । गोरखापत्र ( वि.सं. १९५८), उपन्यासतरङ्गिणी (वि.सं. १९५९), सुन्दरी (वि.सं. १९६३ ) जस्ता (शर्मा र अन्य, २०४६ : १०६) पत्रिकामार्फत नेपाली उपन्यासले प्रकाशनको अवसर प्राप्त गरेका छन् । वि.सं. १९५९ मा उपन्यासतरङ्गिणीमा प्रकाशति सदाशिव शर्माको महेन्द्रप्रभा नै पहिलो मौलिक नेपाली उपन्यास हो । माध्यमिककालीन अन्य उपन्यासहरूमा गरीशबल्लभ जोशीको वीरचरित्र (वि.सं. १९६०), प्रारब्धदर्पण (वि.सं. १९६७), वेदनाथ आचार्यको दयाकी भावी (वि.सं. १९७९), पद्भनाभ सापकोटाको जीवनचरित्र (वि.सं. १९७३), रामप्रसाद सत्यालको महासती अनुसूया (१९८५) र अम्बालिका देवीको राजपूत रमणी (१९८९) आदि रहेका छन् । यी उपन्यासहरूमध्ये दयाकी भावी (वि.सं. १९७९), महासती अनुसूया र राजपुत रमणी यी उपन्यासहरूलाई नेपाली उपन्यास परम्पराको आधुनिक कालका निम्ति सबभन्दा पुराना र माध्यमिक कालका निम्ति सबैभन्दा नयाँ लाग्ने सङ्क्रमणकालीन उपन्यास कृतिहरूका रूपमा लिन सकिन्छ (सुवेदी, २०६४ : ६७) ।

माध्यमिक कालीन नेपाली आख्यानले संस्कृत स्रोतभन्दा अन्य स्रोततर्फ ढल्कने अवसर पाएको देखिन्छ । यथार्थमा भन्दा धार्मिक, आदर्शवादी, रोमान्सवादी, औपदेशिक प्रवृत्तितर्फ माध्यमिक कालका उपन्यासहरू उन्मुख भएका छन् । नारीलाई भोगविलासको साधन मान्ने र नायिका प्राप्तिका लागि हत्या, षड्यन्त्र गर्ने घटना यस अवधिका आख्यानमा देखापर्दछन् (प्रधान, २०४० : १२५) । यही अवधिमा नै लामा आख्यानलाई खण्डमा विभाजन

गर्ने प्रयत्नका साथै चम्पूशैली क्रमशः त्याग गरेर गद्यको प्रयोग गर्न प्रवृत्ति पनि पाइन्छ ( भट्टराई, २०५० : पृ.२६०) ।

निष्कर्षमा भन्दा वीरसिक्काबाट प्रारम्भ भएको माध्यमिककालीन औपन्यासिक परम्परा वीरसिक्काबाट (वि.सं. १९४६), वीरचरित्र (वि.सं. १९६०), राजपूत रमणी (वि.सं. १९८९) हुँदै अगाडि बढेको छ । प्रकाशनको सुविधासँगै नेपाली उपन्यासहरू धारावाहिक रूपमा पत्रिकामा प्रकाशित हुँदै जान्छन् । अतिरञ्जित कल्पना र उडन्ते आख्यानलाई त्याग्दै विश्वसनीय घटनावली र यथार्थतर्फको लम्काइमा अभिमुख हुने प्रवृत्ति माध्यमिक कालका उत्तरवर्ती उपन्यासहरूमा पान्इछ । स्रोतगत विस्तार र विषयगत विविधता फैलँदै प्रकाशनको माध्यमबाट जनसमक्ष पुग्ने अवसर माध्यमिक कालीन आख्यानवृत्त वा उपन्यासले प्राप्त गरेको देखिन्छ ।

### ३.७.२.३ आधुनिक काल

नेपाली उपन्यास साहित्यमा आधुनिक कालको प्रवर्तक समयबिन्दुका बारेमा विद्वान् तथा समीक्षकहरूबीच एकमत पाइँदैन । साहित्यिक विकासका पृष्ठभूमिलाई नियाल्दा कुनै समयविन्दुमा प्रकाशित साहित्यिक कृतिविशेषले कुनै वाद वा प्रणालीको सटीक तवरले स्थापना वा व्याख्या गरेको पाइँदैन । परम्परागत चिन्तनको जगमा उभिएर अधुनातन नवमूल्य र प्रवृत्तिहरूलाई आत्मसात् गर्न खोज्ने कृतिहरूको आधारमा आधुनिकता सिद्ध गर्न सकिन्छ । परिवर्तनशील समाज, नवीन चिन्तनप्रणाली र नयाँ पर्यावरणमा दृश्यमान समकालीन तथ्यहरूलाई साहित्यका सन्दर्भमा कृतिमा सन्निविष्ट गर्दै जानुमा आधुनिकता निहीत देखिन्छ । यसरी हेर्दा आधुनिकता भनेको निश्चित समयबिन्दुमा बाँधिने कुरा नभई यो त समाज, मानवीय चिन्तनको विकास र व्यापकतासँगै गतिशील रहने देखिन्छ ।

नेपाली उपन्यास साहित्यको आधुनिक कालको प्रवर्तन सम्बन्धमा समीक्षक भानुभक्त पोखरेलले वि.सं. १९९१ मा प्रकाशित रुद्रराज पाण्डेको रूपमती उपन्यासलाई आधुनिक मानेका छैनन् । आदर्श र नीतिशिक्षामा जोड दिइकाले रूपमती यथार्थपरक छैन भन्दै वि.सं. १९९३ मा प्रकाशित रूपनारायण सिंहको भ्रमरबाट उनी आधुनिक कालको सुरुआत  भएको मान्दछन् (पोखरेल, २०४० : १९३) । रूपमतीले आदर्शको प्रबलता, काल्पनिक तत्वको सहाराजस्ता परम्परालाई छाड्न नसकेका कारण आधुनिक मान्न नसकिने भन्दै भ्रमरले आधुनिक कालको सुरुआत गरेको तर्क अघि सारिएको पनि  पाइन्छ । कतिपय विद्वान्हरूले

रूपमतीबाटै आधुनिकताको सुरुआत भएको भन्दै रूपमतीलाई पहिलो आधुनिक उपन्यास मान्ने आधारहरू प्रस्तुत गरेको पाइन्छ । तिनका अनुसार पाश्चात्य नोवेल को प्रभाव पर्नु, सामाजिकयथार्थ पाइनु, परिवेशगत चेतना पाइनु, मानवीय मूल्यको अन्तर्भाव पाइनु, विषय र शैलीमा विविधता पाइनु आदि कुराहरू रहेका छन् (श्रेष्ठ र अन्य, २०४६ : १९३) । नेपाली उपन्यासपरम्परामा औपन्यासिक शिल्पद्वारा परवर्ती स्वरूपलाई दिशानिर्देश गर्न खोज्ने पहिलो कृतिका रूपमा रूपमती देखिएको छ । यसले पुराना रूढिवादी विचारधारा र संस्कारग्रत सामाजिक मान्यताप्रति व्यङ्ग्य गर्दै स्वप्नील जगत्का अतिभौतिक, अतिरञ्जनात्मक तथा अतिकाल्पनिक तत्वहरूलाई हटाई नेपाली उपन्यास धरातलमा नयाँ आयाम थपेको छ (प्रधान, २०४० : १२७) । वास्तवमा रूपमती उपन्यास प्राथमिककालीन नीतिमूलक, माध्यमिक कालीन, जासुसी, तिलस्मी आख्यानभन्दा भिन्न वस्तुजगत्का यथार्थ घटनामा आधारित छ । त्यसकारण यसले सामाजिक धरातलमा सम्भाव्य र स्वाभाविक घटनाको संयोजन गरेको छ । मानवीय चरित्र, वस्तुयथार्थ, द्वन्द्व, कौतुहल र सामान्य बोलीचालीको भाषाप्रयोग गरेर आधुनिक ढाँचाको प्रथम प्रयोग रूपमतीले दिएको पाइन्छ । प्रस्तुत उपन्यासमा नेपाली समाजमा हुँदै आइरहेको बुहारीमाथिको सासुको हैकमपूर्ण व्यवहारलाई चित्रित गरिएको बुहारी भएपछि सासु, देवरको लाञ्छना सहनु पर्ने र देवरानी, जेठानीका बीचमा हुने कलह, वैमनस्यताजस्ता समाजका यथार्थ पक्षहरूलाई टिपेर प्रस्तुत गरिएकाले यो यथार्थपूर्ण देखिन्छ । बुहारी हुनु रूपमतीजस्ती भन्ने आदर्श स्थापना गर्न खोजिएकाले यो आदर्शोन्मुख यथार्थवादी उपन्यास हो । यसरी रूपमती (वि.सं. १९९१) देखि सुरु भएको नेपाली उपन्यासको आधुनिक काल विभिन्न समयमा विभिन्न प्रवृत्तिलाई आत्मसात् गर्दै आजको अवस्थासम्म गतिशील  छ ।

### ३.८ उपन्यासको वर्गीकरण :

नेपाली उपन्यासहरूमा हालसम्म देखिएका प्रवृत्तिगत भिन्नताको आधारमा वि.सं. १९९१ देखि वर्तमानसम्मको नेपाली उपन्यासलेखन प्रवृत्तिलाई मोटामोटीमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

(१) आदर्शोन्मुख यथार्थवादी

(२) स्वच्छन्दतावादी धारा

(३) सामाजिक यथार्थवादी

(४) आलोचनात्मक यथार्थवादी

(५) मनोविश्लेषणात्मक

(६) विसङ्गतिवादी

(७) अस्तित्ववादी

(८) समाजवादी यथार्थवादी

(९) नवचेतनामूलक/उत्तरआधुनिक

(१०) विनिर्माणवादी

### ३.८.१ आदर्शोन्मुख यथार्थवादी

वस्तु जस्तो छ त्यसलाई त्यसै रूपमा चित्रण गर्ने काम यथार्थवादले गर्दछ । समाजमा जे छ त्यो नभई जसमा अपेक्षा राखिन्छ अर्थात् जस्तो हुनुपर्दछ त्यसको दिग्दर्शन गर्ने काम आदर्शवादले गर्दछ । वास्तवमा मानवमा रहने नैतिकता, अनुशासन, मर्यादा र अनुसरणीय गुणहरूलाई नै व्यापक अर्थमा आदर्श भनिन्छ (सुवेदी, २०६४ : ६३) । मानवसमाज र यथार्थ परिवेशलाई आधार बनाएर लेखिएको उपन्यास जब आदर्शको केन्द्रीय निष्कर्षमा टुङ्गिन्छ, त्यो आदर्शोन्मुख यथार्थवादी हुन्छ (बराल र अन्य, २०५६ : ९८) । नेपाली उपन्यासपरम्परामा रूद्रराज पाण्डको रूपमतीबाट आदर्शोन्मुख यथार्थवादी लेखनको सुरु हुन्छ (प्रधान, २०५३ : ७७) । मोहनबहादुर मल्लको उजेली छामा (वि.सं. २००८), पञ्चायत (वि.सं. २०१०) समयको हुरी (वि.सं. २०१५), अच्छा राई 'रसिक'को लगन (वि.सं. २०१२), भुवनेश्वर कोइरालाको सत्यसन्देश र विधुवा जीवन (वि.सं. २०१३), लीलाध्वज थापाको मन (वि.सं. २०१४), इन्द्र सुन्दासको मङ्गली (वि.सं. २०१५) आदि यस धाराका उपन्यासहरू हुन् (प्रधान, २०५६ : ९८) ।

समयगत दृष्टिले यस धारामा धेरै लेखकहरू देखिएका छन् । वि.सं. २००३ सम्म यो धारा प्रमुख धाराका रूपमा रहेको र त्यसपछि अन्तर्धाराका रूपमा अघि बढेको पाइन्छ । यस धारा वा प्रवृत्तिका उपन्यासमा सामाजिक विषयको प्राधान्य रहेको छ भने नारी जीवनका दुःख, पीडा उद्घाटन गर्दै नारीले अपनाउनु पर्ने बाटो पनि यस धाराका उपन्यासकारले देखाएका छन् (बराल र अन्य, २०५६ : १०१) । उपन्यासमा सम्प्रेषणीयताको ख्याल गरेर सरल र बोलीचालीको भाषाप्रयोग गरिएको पाइन्छ । सामाजिक

यथार्थलाई वस्तुका रूपमा ग्रहण गरेर त्यसैको आधारमा आदर्शवादी शिक्षा यस धाराका उपन्यासले दिन खोजेका छन् ।

### ३.८.२ स्वच्छन्दतावादी नेपाली उपन्यास

मानिसका व्यक्तिगत अनुभवलाई सहज र स्वच्छन्द ढङ्गबाट व्यक्त गर्ने काम स्वच्छन्दतावादले गर्दछ । तार्किकता र बौद्धिकताका विपरीत कल्पना र भावावेगमाथि विशेष जोड दिने कलात्मक प्रवृत्तिविशेष स्वच्छन्दतावाद हो (जोशी, २०३८ : १९) । अतीतोन्मुख तथा रहस्यवादी दर्शनका रूपमा बुझ्न सकिने स्वच्छन्दतावादको मूल मर्म यथार्थदेखि पलायन हुँदै उन्मुक्त कल्पनामा विचरण गर्नु रहेको पाइन्छ ।

नेपाली उपन्यासपरम्परामा रूपनारायण सिंहको भ्रमर (वि.सं. १९९३) देखि स्वच्छन्दतावादी धाराको अभ्युत्थान भएको हो (सुवेदी, २०६४ : ८४) । यसबाहेक शिवकुमार राईको डाकबङ्गला (वि.सं. २०१३), समीरण प्रियदर्शीको पोखिएको जीन्दगी ( वि.सं. २०२८), हिरण्य भोजपुरेको छिटेन (वि.सं. २०५४), होमराज आचार्यको निर्दोष कैदी (वि.सं. २०५४) आदि स्वच्छन्दतावादी धाराका नेपाली उपन्यासहरू हुन् ।

### ३.८.३ सामाजिक यथार्थवादी उपन्यास

समाजमा भएगरेका कुराहरूलाई तटस्थ रूपमा प्रस्तुत गर्ने मान्यता सामाजिक यथार्थवादी मान्यता हो । मान्छेको जीवनमा देखापर्ने वास्तविकतालाई जस्ताको तस्तै प्रस्तुत गर्ने साहित्यिक मूल्यमान्यता सामाजिक यथार्थवाद हो (जोशी, २०३८ : ६३) । लैनसिंह वाङ्गदेलको मुलुक बाहिर (वि.सं. २००४) सामाजिक यथार्थवादी धाराको पहिलो नेपाली उपन्यास हो (प्रधान, २०५३ : ५८) । वाङ्देलका माइतघर (वि.सं. २००४), लङ्गडाको साथी (वि.सं. २००८), रेम्ब्रान्ट (वि. सं. २०२३), लीलबहादुर छेत्रीको बसाइँ (वि.सं. २०१४), अतृप्त (वि.सं. २०२६), ब्रह्मपुत्रको छेउछाउ (वि. सं. २०४३), केशवराज पिँडालीको बाँच्ने एउटा जीन्दगी (वि.सं. २०४३), राजेश्वर देवकोटाका आवर्तन (वि. सं. २०४१), पूर्वकथा (वि.सं. २०४३), उत्सर्ग प्रेम (वि.सं. २०४४) र सुस्मिता नेपालका एकान्त पनि रून्छ (वि.सं. २०५३), मेरा छातीका कोलाजहरू (वि.सं. २०५५) आदि यस धाराका उपन्यासहरू हुन् (बराल र अन्य, २०५६ : १०२) । सामाजिक यथार्थवादी धारा वि.सं. २०१० सालसम्म प्रमुख धाराका रूपमा र त्यसपछि अन्तर्धाराका रूपमा प्रवाहित छ । नेपाली उपन्यासपरम्परामा सबैभन्दा बढी उपन्यास सामाजिक यथार्थवादी धारामा लेखिएको

पाइन्छ । यस धाराका उपन्यासले समाजका मध्यम वर्ग र निम्न वर्गीय जीवनका यथार्थलाई प्रस्तुत गरेका छन् । सामाजिक यथार्थवादी उपन्यासहरू तीव्र गद्यात्मक स्वरूपका छन् । बसाइँ यस धाराको सशक्त कृतिका रूपमा आएको छ भने माइतघर र लङ्गडाको साथी यस धाराका अन्य प्रमुख उपन्यासहरू हुन् । यसरी समाजका यथार्थपक्षहरूलाई विभिन्न कोणबाट हेर्ने र तिनलाई औपन्यासिकता प्रदान गर्ने प्रवृत्ति यिनमा पाइन्छ । यस धाराका उपन्यासमा लेखकीय दृष्टि समाजको वस्तुगत द्रष्टाका रूपमा व्यक्त भएको पाइन्छ ।

## ३.८.४ आलोचनात्मक यथार्थवादी उपन्यास

सामाजिक विसङ्गतिमा अडेको चिन्तनप्रणालीलाई आलोचनात्मक यथार्थवाद भनिन्छ । क्रान्तिकारी र श्रमिकहरूले चलाएका आन्दोलनहरूमा अनेक भ्रमजाल विछ्याएर त्यसलाई निष्क्रय तुल्याउने पुँजीवादी चाल चिर्नु यसको उद्देश्य रहेको हुन्छ (सुवेदी, २०६४ : १८७) । यथास्थितिप्रति पूर्ण विमति राख्दै त्यसभित्रका समाजविरोधी तत्वहरूको तीव्र आलोचना गर्ने साहित्यलाई प्रगतिशील साहित्य भन्न सकिन्छ । यस किसिमका लेखनलाई प्रकारान्तरमा आलोचनात्मक यथार्थवादी लेखन भनिन्छ ।

नेपाली उपन्यासपरम्परामा सामाजिक यथार्थवादपछिको लेखनप्रवृत्तिको रूपमा आलोचनात्मक यथार्थवाद आएको छ । नेपाली उपन्यासमा लैनसिंह वाङ्देलको लङ्गडाको साथीले सामाजिक यथार्थताका नाममा यथास्थितिका पक्षलाई आलोचनात्मक तवरले हेर्न थालेको पाइन्छ । यस धाराअन्तर्गत लेखिएका उपन्यासहरूमा मुक्तिनाथ तिमल्सिनाको को अछूत ? (वि.सं. २०१७), हृदयचन्द्रसिंह प्रधानका स्वास्नीमान्छे (वि.सं. २०११) र एकचिहान (वि.सं. २०१७), खड्गबहादुर सिंहको विद्रोह भाग १ (वि.सं. २०११) र विद्रोह भाग २ (वि.सं. २०१३), शिवकुमार राईको डाकबङ्गला (वि.सं. २०१३), जगदीश घिमिरेका लिलाम (वि.सं.२०३७) साविती (वि.सं. २०३२), रमेश विकलका सुनौली (वि. सं. २०३१), अविरल बग्दछ इन्द्रावती (वि.सं. २०४०) आदि आलोचनात्मक यथार्थवादी उपन्यास हुन् (सुवेदी, २०६४ : १९०) ।

पुँजीवाद शक्तिप्रतिको विरोध, निन्दा र कटु आलोचना मात्र आलोचनात्मक यथार्थवादको मौलिकताका रूपमा देखिन्छ । नयाँ तर अपरिभाषित मान्यता र जीवनपद्धतिको स्थापना गर्नु पर्ने र तथ्यको उद्घाटन गर्नु पर्ने क्रान्तिकारी स्वच्छन्दतावादी स्वर पनि आलोचनात्मक यथार्थवादमा पाइन्छ । वर्गीय समाजमा देखिने समस्याको

आन्तरिक विसङ्गतिलाई चिरफार गरेर देखाउन र तिनका अन्तरतहका समष्टि पक्षलाई छर्लङ्ग्याउन यो धारा सक्षम देखिँदैन । यसरी यथास्थितिप्रतिको विमति र त्यसले जन्माउन सक्ने विकृतिको विरोध गर्ने काम आलोचनात्मक यथार्थवादी स्रष्टाहरूमा पाइन्छ ।

### ३.८.५ मनोविश्लेषणात्मक उपन्यास

मानवीय व्यवहारको अध्ययन गर्ने क्रममा अमूर्त तत्वहरूको अध्ययन र विश्लेषणबाट मूर्त वस्तु र कार्यात्मक रूप उद्घाटन गर्ने विज्ञानलाई मनोविज्ञान भन्ने गरिएको पाइन्छ । मान्छेका मनस्तत्वका अन्तर्तहमा रहेका अपरिभाष्य र अनेकतम पत्रहरू, कोण तहहरूमा सुषुप्त अवस्थामा रहेका अतृप्तिजन्य उत्सुकता र इच्छाहरूको प्रस्तुति गर्ने क्रममा मनोविज्ञानले आफूलाई समर्पित गरेको छ (सुवेदी, २०६४ : २४५) । साहित्यका सन्दर्भमा पात्र वा चरित्रका अन्तर्मनका कुण्ठा, विषाद, अतृप्ति, इच्छावृत्ति तथा आकाङ्क्षाहरूलाई अध्ययन वा सिर्जनाका माध्यमबाट प्रस्तुत गर्ने सिद्धान्तविशेषलाई मनोविश्लेषणात्मक सिद्धान्तका रूपमा चिन्न सकिन्छ । मानवीय क्रियाकलापहरूको प्रेरक तत्व मानिएको कामवृत्ति, मानवजीवनका मूल प्रवृत्तिहरू, मानसिक तह र विभिन्न किसिमका ग्रन्थिहरूका माध्यमबाट चरित्रको उद्घाटन गर्ने काम मनोविश्लेषणात्मक उपन्यासले गर्दछ । संवेगात्मकताका हिसाबले नेपाली उपन्यास साहित्यमा वि.सं. २०१५ साल पूर्वका हृदयचन्द्रसिंह प्रधान, लैनसिंह वाङ्देल र तुलसीराम कुँवरका उपन्यासहरूमा मनस्थितिको पातलो प्रयोग भइसकेको पाइन्छ । यसरी नै लीलबहादुर क्षेत्री, लीलाध्वज थापा र दौलतविक्रम विष्टका उपन्यासले पनि यस दिशामा केही मद्दत पुऱ्याएको देखिन्छ । मनोविश्लेषणको विशिष्ट प्रयोग भएको प्रथम नेपाली उपन्यासका रूपमा गोविन्दबहादुर मल्ल 'गोठाले' को पल्लो घरको झ्याल (वि.सं. २०१६), आएको छ । विजय मल्लको अनुराधा (वि.सं. २०१८), विश्वेश्वरप्रसाद कोइरालाको तीन घुम्ती (वि.सं. २०२५), सुम्निमा (वि.सं. २०२७), तारिणीप्रसाद कोइरालाको सर्पदंश (वि. सं. २०२६), वानिरा गिरीको शब्दातीत शान्तनु (वि.सं. २०५६), नकुल सिलवालको तेस्रो पाइला (वि.सं. २०४५) आदि उपन्यासहरू मनोविश्लेषणात्मक उपन्यासहरू हुन् ।

### ३.८.६ विसङ्गतिवादी उपन्यास

सर्वत्र असङ्गति र विसङ्गत अवस्था नै जीवनजगत्को मूल भूत कुरा हो भन्ने मान्यता विसङ्गतिवाद हो । पहिलो र दोस्रो विश्वयुद्धमा भएको नरसंहार, विध्वंश र

अव्यवस्थितिले मूल्यहीन अवस्थामा पुगेको मानवजीवनको यथार्थलाई साहित्यका सन्दर्भमा विसङ्गतिवादी धाराले प्रस्तुत गरेको पाइन्छ । विश्वपरिवेशमा देखिने गरेका राजनीतिक प्रतिबद्धता र व्यवहारिकताबीचको विसङ्गति, मानवीय इच्छा-आकाङ्क्षाबाट जन्मेको विसङ्गतिलाई यस धाराले आत्मसात् गर्दछ । त्यसरी नै जन्म, युवावस्था, वृद्धावस्था एवम् रूग्णता आदि कारणबाट जन्मेको विसङ्गति, भूत र वर्तमान एवम् जीवनचक्रका विविध विसङ्गत अवस्थालाई समेत विसङ्गतिवादले प्रस्तुत गरेको पाइन्छ ।

नेपाली उपन्यासपरम्परामा लैनसिंह वाङ्देलको लङ्गडाको साथी (वि. सं. २००८) ले सङ्केत गरेको विसङ्गतिवादी धारालाई ठोस रूपमा इन्द्रबहादुर राईको आज रमिता छ (वि.सं. २०२१) उपन्यासले स्थापित गरेको पाइन्छ । विसङ्गतिवादी परम्परामा लेखिएका अन्य नेपाली उपन्यासहरूमा पारिजातको शिरीषको फूल (वि.सं. २०२२), ध्रुवचन्द्र गौतमको अन्त्यपछि (वि. सं. २०२४), बालुवामाथि (वि.सं. २०२८), डापी (वि.सं. २० ? ), पिटर जे कार्थकको प्रत्येक ठाउँ प्रत्येक मान्छे (वि.सं. २०३४), सरुभक्तको पागलबस्ती (वि.सं. २०४८), ध्रुव सापकोटाको विखण्डित (वि.सं. २०५७) आदि उपन्यासहरू पर्दछन् ।

जीवनको निस्सारता र शून्यताको अभिव्यक्ति दिन शिल्पशैलीमा क्रमबद्धता अस्वीकार गर्नु विसङ्गतिवादी लेखनको वैशिष्ट्यका रूपमा देखिएको छ ।

### ३.८.७ अस्तित्ववादी उपन्यास

मान्छेको वैयक्तिक जीवनलाई नूतन सन्दर्भ, नयाँ अर्थ र नवीन मानवीय मूल्यमा प्रतिस्थापित तुल्याउन चाहने सिद्धान्त अस्तित्ववाद हो (जोशी, २०३८ : ११३) । अन्य चिन्तनप्रणालीका तुलनामा यो अन्तर्मुखी चिन्तनप्रणाली हो । सुकरात र सेन्ट अगस्टिनजस्ता प्राचीन पाश्चात्य चिन्तकहरूका चिन्तनमा पनि वस्तुको भावसत्ता पहिल्याउने प्रयत्न गरिएको पाइनाले पनि अस्तित्ववाद अभौतिक दर्शन हो र यो पुरातन समयदेखि चल्दै आएको चिन्तन प्रणाली हो (सुवेदी, २०६४ : ३३०) । राजनैतिक, आर्थिक, सामाजिक, धार्मिक आदि विविध विसङ्गतिका कारणबाट जन्मिने विसङ्गतिवादसँग यसको नजिकको सम्बन्ध रहेको देखिन्छ ।

नेपाली उपन्यास परम्परामा पारिजातको शिरीषको फूल (वि. सं. २०२२) बाट अस्तित्ववादी उपन्यास लेख्न थालिएको पाइन्छ । अस्तित्ववादी अन्य नेपाली उपन्यासहरूमा पारिजातको महत्ताहीन (वि. सं. २०२५), ध्रुवचन्द्र गौतमको अन्त्यपछि (वि. सं. २०२४),

विश्वेश्वरप्रसाद कोइरालाको तीन घुम्ती (वि. सं. २०२५), सुम्निमा (वि. सं. २०२७), सरुभक्तको पागलबस्ती (वि. सं. २०४८), तरुनी खेती (वि. सं. २०५२) र समय त्रासदी ( वि. सं. २०५८) आदि देखिएका छन् ।

अस्तित्ववादीहरूले व्यक्तिगत सत्ता, व्यक्तिका जटिल समस्या, व्यक्तिको स्वतन्त्रता वैयक्तिक दायित्व, व्यक्तिगत विशिष्टताजस्ता विषयलाई महत्व दिएको पाइन्छ । यो दर्शन बौद्धिक हुँदाहुँदै पनि दिग्भ्रमित तुल्याउने ठानिने हुनाले केही अस्पष्टताका बीचमा पनि फस्टाउँदै गएको पाइन्छ । युवा बौद्धिक समुदायका बीचमा लोकप्रिय भए तापनि समष्टिमा यसलाई सङ्घर्षभन्दा पलायनतिर अभिमुख भएको दर्शनको रूपमा लिने गरेको पाइन्छ ।

### ३.८.८ समाजवादी यथार्थवादी उपन्यास

आलोचनात्मक यथार्थवादको तहबाट उन्मुक्त भएपछि समाजवादी यथार्थवादको स्थापना हुन्छ । सृजना क्षेत्रमा समाजवादी यथार्थवाद आलोचनात्मक यथार्थवादको विकसित रूपमा स्थापित भएको विचारधारा हो (सुवेदी, २०३८ : ४२३) । मान्छे जतिजति आफ्ना वरिपरिका प्राकृतिक वातावरणलाई आफ्नो पक्षमा रूपान्तरण गर्दै जान्छ । त्यतित्यति नयाँ र अज्ञात भण्डारमा नवीन तथ्य प्राप्त गर्दै र त्यसलाई समाजको अनुकूल आकृतिमा रूपान्तरित गर्दै जाने प्रवृत्ति नै प्रगतिवाद हो (फिसर, सन् १९९० : ८८) । प्राविधिक शब्दमा यसलाई समाजवादी यथार्थवाद भन्नु उपयुक्त देखिन्छ (सुवेदी, २०६४ : १८४) । समाजवादी यथार्थवादमा सुदृढ भविष्यप्रति विश्वास गरिने हुँदा उक्त भविष्य प्राप्तिका निम्ति सङ्घर्ष गर्ने गतिशील व्यक्तिहरू नै यस किसिमका रचनाहरूमा पात्र वा चरित्रका रूपमा उपस्थापित हुन्छन् । समाजवादी यथार्थवादमा सौन्दर्यशास्त्रीय कला स्वाभाविक र अयान्त्रिक रूपमा प्रयुक्त हुन्छ । लेखक वा स्रष्टा आफूले आत्मसात् गरेका सचेतन एवम् ऐतिहासिकतावादी चिन्तनबाट कलाको सृजना गर्दछ भने त्यस्ता कलामा समाजवादी यथार्थवाद प्रबल रूपमा देखापर्दछ (चापागाईं, २०५१ : ७३) ।

नेपाली साहित्यमा अनौपचारिक र स्वतस्फूर्त रूपमा समाजवादी यथार्थवादी लेखनको प्रारम्भ वि.सं. २००७ सालअघि नै भएको पाइन्छ । औपचारिक रूपमा यस चिन्तनको प्रारम्भ २००७ सालपछि मात्र भएको पाइन्छ । कलात्मक मूल्यका दृष्टिले नेपाली साहित्यमा आजसम्म पनि समाजवादी यथार्थवाद पूर्ण रूपमा स्थापित हुन सकेको छैन ( सुवेदी, २०६४ : ४२२) । नेपाली साहित्यमा समाजवादी यथार्थवादी उपन्यासका रूपमा लिन सकिने उपन्यासमा मुक्तिनाथ तिमल्सिनाको को अछूत ? (वि.सं. २०११), हृदयचन्द्रसिंह

प्रधानको स्वास्नीमान्छे (वि.सं. २०११), खड्गबहादुर सिंहको विद्रोह भाग १ (वि.सं. २०११), र विद्रोह भाग २ (वि.सं. २०१३), डी. पी. अधिकारीको आशमाया (वि.सं. २०२५) र धर्ती अझै बोल्दैछ (वि.सं. २०२७), खगेन्द्र सङ्गौलाको चेतनाको पहिलो डाँक (वि.सं. २०२७), आमाको छटपटी (वि.सं. २०३४), पारिजातका तोरीबारी बाटा र सपनाहरू (वि.सं. २०३२), पर्खाल भित्र र बाहिर (वि.सं. २०३५), रमेश बिकलको अबिरल बग्दछ इन्द्रावती (वि.सं. २०४०), भाष्करका बन्दी आवाज (वि.सं. २०४६), हाँडीका कनिका (वि.सं. २०४५) र अमरबस्ती (वि.सं. २०५३), घनश्याम ढकालका गाउँभित्र (वि.सं. २०४७), रातो आकाश (वि.सं. २० ?) आहुतिको नयाँ घर ( वि.सं. २०..), स्खलन (वि.सं. २० ?), नारायण ढकालका सहरतन्त्र (वि.सं. २०५०), इर्फान अली (वि.सं. २०५१) तथा दुर्भिक्ष (वि.सं. २० ?) आदिलाई लिन सकिन्छ । मान्छेका संस्कारमा जरा गाडेर बसेका विविध प्रकारका विसङ्गतिहरूलाई समाजवादी यथार्थवादी रचनाले उखेलेर फ्याक्नुपर्ने वस्तुका रूपमा ठम्याएको हुन्छ । रूढि र भ्रमजाललाई चिर्न सक्ने वैज्ञानिक विचारको व्याख्या र विश्लेषण, जीवन र जगत्लाई हेर्ने द्वन्द्वात्मक दृष्टि र विवेचनाजस्ता कामको थालनी हुनु पर्ने कुरामा यसले जोड दिएको छ । समाजवादी यथार्थवाद संस्कार, धर्म र विश्वासप्रतिको जातिपाती र छुवाछुतका भेदभावप्रतिको, परिमार्जनवादी चिन्तन पद्धति हो (सुवेदी, २०६४ : १८४) ।

### ३.८.९ नवचेतनामूलक उपन्यास

आधुनिक युगको महाकाव्य भनिने उपन्यासमा महाआख्यानको समाप्तिको घोषणासँगै परिवर्तनशील रूप र सन्दर्भ देखिन थालेको पाइन्छ । त्यसैले समकालीन उपन्यासमा आजको मानिसले जसरी जीवनयापन गर्दैछ त्यस्तै किसिमको वस्तु तथा काव्यिक सौन्दर्यको निर्माण हुन थालेको पाइन्छ । महाआख्यानको अन्तको घोषणासँगै आख्यानतन्तु र आख्यानप्रबन्ध क्षीण तथा विभग्न अवस्थामा रूपान्तरित हुन थालेको पाइन्छ । त्यसकारण अहिले आख्यानका ठोस र छोटो ढाँचा प्रायः समाप्त भएको पाइन्छ । वर्तमान सन्दर्भमा विवस्तुता, विपात्रता, विकथनात्मकता, विपरिवेशात्मकता, विवैचारिकता, विसांस्कृतिकता र विमिथकीयताजस्ता मूल्यहरूको समायोजन भएको सृजनात्मक लेखनलाई अपेक्षित सत्य बनाइएको छ (सुवेदी, २०६४ : १८४) । अहिले साहित्यसिद्धान्तसम्बन्धी पूर्वधारणामा परिवर्तन आइरहेको पाइन्छ । आजको साहित्यसिद्धान्त भनेको विविध प्रकारका चिन्तनले बनेको इन्द्रेणीवृत्त हो (भट्टराई, २०६२ : १) । किनकि त्यहाँ भाषाको, मस्तिष्कको, इतिहासको, संस्कृतिको, समाजको विश्लेषण गर्ने वा हेर्ने नयाँ दृष्टिकोण प्रस्तुत गरिएको

हुन्छ । आज नेपाली साहित्यका अनेकखाले पूर्वधारणामा परिवर्तन आइरहेको पाइन्छ । आजका धेरै रचनामा विषयवस्तु, शैली, संरचना र सार अपरिचित तत्व जस्तै भएर आउन सक्छन् । त्यसैले अहिलेको एउटा उपन्यासभित्र कुनै चरित्रले गीत गाउन सक्छ, कविता रच्न सक्छ । नाटकीयता प्रस्तुत गर्न सक्छ । अझ चिठीपत्र नलेखेर इमेल पठाउन सक्छ, एसएमएस पठाउँछ (भट्टराई, २०६२ : १) । अघिका वाराणसी, कलकत्ता, दार्जिलिङ्ग, सिलगढीजस्ता सयौ स्थापित साहित्यिक केन्द्रहरू आज टाढाटाढाका अमेरिका, बेलायत, जापान, रसिया, हङ्कङ्गलगायत संसारका अनेक मुलुकतिर सर्दैछन् । अहिलेको समालोचकले परम्परागत साहित्यसिद्धान्त हेरेर मात्र नपुग्ने देखिन्छ । प्रायजसो कृतिहरूमा अन्तर्विषयक प्रवृत्ति वा बहुलवादी प्रवृत्ति देखिने गरेको हुँदा समालोचक पनि बहुआयामिक हुनु पर्ने देखिन्छ । अहिलेको कृतिलाई परम्परागत साहित्यसिद्धान्त हेरेर मात्र पुग्दैन किनभने साहित्यसिद्धान्त नै अहिले हजार आँखा भएको डोको जस्तो भएको छ । जसमा एउटा प्वालबाट हेर्दा आंशिकता मात्र फेला पर्दछ । त्यसका प्रत्येक प्वालबाट हेरिसकेपछि मात्र कृतिका बारेमा ठहर गर्न सकिन्छ । त्यस कारण अहिलेको समालोचक बहुआयामिक हुनु पर्ने देखिन्छ । नेपाली साहित्यमा यसखाले नवीन लेखनप्रवृत्तिलाई नवचेतनामूलक प्रवृत्ति (सुवेदी, २०६४ : ४९७-४९८) वा उत्तरआधुनिकता पनि भनिएको पाइन्छ (भट्टराई, २०६२ : ३१) । उत्तरआधुनिकता भनेको एउटा खास प्रवृत्तिविशेष मात्र नभएर हामी बाँचेको सिङ्गो समयको लक्षण वा वर्तमान काललाई (भट्टराई, २०६२ : ३६) बुझ्न सकिन्छ । उत्तर आधुनिकतावादले बहुकेन्द्रवादलाई मान्यता दिने हुँदा यस प्रकारका सिर्जनाहरूमा हेपिएका, छुट्याइएका, सीमान्तीकृत तथा आजसम्म नसोचेका कतिपय सन्दर्भहरूलाई उधिन्ने काम गरेको पाइन्छ । नेपाली उपन्यास परम्परामा ध्रुवचन्द्र गौतमका फूलको आतङ्क (वि. सं. २०२५), जेलिएको (वि. सं. २०६२), तेजराज खतिवडाको सर्वजा (वि. सं. २०६०) र नारायण वाग्लेको पल्पसा क्याफे (वि. सं. २०६१), गोविन्दराज भट्टराईको सुकरातका पाइला (२०६३) जस्ता उपन्यासहरूलाई नवचेतनामूलक वा उत्तरआधुनिकतावादी चिन्तनमा आधारित रहेर सृजना गरिएका प्रतिनिधि उपन्यासका रूपमा लिन सकिन्छ । नेपाली उपन्यास लेखन परम्परामा शक्तिबल्लभ अर्यालको महाभारत विराटपर्वदेखि सुरु भएको लामो आख्यानलेखनको परम्पराले रुद्रराज पाण्डेको रूपमतीमा निहित आधुनिक पक्षहरूको स्पर्श गर्दै अघि बढी वर्तमान अवस्थामा विश्वपरिवेशमा देखिने नवीनचिन्तन प्रणालीहरूलाई आत्मसात् गर्दै नेपाली उपन्यास साहित्य जीवन्त एवम् गतिशील अवस्थामा अघि बढिरहेको छ ।

## ३.८.१०. विनिर्माणवादी उपन्यास

विनिर्माणवादको प्रवर्तन सन् १९६६ मा भएको हो । यसका प्रवर्तक फ्रान्सेली विद्वान् जाक डेरिडा हुन् । विनिर्माण शब्द अंग्रेजी deconstruction को नेपाली रुपान्तर हो । यस सँग सम्वद्ध अन्य शब्द विनिर्माणवाद (deconstructionism) र विनिर्माणवादी (deconstructionist) हुन् । नेपालीमा विनिमार्णवादलाई विसंरचनावाद, विरचनावाद, विसंघटनावाद, विनिमिर्तिवाद आदि पनि भनिएको पाइन्छ । जाक डेरिडाले विनिर्माण सम्वन्धि चिन्तनको प्रारम्भिक विज पूर्ववर्ती दार्शनिक एवं चिन्तक फ्रेडरिक नित्से तथा मार्निन हाइडेगरवाट प्राप्त गरेका मानिन्छ । नित्सेको यस जगतमा निर्विकल्प सत्य केही छैन, तसर्थ कुनै पनि व्याख्या अन्तिम हुन सक्दैन भन्ने धारणा तथा हाइडेगरको भाषाले वस्तुको प्रकृतिवारे अनेक कुराको बोध गराउछ भन्ने धारणावाट डेरिडा प्रभावित भएको देखिन्छन् । यहि आधारशिलामा  उभिएर डेरिडाले विनिर्माणवाद सम्वन्धि अत्यन्त नविन तथा क्रान्तिकारी चिन्तन् अघि सारेका हुन् । विनिर्माणवाद सम्वन्धि उनको चिन्तनले विभिन्न विषय तथा विद्वानहरुमा अत्याधिक प्रभाव पारेको छ । यसवादलाई अघि बढाउने अन्य प्रखर चिन्तकहरुमा पौल डी म्यान, जेफ्री हार्टम्यान, जे.हिलिस मिलर र हराल्ड ब्लुम हुन् । अन्य विशिष्ट विद्वानहरुमा युजिनियो डुनेटो जोसेफ रिडेल, सोसना फेलम्यान, बार्बरा जोन्सन, जेफ्री मेहलम्यान, गायत्री चक्रवर्ती, स्पिभाक आदि हुन् ।

डेरिडाले पशिचिमि परम्परामा शब्द केन्द्रवादको प्रभुत्व छ भन्ने देखाउदै यसको विरोध गरेका छन् । शब्द केन्द्रवाद भनेको शब्दले आफू भन्दा बाहिरको अर्थ दिन्छ भन्ने धारणा हो । पशिचमेली सम्पूर्ण विचारधारा, मान्यता, वाद र सिद्धान्तले यस कुरालाई मान्ने हुँदा यी सवै एउटै व्यवस्था अर्थात शब्द केन्द्रवादमा बाँधिएका छन् । शब्द केन्द्रवाद अर्थात शब्दका पछाडी भाव, विचार वा अर्थ छ भन्नु उपस्थितिलाई स्विकार्नु हो । यसलाई उपस्थितिको अध्यात्मवाद भनिन्छ । डेरिडाले यस शब्द केन्द्रवादवादी अर्थात उपस्थितिको धारणालाई उल्टाएर अनुपश्थिति वा भिन्नताको धारणा प्रस्तुत गरेका छन् ।

उपस्थितिको धारणालाई डेरिडाका विचारमा भाषिक चिन्हका पछाडी भाव वा अर्थको उपस्थिति नभएर अनुपस्थिति रहेको हुन्छ । भाषिक चिन्हको निश्चित अर्थ नहुने हुँदा कुनै पनि पाठको एकदमै मिलेर आएको अर्थ हुदैन भन्दै यिनले अनिश्चितता देखाइ अनुपस्थितिलाई महत्व दिएका छन् । उपस्थितिको अभाव अर्थात अनुपस्थितिलाई व्यक्त गर्न यिनले नयाँ शब्द विभेद शब्दको निर्माण गरेका छन् । यो विभेद सिद्धान्तको प्रतिपादन अन्तर्गत राखिएको पाइन्छ ।

भाषाको क्षेत्रमा शब्द केन्द्रवादको ज्वलन्त उदाहरण कथ्य केन्द्रवाद हो । कथ्य केन्द्रवाद भनेको भाषाको कथ्य वा उच्चार्य रुपलाई प्रामाणिक, मूल, महत्वपूर्ण रुप मान्ने धारणा हो । भाषाको अर्को प्रकार लेख्य रुप हो र परम्परित धारणामा यसलाई गौण, अवास्तविक, अपूर्ण र छाँया रुप मान्निछ र डेरिडाले यस मान्यतालाई उल्टाएर कथ्य भन्दा लेख्य रुपलाइ बढी महत्व दिइ लेख्यकेन्द्रवादको स्थापना गरेका छन् ।

डेरिडाले भाषाका सवै रुपलाई आलङ्कारिक मानेका छन् । साहित्य मात्र हैन दर्शन, इतिहास, विज्ञान आदिमा प्रयुक्त भाषा पनि वस्तु परक तथा निश्चयात्मक अर्थ दिने भाषा नभई तिनमा पनि अर्थगत अनिश्चय रहने हुँदा अलङ्कारमय हुन्छ ।

कुनै पाठको समालोचना गर्दा दोहोरो पठन पक्रिया अंगाल्ने अवधारणा यस वादमा प्रस्तुत गरेको पाइन्छ । पहिलो पठन कृतिको वाह्यतलिय पठन हो । यसमा कृति जस्तो छ त्यसको यथारुप पठन गरिन्छ । दोस्रो पठन प्रकृया कृतिका मूख्य तत्वलाई यताउता सारी त्यसको आधारशिला बदलेर पढिन्छ भन्ने मान्यता डेरिडाले प्रस्तुत गरेका छन् ।

पाठको प्रत्येक पठन वा समालोचना अपव्याख्या हुने हुदा विनिर्माणवादीहरुले प्रत्येक पठन अनिवार्यतः अपठन हुन्छ भन्ने मान्यता अघि सारेका छन् । यसको तात्पर्य अशुद्ध वा बेठिक पाठ गर्नु नभएर पठन क्रममा अनिश्चिता र विचलनलाई स्वीकार गर्नु हो । पाठ र समालोचनाका बीचमा आलङ्कारिता पस्ने हुँदा पाठात्मकताका दृष्टिले साहित्यिक कृति र समालोचनामा कुनै अन्तर हुदैन, दुवै अपठन हुन्छन् भन्न यीनिहरुको मान्यता रहेको पाइन्छ ।

विनिर्माणवादले कृति विष्लेषणमा सवै परम्परित दृष्टिकोणलाई उल्टाएर सर्वथा नयाँ दृष्टिकोण सामुन्ने ल्याएको देखिन्छ । एउटै पाठकको अनेक पठन र व्याख्या हुन सक्ने मार्ग प्रसस्त गरेको छ । पाठक भन्दा बढी पाठ र त्यसको  पठनतर्फ ध्यानाकर्षण गरिएको पाइन्छ । विनिर्माणवादी दृष्टिकोण पूरै वस्तुवादी भएकाले यसले विषय वा व्यक्तिको महत्व घटाइ पठनको महत्व वढाएको छ । त्यसैगरी पाठको संरचनालाई विखण्डित गर्दैन वरु यसको संरचना स्वतः विखण्डित छ भन्ने प्रदर्शित गर्छ । यसले अर्थ पाठ बाहिर नभएर पाठ भीत्रै हुन्छ र त्यो अनिर्धारित, अनिश्चयात्मक तथा अनुपस्थित वा स्थगित हुन्छ भन्ने मान्यता राख्छ ।  सुकरातका पाइला उपन्यास यस विनिर्माणवादका मान्यता निकट भएकाले गोविन्दराज भट्टराईको यस कृतिलाई विनिमार्णवादी कृति भन्न सकिन्छ ।

*

## चौथो परिच्छेद

# शर्माका उपन्यासहरुको विश्लेषण

### ४.१ 'ओभ्केल पर्दा' उपन्यासको विश्लेषण

### ४.१.१ परिचय

ओभ्केल पर्दा वि.सं. २०२२ सालमा प्रकाशन भएको उपन्यास हो । सन् १९६५ का ३ जुन देखि ९ जुनसम्मका सात दिनमा लेखिएको यस उपन्यासमा रोयल नेपाल एकेडेमीका सदस्य लैनसिंह बाङ्देलको मन्तव्य सहित उपन्यासकारले 'यसको बारेमा' शीर्षकमा उपन्यास प्रतिको आफ्नो दृष्टिकोण प्रष्ट पारेका छन् । यो तानासर्मा उपनामबाट रत्न पुस्तक भण्डार, काठमाडौंबाट प्रकाशन भएको तारानाथ शर्माको प्रथम औपन्यासिक कृति हो । यसलाई ११ परिच्छेदका ११९ पृष्ठमा विस्तार गरिएको छ । बढीमा १९ पृष्ठ (परिच्छेद : १०) देखि कम्तिमा ६ पृष्ठ (परिच्छेद : ६ र ११) सम्मका परिच्छेदहरू रहेका यस उपन्यासमा दोस्रो र तेस्रो परिच्छेदको विभाजन गरिएको छैन । फलस्वरूप यस उपन्यासको परिच्छेद विभाजन शिथिल रहेको छ ।

### ४.१.२ कथावस्तु

वर्षेनी बालाचतुर्दशीका दिन लाग्ने ट्याम्के मेला भर्न लामाखुलेको एक्काईस वर्षे साङ्गे शेर्पा ओह्रालो लाग्छ । अलि तल पुगेपछि भ्कट्ट उसलाई आफ्नो मितसाला सर्गे राईको सम्भ्कना आउँछ । साङ्गेको मितसाला सर्गेले ट्याम्के मेलामा जाँदा मलाई पनि बोलाउनु है सँगै जाउँला भन्ने अनुरोध गरेको थियो । सर्गे राईलाई लैजाँदा विध्वंश पर्ने सम्भावना भए पनि ऊ आफ्नो मितसालालाई नलिइ जान श्रेयस्कर ठान्दैन । फलस्वरूप साङ्गे सेर्पा सर्गेको घरतिर लाग्छ । सर्गेको पिंढीमा ऊ र तारे रक्सी धोकिरहेका हुन्छन् । त्यहीं साङ्गे पनि रक्सी खान थाल्छ र केही समयपछि तीनै जना ट्याम्के मेलातर्फ लाग्दछन् । यसै क्रममा डाँडागाउँतिरबाट सिद्धकाली थानमा पूजा गर्न आएका धामीहरूको ढ्याङ्ग्रो प्वाल पारिदिन्छन् घण्ट फालेर उनीहरूलाई कुटेर भगाउँछन् अनि रइनीको भट्टीमा फेरि रक्सी खान थाल्दछन् ।

ट्याम्के भेगका अरू गाउँलेहरूको पनि घुइँचो लाग्ने त्यस मेलामा मेलाका दृष्टिले मात्र होइन आफ्नो इवी साँध्ने वा बदला लिने ठाउकाँ रूपमा पनि त्यसले प्रसिद्धि पाएको छ । परम्परागत अज्ञानता र अशिक्षाले गर्दा त्यस भेगका जनता स्वाँठ बनेका हुन्छन् । त्यही

परम्परागत मेलामा उनीहरूको पुरानो शत्रु मित्रबहादुर राई पनि आएको हुन्छ । यस क्रममा डाँडागाउँले र लामाखुलेहरूबीच कुटामारी चल्छ । त्यहाँ साङ्गेहरूले कति आइमाईका चुल्ठा काटिदिन्छन् भने कतिका टाउका फुटाइदिन्छन् । यही रिसको झ्वांकमा साङ्गे र सर्गेले उनीहरूको पुरानो शत्रु मित्रबहादुरको टाउको गिंडेर हत्या गर्छन् । निश्चल र पवित्र भावना हुँदाहुँदै पनि अज्ञानता, कुसंस्कार एवम् रक्सी र जाँडको अनियन्त्रित प्रभावबाट उन्मत्त बनेका` साङ्गे सेर्पाको अन्धो रिसले गर्दा उसले आजीवन कारागारको सजाय भोग्नुपर्छ । यस घटनालाई ढाकछोप गर्न उसले अनेक प्रयास गर्छ । आफ्ना सहयोगी साथीहरू सर्गे, तारे, रत्ने, जङ्गे, रने, कालेलाई सिद्धकालीको थानमा लगेर “सिद्धकाली माईले भस्म पार्ने कसैले कसैलाई केही पनि नभन्ने” (भण्डारी, २०२२ : ६०) भनी कसम खान लगाउँछ तापनि खुकुरी तथा उसका शरीरका लुगाहरूमा लागेका रगतका छिटा र दागहरूबाट साङ्गेको मानसिक धरातल सम्भाव्य आशङ्काले गर्दा आक्रान्त हुन्छ । उसका बाजे र श्रीमतीले सम्भावित सजायबाट बाँच्नका लागि मुग्लान पस्ने सल्लाह दिएका थिए तर साङ्गेलाई आफ्नो प्यारो जन्मभूमि तथा घर, गाउँ, जङ्गल आदिका आकर्षणले गर्दा मुग्लानतिर पलायन हुन मन लाग्दैन । यसरी उसको मथिङ्गलमा आकर्षण र विकर्षणका द्वन्द्व सघन रूपमा चर्किरहेका हुन्छन् । यसै समयमा साङ्गेलाई पक्राउ गर्न एकाबिहानै पुलिसहरू आएर उसको घर घेराउ गर्दछन् । यसबले । उसका मनमा अर्को हत्या गर्ने जस्ता क्षणिक विचार पनि आउँदछ तर यो कार्य पूरा हुन भने पाउँदैन । यसपछि साङ्गे सेर्पालाई र मित्रबहादर् की स्वास्नी फकाएर ल्याउने चित्रबहादुर राईलाई पुलिसले पक्रेर लैजान्छन् । पुलिसको निमर्म तथा बर्बर यातनाबाट साङ्गे सेर्पा टसकोमस हुँदैन । फलस्वरूप ऊबाट हत्याको कुरो खुस्कने कुनै छाँट देखिँदैन भने चित्रबहादुरले चाहिँ चाँडै कुरो खुस्काउँछ ।

यस उपन्यासको घटना श्रृङ्खलालाई अगाडि बढाउने अर्को पात्र टलकबहादुर हो । उसको आत्मकथनबाट के थाहा हुन्छ भने टलकबहादुर स्वयं दोषी होइन । सामन्ती मामाको दुर्व्यवहार र दोषारोपाणबाट उसले कैदको सजाय भोग्नु परेको हो । भाइमारा काममा ज्यादा प्रवृत्त हुने तथा सीधासाधा गाउँलेहरूलाई कीर्ते कागज गरेर झुट्टा मुद्दा लगाई उसको मामा झमक बहादुरले घरबार उठाइदिन्थ्यो । टलकबहादुरचाहिँ मामाको तारिख धाउथ्यँ या ।तारिख धाउँदा आफूले केही नपाएपछि उसले मामा झमकबहादुरको तारिख धाउन छाडिदिन्छ । जसका कारण मामाभान्जाबीच मनोमालिन्य बढ्न थाल्छ । फलस्वरूप टलकबहादुरलाई झमकबहादुरले घटीबढी करनीको मुद्दा लगाउँछ । टलकबहादुरले मुद्दा जितेपछि मामाका

शत्रुसँग मिलेर उसलाई मार्ने याजे ना बनाउँछ । योजना अनुसार धुलिखेलबाट तारिख खेपेर आएको मौकामा बाटैमा उनीहरूले झमकबहादुरलाई मरणासन्न हुने गरी कुट्छन् र दुबै आँखा फुटाएर खाल्डामा स्याउलाले छापेर राखिदिन्छन् । होस खुलेपछि बटुवासँग गुहार मागेर उनीहरूकै सहायताले घरमा पुगेको झमकबहादुरले अहिले भने टलकबहादुरलाई पोलेन । बरु छोराहरूलाई बोलाएर उसको सबै बाली बारी फर्काइदिनु भन्छ । यसको केही समयपछि राती उसका मामाका मतियारहरूले उसलाई मामा झमकबहादरु का घरमा लिएर जान्छन् भने उसकी स्वास्नीको भने हत्या गर्दछन् र हत्याको आरोप उल्टै टलकबहादुरलाई लगाएर जेल पठाउछँन् ।

### ४.१.३ कथानकको व्यवस्थापन

ओझेल पर्दा (२०२२) परम्परागत कुसंस्कार, अज्ञानता एवम् अशिक्षाले गर्दा स्वाँठ बनेका नेपाली पहाडी भेगका समाजको यथार्थ चित्रण गरिएको उपन्यास हो । नेपाली पहाडी ग्रमीण समाजका साथै कारागार भित्रको परिवेशलाई पनि जीवन्त रूपमा चित्रण गरिएको यस उपन्यासको घटना शृङ्खला क्रमिक रूपमा नआएर व्यतिक्रमिक बनेको छ । अर्थात् उपन्यासको कथानक विन्यास आदि, मध्य र अन्त्यको रैखिक शृङ्खलामा भएको छैन । केन्द्रीय कारागारको चित्रण गरी रचना गरिएको यस उपन्यासका प्रमुख पात्र साङ्गे सेर्पा, टलकबहादुर नेपाली पहाडी ग्रामीण समाजका यथार्थ स्तम्भ हुन् । यिनै दुई प्रमुख पात्र साङ्गे सेर्पा र टलकबहादुरले ‘म’ पात्र अर्थात् शर्माजीसँग आफूहरूले विगतमा गरेका क्रियाकलापको वर्णन गर्ने सन्दर्भमा उपन्यासको थालनी भएको छ । अर्थात् आफूहरू जेल परेको कारण अभिव्यक्ति गर्ने क्रममा उपन्यासको आरम्भ भएकाले कथानक पूर्वदीप्ति शैलीमा अगाडि बढेको छ । यसरी अगाडि बढेको उपन्यासको कथानक शृङ्खलाको ढाँचा निम्नानुसार छ ।

#### ४.१.३.१ आदिभाग

अशिक्षा तथा अज्ञानताले ग्रस्त नेपाली ग्रामीण समाजका व्यक्तिहरूको स्वाँठ पव्रृत्तिले गर्दा कहाली लाग्दो जीवन व्यतित गर्न बाध्य भएको सन्दर्भमा ‘ओझेल पर्दा’ उपन्यासको आदिभागको थालनी हुन्छ । यस उपन्यासमा टलकबहादुर जेलमा रहँदा दिउँसो उसको मामाको आँखा फुटाएको दिनको जस्तै चर्को घाम लागेको हुँदा सोही दिनको घटनाको स्मरणबाट थालनी भएको यस उपन्यासको आदि भागअन्तर्गत एक्काईस वर्षे साङ्गे सेर्पा

वर्षेनी बालाचतुर्दशीका दिन लाग्ने ट्याम्के मेला तर्फ लाग्नु, मेला जाँदा मितसाला सर्गे राईको सम्झना आउनु र ऊ मितसालाको घरतिर लाग्नु, उसको घरमा पुगी टन्न रक्सी खाई मेलतिर जाँदा सिद्धकालीका थानमा पूजा गर्न आएका धामीहरूलाई कुटेर लखेट्ने सम्मको घटना शृङ्खलाहरू पर्दछन् ।

### ४.१.३.२ मध्यभाग

यस उपन्यासको मध्यभागअन्तर्गत साङ्गे, सर्गे तथा यिनीहरूका अन्य लामाखुले साथीहरू ट्याम्के मेलामा रम्ने क्रममा उनीहरूको पुरानो शत्रु मित्रबहादुरले साङ्गे, सर्गेहरूसँग निहु खोज्नु, कुरै कुरामा मेलामा आएका आइमाईहरूका चुल्ठा काटिदुनुका साथै पुरानो शत्रु मित्रबहादुरको टाउको गिंडेर हत्या गर्नु, हत्या गरेको कुरा कसैलाई नभन्ने कसम खानु तथा हत्याराको खोजतलास हुँदै जाँदा साङ्गेको बाजे र श्रीमतीले उसलाई मुग्लानतिर लाग्ने सल्लाह दिनेसम्मका घटना शृङ्खलाहरू पर्दछन् ।

### ४.१.३.३ अन्त्य भाग

यस उपन्यासको अन्त्यभागअन्तर्गत साङ्गे सेर्पालाई पक्राउ गर्न पुलिसले उसको घर घेराउ गरेको घटनादेखि उसलाई र चित्र बहादुरलाई पक्राउ गर्नु, पुलिसको बर्बर यातनाबाट अभियुक्त साङ्गे सेर्पा टसको मस नहुनु तर निर्दोष चित्रबहादुर भने चाँडै सबुद हुने घटना हुँदै अर्को कैदी टलकबहादुर उसको मामा झमकबहादुरको दोषारोपणबाट श्रीमतीको हत्याको आरोपमा कैदी हुनुसम्मका घटनाहरू आएका छन् ।

प्रस्तुत उपन्यासको कथानकको व्यवस्थापन साङ्गे सेर्पा, टलकबहादुर, मित्रबहादुर आदि पात्रहरू किन जेल परे ? भन्ने कुराको अभिव्यक्ति 'म' पात्र अर्थात् शर्माजीसँग केन्द्रीय कारागारमा रहँदा यिनीहरू आफैंले प्रष्ट्याउने सन्दर्भमा अगाडि बढेको छ । यस प्रकार व्यतिक्रमिक रूपमा अगाडि बढेको यसको कथानकमा जेलका कैदीहरूले तँछाड र मछाड गर्दै आआफ्ना कथाव्यथा 'म' पात्र अर्थात् शर्माजीसँग अभिव्यक्त गरेकाले कथानक कही खजमजिन पुगेको छ ।

### ४.१.४ सहभागी

ओझेल पर्दा (२०२२) प्रशस्त मात्रामा पात्रहरू प्रयोग गरिएको उपन्यास हो । यसमा अन्धविश्वास, कुरीति एवम् अशिक्षाले गर्दा स्वाँठ बनेका नेपाली पहाडी भगका जनताहरूको

यथार्थ चित्रण गर्न आवश्यक पर्ने सबै खाले सहभागीहरूको उपस्थिति गराइएको छ । जसलाई विभेदक अभिलक्षणका आधारमा निम्नानुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

**ओझेल पर्दा**

| क्र.सं. | आधार → पात्र ↓ | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्गीय | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १ | साङ्गे सेर्पा | + | - | + | - | - | - | + | - | + | + | - | - | + | + | - |
| २ | टलकबहादुर | + | - | + | - | - | - | + | - | + | + | - | - | + | + | - |
| ३ | 'म' पात्र | + | - | - | + | - | - | + | - | + | + | - | - | + | + | - |
| ४ | झमकबहादुर | + | - | - | + | - | - | + | - | + | + | - | - | + | + | - |
| ५ | चित्रबहादुर | + | - | - | + | - | - | + | - | + | + | - | - | + | + | - |
| ६ | मित्रबहादुर | + | - | - | + | - | - | + | - | + | + | - | - | + | + | - |
| ७ | सर्गे राई | + | - | - | - | + | - | + | - | + | + | - | - | + | + | - |
| ८ | तारे | + | - | - | - | + | - | + | - | + | + | - | - | + | + | - |
| ९ | जङ्गे | + | - | - | - | + | - | + | - | + | + | - | - | + | - | + |
| १० | रत्ने | + | - | - | - | + | - | + | - | + | + | - | - | + | - | + |
| ११ | काले | + | - | - | - | + | - | + | - | + | + | - | - | + | - | + |
| १२ | रने | + | - | - | - | + | - | + | - | + | + | - | - | + | - | + |
| १३ | गोपाले भन्ने डिट्ठा | + | - | - | - | + | - | + | - | + | + | - | - | + | - | + |
| १४ | सुबेदार | + | - | - | - | + | - | + | - | + | + | - | + | - | - | + |
| १५ | इन्स्पेक्टर | + | - | - | - | + | - | + | - | + | + | - | + | - | - | + |
| १६ | विचारी | + | - | - | - | + | - | + | - | + | + | - | + | - | - | + |
| १७ | साङ्गेकी माइजू सासू | - | + | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| १८ | साङ्गेकी श्रीमती | - | + | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| १९ | बाजे | + | - | - | - | + | + | - | - | + | + | - | + | - | - | + |
| २० | टलकबहादुरकी श्रीमती | - | + | - | - | + | + | + | - | + | + | - | - | + | - | + |
| २१ | झमकबहादुरको जेठो छोरो | + | - | - | - | + | - | + | - | + | + | - | + | - | - | + |
| २२ | मिजार बूढा | + | - | - | - | + | + | - | - | + | + | - | + | - | - | + |
| २३ | थामी | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| २४ | ढकाल बाजे | + | - | - | - | + | + | + | - | + | + | - | - | + | - | + |
| २५ | अन्तरे दमाई | + | - | - | - | + | - | + | - | + | + | - | + | - | - | + |
| २६ | दमिनी | - | + | - | - | + | - | + | - | + | + | - | + | - | - | + |
| २७ | खिलफा | + | - | - | - | + | - | + | - | + | + | - | - | + | - | + |

विभेदक अभिलक्षणअनुसार निर्माण गरिएको उपन्यासका पात्रहरूको वर्गीकरण गर्ने तालिकाअनुसार पात्रले गर्ने कार्यका आधारमा यस उपन्यासमा प्रमुख, सहायक र गौण गरी तीनै वर्गका पात्रहरूको प्रयोग गरिएको छ । यस उपन्यासका प्रमुख पात्रका रूपमा साङ्गे सेर्पा र टलकबहादुर आएका छन् । यी दुई पात्रले नै उपन्यासको आदिदेखि अन्त्यसम्मको कथा सूत्रलाई अगाडि बढाएको देखिन्छ । यसैगरी यस उपन्यासका सहायक पात्रहरूमा 'म', मित्रबहादुर, झमकबहादुर, चित्रबहादुर, सर्गे राई रहेका छन् । यिनीहरू उपन्यासमा प्रमुख पात्रलाई सहयोग पुऱ्याउने चरित्रका रूपमा उपस्थित भएका छन् । यस उपन्यासका गौण पात्रहरूमा तारे, जङ्गे, रत्ने, काले, रने, गोपाले डिट्ठा, साङ्गेकी माइजूसासू, श्रीमती र बाजे, टलकबहादुरकी श्रीमती, मिजार बूढा, थामी, ढकाल बाजे, धामीहरू, इन्स्पेक्टर, सुबिदार आदि रहेका छन् । यी पात्रहरूको भूमिका उपन्यासमा सामान्य किसिमको छ ।

लिङ्गका आधारमा हेर्दा यस उपन्यासमा पुरुष पात्रहरू नै बढी देखिन्छन् । यस्ता पात्रहरूमा साङ्गे सेर्पा, टलकबहादुर, झमकबहादुर, मित्रबहादुर, चित्रबहादुर, 'म', सर्गे राई, जङ्गे, रत्ने, काले, रने, गोपाले डिट्ठा, विचारी, सुबिदार, इन्स्पेक्टर, ढकाल बाजे आदि रहेका छन् । त्यस्तै यस उपन्यासका स्त्री पात्रहरूमा रक्सी पसल्नी रइनी, साङ्गेकी माइजूसासू र श्रीमती, टलकबहादुर की श्रीमती, दमिनी आदि रहेका छन् ।

प्रवृत्तिका आधारमा यस उपन्यासमा प्रतिकूल पात्रहरूकै बाहुल्यता रहेको छ । निश्चल र पवित्र भावना हुँदाहुँदै परम्परागत कुरीति, अन्धविश्वास र अशिक्षाले गर्दा मूर्ख बनेका नेपाली समाजका चरित्रहरूका साथै त्यस अशिक्षित समाजमा रहेका व्यभिचारी व्यक्ति तथा सामन्ती र शोषकहरूको उपस्थिति उपन्यासमा गराइएको छ । यस उपन्यासका यस्ता खालका अर्थात् प्रतिकूल प्रवृत्तिका पात्रहरूमा साङ्गे सेर्पा, टलकबहादुर 'म', मित्रबहादुर, चित्रबहादुर, झमकबहादुर, सर्गे, तारे, जङ्गे, रत्ने, रने, काले, गोपाले डिट्ठा, बिचारी, सुबिदार, इन्स्पेक्टर, ढकाल बाजे आदि रहेका छन् । उपन्यासमा जीवनलाई नकारात्मक प्रभाव पार्ने चरित्र बोकेर यी पात्रहरू उपस्थित भएको पाइन्छ । यस उपन्यासका अनुकूल पात्रहरूमा साङ्गेकी माइजूसासू, मिजार बूढा, थामी, टलकबहादुरकी श्रीमती आदि आएका छन् । यी पात्रहरूको उपस्थिति उपन्यासमा समाजलाई सकारात्मक प्रभाव पार्ने किसिमको छ ।

स्वभावका आधारमा यस उपन्यासमा मूलतः स्थिर स्वभाव भएका पात्रहरूको उपस्थिति गराइएको छ । यसमा आएका पात्रहरू उपन्यासको आरम्भमा जुन विचारमा रहेका थिए, अन्त्यसम्म पनि त्यही विचारमा अडिग छन् । हुनतः शोषक झमकबहादुर ले

अब थिचोमिचो नगर्ने प्रतिबद्धता जनाएको छ तर उसले नै पछि भान्जो टलकबहादुरकी श्रीमतीको हत्या गराएर टलकबहादुरलाई श्रीमतीको हत्याको आरोप लगाइ जेल पठाउँछ । फलस्वरूप यस उपन्यासका प्रायः सबै पात्रहरू स्थिर स्वभावका छन् ।

जीवनचेतनाका आधारमा यस उपन्यासमा वर्गीय पात्रहरू नै रहेका छन् । यसमा प्रयोग भएका सबै पात्रहरूले नेपाली समाजका` कुनै न कुनै पक्षको प्रतिनिधित्व गरेका छन् । यहाँ साङ्गे सेर्पा अज्ञानी र अशिक्षित जातिको नै प्रतिनिधित्व गर्दछ भने टलकबहादुरचाहिँ अत्याचारको विरोधमा टाउको उठाउन चाहने केही चेतनशील वर्गको प्रतिनिधि चरित्र हो । फलतः यस उपन्यासका पात्रहरू वर्गीय चरित्रका रूपमा उपस्थित भएका छन् ।

आसन्नताका आधारमा यस उपन्यासमा मञ्चीय र नेपथ्य दुवै किसिमका पात्रहरू प्रयोग गरिएका छन् । यस उपन्यासका मञ्चीय पात्रहरूमा साङ्गे, सेर्पा, टलकबहादुर, मित्रबहादुर, चित्रबहादुर, झमकबहादुर, 'म', सर्गे राई, तारे, गोपाले डिट्ठा, इन्स्पेक्टर, टलकबहादुरकी श्रीमती, साङ्गेकी माइजूसासू आदि रहेका छन् । यी पात्रहरूको उपस्थिति उपन्यासमा प्रत्यक्ष रूपमा देख्न सकिन्छ । यस उपन्यासका नेपथ्यमा आएका पात्रहरूमा रत्ने, रने, काले, जङ्गे, बिचारी, दमिनी, मिजार बूढा, थामी, ढकाल बाजे आदि रहेका छन् । यी पात्रहरूको उपस्थिति उपन्यासमा प्रत्यक्ष नभए पनि यसको घटनाक्रमलाई अगाडि बढाउन यिनीहरूको महत्त्वपूर्ण भूमिका भने रहेको छ । आबद्धताका आधारमा हेर्दा यस उपन्यासमा बद्ध तथा मुक्त दुवै किसिमका पात्रहरूको प्रयोग गरिएको छ । यसका बद्ध पात्रहरूमा साङ्गे, सेर्पा, टलकबहादुर, 'म' पात्र, झमकबहादुर, मित्रबहादुर, सर्गे राई, तारे, गोपाले डिट्ठा आदि रहेका छन् । यी पात्रहरूको अनुपस्थितिमा उपन्यासको संरचना भत्किने हुँदा यिनीहरूलाई बद्ध पात्रका रूपमा लिइएको छ । यस उपन्यासका मुक्त पात्रहरूमा जङ्गे, काले, चित्रबहादुर, सुविदार, साङ्गेकी माइजूसासू, दमिनी, मिजार बूढा, थामी, ढकाल बाज` आदि पर्दछन् । यी पात्रहरूको अनुपस्थितिमा पनि उपन्यासको संरचनाले पूर्णता प्राप्त गर्न सक्ने हुँदा यी चरित्रहरूलाई मुक्त पात्रका रूपमा लिइन्छ ।

ओझेल पर्दा उपन्यासमा प्रयोग गरिएका सहभागीहरूलाई हेर्दा यस उपन्यासको पात्रयोजना सिथिल देखिन्छ । लिङ्गका आधारमा यस उपन्यासका स्त्री पात्रलाई गौण चरित्रका रूपमा मात्र उपस्थित गराइएको छ भने स्वभावका आधारमा स्थिर र जीवनचते नाका आधारमा वर्गीय पात्रहरूको मात्र प्रयोग गरिएको छ । फलतः उपन्यासमा विभेदक अभिलक्षणका सबै स्वरूपका पात्रहरूको उपस्थिति गराइएको छैन ।

### ४.१.५ परिवेश

ओभ्रेल पर्दा उपन्यासमा नेपाली पहाडी गाउँले परिवेशको चित्रण गरिएको छ । उपन्यासमा उल्लेख भए अनुसार वि.सं. २०१३ सालदेखिका घटना अर्थात् उपन्यास लेखनको समयभन्दा करिब दस वर्ष अघिको घटनाक्रमलाई केन्द्रीय कारागारको पृ ठभूमिमा उल्लेख गरिएको छ । यसप्रकार प्रस्तुत उपन्यासमा कारागार भित्रको परिवेश प्र यक्ष रूपमा आएको छ भने उपन्यासका सहभागीहरूको वार्तालापका सन्दर्भमा उनीहरूका जीवनका उकाली ओराली स्मरण गर्ने क्रममा धुलिखेलदेखि पूर्वी पहाडी जिल्ला भोजपुरसम्मको परिवेश आएको छ ।

प्रस्तुत उपन्यास केन्द्रीय कारागार भित्रको यथार्थ अभिव्यक्त गर्ने क्रममा सिर्जना भएको कृति हो । फलतः यसमा कारागारका भौतिक संरचनाको दयनीय स्थितिका साथै कैदीहरूका जीवनमा आउन सक्ने सङ्कटको चित्रण उपन्यासमा यसरी गरिएको छ- “उही धरहरा, उनै काला पहाडहरू उनै करङ खुस्केका धुरीहरू, उनै कामदारहरूको व्यस्त कुर्लाइ’ यसप्रकार उपन्यासमा नेपाली कारागारको जीर्ण अवस्थाको चित्रण गर्नुका साथै अपराधीहरूलाई सबुद गराउने नाममा दिइने बर्बर एवम् जङ्गली किसिमको सजायको चित्रण पनि यथार्थ किसिमले गरिएको छ - भाटाका टुक्राहरू आगामा तताएर ताता न ताता पारेपछि साङ्गेका पैताला उत्ताना पारेर पुलिसहरूले अनि डिट्ठा बाजे र इन्स्पेक्टर सापका आज्ञा बमोजिम डाम्न थाले तिनले उसका पैताला (शर्मा, २०३९ : २६) ।

यसरी यस उपन्यासमा कैदीहरूलाई निर्मम यातना दिंदा ज्यानमाराहरू चाहिँ सबुद नहुने तर चित्रबहादुर जस्ता निर्दोष व्यक्तिचाहिँ सजायको डरले सबुद हुने दुर्दान्त परिवेश आएको छ । उपन्यासको घटनाक्रमलाई अगाडि बढाउन आएका अनेक सहभागीहरूको पारिवारिक पृष्ठभूमि, रहनसहन आदि कुराको चित्रण पनि यथार्थ किसिमको छ । परम्परागत कुरीति, अज्ञानता र अशिक्षाले गर्दा स्वाँठ बनेका राई, सेर्पा, भोटे आदि जातिको बसोबास रहेको पहाडी परिवेशको चित्रण रोचक किसिमले गरिएको छ । यस क्रममा ट्याम्के डाँडो, त्यहाँ लाग्ने मेला, मेलामा हुने गरेका क्रियाकलाप आदिको चित्र उपन्यासमा हुबहु उतार्न सक्नु यस उपन्यासको सबल पक्ष हो । यसप्रकार कारागारको पृष्ठभूमिमा ग्रामीण पहाडी परिवेशका निम्नवर्गीय अशिक्षित जनताका रहनसहन, रीतिरिवाज, चालचलन आदिको सटिक प्रस्तुति उपन्यासमा गरिएको छ ।

### ४.१.६ उद्देश्य

ओझेल पर्दा मूलतः यथार्थ धरातलमा लेखिएको कृति हो । यस उपन्यासमा आएका घटना शृङ्खला हाम्रै सरल पहाडी ग्रामीण जीवनका दृश्य हुन् । यस उपन्यासका साङ्गे, टलकबहादरु , झमकबहादुर, मित्रबहादुर, इन्स्पेक्टर, सुबिदार आदि पात्रहरू र यिनले गरेका क्रियाकलाप हाम्रै जीवनसँग जोडिन आउँछन् । यसप्रकार नेपाली पहाडी ग्रामीण समाजको यथार्थ चित्रण गर्नु यस उपन्यासको उद्देश्य हो ।

हाम्रो समाज रूढिवादी संस्कारबाट ग्रसित छ । यस्तो विषम परिस्थितिमा बाँचेका सरल हृदय भएका मान्छेहरू रक्सी र जाँडको अनियन्त्रित प्रभावमा परेर कसरी घृणित अपराध गरिरहेका हुन्छन् भन्ने यथार्थको उद्घाटन यसमा गरिएको छ । यस्ता घृणित अपराध गर्ने साङ्गे सर्गे, टलकबहादुर आदि केवल शिक्षा र ज्ञानको अभावमा तथा मनमा छलकपट नभए पनि केवल रिसको झ्वाँकमा मनको आवगे लाइ वशमा राख्न नसकी गरेको कृर्त्यले उनीहरू जेलमा सड्न बाध्य हुनुपरेको छ । उपन्यासमा यस्तो घटनाप्रति वितृष्णा व्यक्त गर्दै समाजका अन्धपरम्परा, कुरीति, अशिक्षा जस्ता पक्षमा आमूल सुधार गर्नुपर्ने सन्देश दिनु यस उपन्यासको अर्को उद्देश्य  हो । नेपाली समाजमा जति पनि अपराधिक क्रियाकलापहरू हुन्छन्, तीमध्ये बहुसङख् यक अपराधहरू अशिक्षा एवं यसले उत्पन्न गराउने आवेगजन्य झ्वाँकले गर्दा हुन्छन् । यसर्थ अपराध नियन्त्रण गर्न प्रथमतः समाजमा शिक्षाको ज्योति फैलाउनु पर्छ भन्न` सन्देश दिनु पनि उपन्यासको अर्को उद्देश्य हो । त्यस्तै अपराधीहरूलाई सबुद गराउन निर्मम भौतिक यातनाबाट सम्भव छैन । भौतिक सजायबाट निर्दोष सबुद हनु अपराधीहरू टसकोमस नगर्ने अवस्थाको सिर्जना हुन्छ । तसर्थ अपराधीहरूलाई सबुद गराउन मनोवैज्ञानिक उपाय अवलम्बन गर्नुपर्छ भन्ने विचार प्रक्षेपण गर्नु यस उपन्यासको अर्को उद्देश्य हो (शर्मा, २०३९ : २६) ।

### ४.१.७ दृष्टिविन्दु

कृतिमा लेखकले आफ्नो विचार अभिव्यक्त गर्न एउटा निश्चित पद्धति अपनाएको हुन्छ । त्यो पद्धति नै दृष्टिविन्दु हो । ओझेल पर्दा उपन्यासमा पनि कथा वाचनका लागि एउटा प्रक्रिया अपनाइएको छ । जुन प्रथम पुरुष दृष्टिविन्दुका रूपमा रहेको छ ।

केन्द्रीय कारागारको परिवेशमा रचिएको यस उपन्यासमा कारागारभित्र रहेका कैदीहरूको जीवन कहानी उनिएको छ । उपन्यासमा यी घटनाहरूको चित्रण समाख्याता

प्रथम परु ष 'म' पात्रका रूपमा उपस्थित भई गरेका छन् । समाख्याताले यस उपन्यासका प्रमुख पात्रहरू साङ्गे र टलकबहादुरका जीवन कहानीलाइ जोड्ने काम गरेका छन् । यी दुई पात्रका जीवनका विविध सन्दर्भहरू जोड्ने क्रममा होस् वा आफ्नो अभिव्यक्ति दिने क्रममा होस् प्रथम पुरुष दृष्टिविन्दुमै उपस्थित भएका छन् । फलस्वरूप उपन्यास प्रथमपुरुष परिधीय दृष्टिविन्दुमा सरं चित हन पुगेको छ ।

## ४.१.८ भाषाशैलीय विन्यास

ओझेल पर्दा हाम्रै समाजका विषय, पात्र, परिवेश आदिको चित्रण गरिएको कृति हो । तसर्थ यस उपन्यासमा समाज र जीवनमा प्रचलित भाषिक रूपहरूको प्रयोग गरिएको छ । यसले उपन्यासको सौन्दर्यवृद्धिमा टेवा पुऱ्याएको छ । नेपाली ग्रामीण समाजको यथार्थ चित्रण गर्ने सन्दर्भमा कतै वर्णनात्मक कतै संवादात्मक कतै चित्रात्मक भाषाको प्रयोग गरिएको छ । यसले उपन्यास पठनमा कौतूहल सिर्जना गरेको छ । पात्रगत रूपमा हेर्दा यस उपन्यासका समाख्याता 'म' पात्रको संवादमा प्रबुद्ध भाषाको प्रयोग गरिएको छ भने साङ्गे, सर्गे, टलकबहादुर आदिका संवादमा कथ्य अभिव्यक्तिगत स्वाभाविकता पाइन्छ । त्यस्तै साङ्गेको बाजेको संवादमा देखिएको मातृभाषाको लवज जस्तैः- "सपोयले भन्छ तिमी नाइके थ्यो अरे । या बास्नु हुँदैन मुद्दा पार्छा ।" (शर्मा, २०३९ : २६) यसैगरी खिलफा तथा रतन्छा तामाङ्को संवादमा आएको आफ्नो पन (पृ. ८२) तथा जेलका हाकिमहरूका बोलीमा आएका अशिष्ट शब्दहरू जस्तैः रांडीका छोराहरू (पृ. ३१), लाद्रो पल्टुन्जेल (पृ. ३५), मुता तेरो बाउलाई छुलछुल (पृ. ३५) पाजी जाडे (पृ. ५५) ले उपन्यासको भाषालाई यथार्थको नजिक पुऱ्याएको छ । छोटाछोटा वाक्यविन्यास, तत्सम, तद्भव शब्दका साथै ठेट नेपाली शब्दहरूको प्रचुर मात्रामा प्रयोग गरिएको यस उपन्यासको भाषाशैलीय विन्यास सरस किसिमको छ । उखान-टुक्काको समुचित प्रयोग, उपमा अलङ्कारको प्रचुरता तथा अनुकरणात्मक शब्दको उल्लेख्य मात्रामा विन्यास गरिएकाले उपन्यासको भाषा सुमधुर बनेको छ ।

## ४.१.९ व्याख्या तथा निष्कर्ष

ओझेल पर्दा यथार्थको प्रकटीकरण गरिएको उपन्यास हो । मूल रूपमा केन्द्रीय कारागारको परिवेशमा नेपाली पहाडी समाजका निश्चल तथा पवित्र भावना भएका जनताका अज्ञानता, अशिक्षा तथा रक्सी र जाँडको अनियन्त्रित प्रभावबाट उत्पन्न भएको

आवगे जन्य क्रियाकलापले गर्दा उनीहरूले जीवनभरि भोग्नु परेका े कारागारको कहालीलाग्दो जीवनको चित्रण गरिएको छ । अशिक्षाले गर्दा स्वच्छ हृदय भएका नेपाली युवाहरूले आवेगमा आएर गरिएको क्रियाकलापमार्फत जीवनभरि कैदी बन्नु परके ो यथार्थ प्रकटीकरण गरिएको यस उपन्यासमा अपराध नियन्त्रण गर्न प्रथमतः समाजमा शिक्षाको ज्योति नै फैलाउनु आवश्यक छ भन्ने सन्देश दिइएको छ । ओझेल र पदा ंगरी दई पद मिलेर बनेको यस उपन्यासको शीर्षकले प्रकाश नपुगेको ु अथार्त् छायाँ भएको स्थान भन्ने जनाउछँ । यस उपन्यासमा पयोग भएका पात्रले प्रकाश रूपी, समाजमा जीवन व्यतीत नगरेर कारागारको कालकोठरी भित्र व्यतीत गरेका छन् । त्यसैगरी नेपाली समाजमा शिक्षाको ज्योति नफिजिई ओझेल रूपी अज्ञानता व्याप्त भएको अवस्थाको चित्रण गरिएकाले शीषर्क साथक छ ।

## ४.२ 'मेरो कथा' उपन्यासको विश्लेषण

### ४.२.१ परिचय

मेरो कथा उपन्यास तारानाथ शर्मा वि.सं. २०२३ सालमा केन्द्रीय कारागारमा सुरक्षा ऐनअन्तर्गत थुनिदा जलेका अपराधीहरूको विषयमा लेखिएको कृति हो । रत्न पुस्तक भण्डारबाट वि.सं. २०२३ सालमा तानाशर्मा उपनामबाट प्रकाशित प्रस्तुत उपन्यास लेखनको पृष्ठभूमि तथा यसका घटना शृङ्खलाहरूबारे सूचना दिइएको छ । ६ परिच्छेदको १७४ पृष्ठमा यो उपन्यास विस्तारित भएको छ । यसका परिच्छेदहरू बढीमा ५९ पृष्ठ ( परिच्छदे २) देखि घटीमा १ पृष्ठ (परिच्छेद ६) सम्मका रहेका छन् । फलतः उपन्यासकार उपन्यासको परिच्छेद विभाजनमा सचेत देखिंदैनन् ।

### ४.२.२ कथावस्तु

मेरो कथा उपन्यासमा पाँच वर्षको उमेरमा नै आमाको वात्सल्य प्रेमबाट विमुख भएको 'म' पात्रको बाबुले उसकी आमाको मृत्युपछि अर्की स्वास्नी ल्याएको हुन्छ । बाबुको दोस्रो विवाहपछि पितृ वात्सल्यबाट पनि वञ्चित बनेको 'म' पात्र जीवनमा माया र प्रेमका े अभावमा आगाले पोलेको अनुभव गर्छ । फलतः ऊ माया र प्रेमको शीतलताको खाजे ीमा भौँतारिएकाले रमणीय नगरी कास्कीलाई पनि मरुभूमि तुल्य उजाड र उराठलाग्दो ठान्दछ ।

२० वर्षको उराठलाग्दो जीवन व्यतित गरेपछि 'म' पात्रले जीवनमा शीतलताको अनुभूति गर्दछ । उसका जीवनमा एउटी यस्ती गुरुङ्सेनी आई जसको चञ्चलता काँडजस्तै

हलुङ्गो थियो, आँखा हरिणका जस्ता थिए । त्यही गुरुङसेनीको प्रत्यक्षीकरणबाट ‘म’ पात्र विचलित बनेको थियो । वैशाखको पूर्णिमामा लुम्ले डाँडामाथिको विशाल ढुङ्गो नखसिदेओस् भनरे सम्पूर्ण जनता भगवतीको पूजा गर्ने आउँदा यी दुवैमा देखादेख भएको हुन्छ । यसको सात दिन पछि त्यस भेगका युवाहरूमा छेलो खेल्ने प्रतियोगिता हुन्छ । वर्षेनी चल्ने यस प्रतियोगितामा पाचँ वर्षदेखि नाम कमाउँदै आएको रनबहादुरलाई हराउँदै ‘म’ पात्रले विजयश्री प्राप्त गर्दछ । यस घटनाबाट अव्यक्त रूपमा नै यी दुईबीच प्रेम झाँगिन थाल्छ ।

छेलो प्रतियोगिताको दस दिनपछि गुरुङसेनी नौलीको प्रेमबाट व्यथित बनेर ‘म’ पात्र लुम्ले गाउँतिर लाग्छ । घरमा एक्लै बसेकी नौली कहाँ ऊ पानी खाने निहुँ गरी जान्छ । छेलो प्रतियोगिताको जितका हर्षको कुराकानीपछि ‘म’ पात्रले रोदी घरमा भेटने् गरौंभन्दा नौली रोदीमा जान मान्दिन । यसको कारण सोध्दा यसको कथा लामो छ, तसथर् भोलि पारीपाखाको ऐंसेलु घारीमा भेटौं अनि गीतहरू पनि सुनौंला, कथा पनि भनौंला भन्छे । त्यस रात ऊ नालै ीलाई मायाको अँगालोमा कसरी बेर्ने भन्ने योजना बनाउँछ र भोलिपल्ट पूर्व निर्धारित स्थानमा जाँदा नौली आउन ढिला गरेकी र उसले नै एकोहोरिएर बसिरहेको ‘म’ पात्रलाई पहिले देखेकीले उसका नौलीलाई मायाको अँगालोमा बेर्ने सबै योजना चकनाचुर हुन्छन् । त्यसपछि प्रेमभावका गीतमा भुलिएका प्रेमीप्रेमिका गीत गाइसकेपछि ‘म’ पात्रको रोदीमा भेट्ने आग्रहलाई पूनः अस्वीकार गर्छे । त्यहाँ रनबहादुरले फिला चिमोटेर, पाखुरा अँठ्याएर हैरान पार्नुका साथै छ्वोसी आमाले पनि अभरमा पार्न सक्छन् भन्छे । त्यसपछि लुम्ले गाऊँको ऐंसेलु घारीहरूमा नै ‘म’ पात्र प्रेमका े स्वाद चाख्न थाल्छ र जीवनमा शीतलताको अनुभव गर्दछ । यता नौलीका आमाबाबुले उसको बिहे रनबहादरु सँग गरिदिने निश्चय गर्दछन् तर दाजुकी सालीलाई बिगारिदिने र दाजुलाई मलाया पठाउने त्यस दुष्टसँग विवाह गरिदिए सेतीमा हाम फालेर प्राणोत्सर्ग गर्छु भन्दै ‘म’ पात्रलाई भगाउन आग्रह गर्छे । प्रेमको स्वादमा रत्तिएको ‘म’ पात्र नौलीलाई भगाएर साथीकहाँ लगेर लुकाउँछ । त्यहाँ बस्दा पनि असुरक्षित हुने ठानी खर्चको बन्दोवस्त गरी काठमाडौंतिर लाग्छ । काठमाडौं जाने क्रममा पोखरा काटिसक्न लाग्दा रनबहादुर र नौलीको काकाले बाटो ढुकेर उनीहरूलाई भेट्टाउँछन् । यसपछि ‘म’ पात्रले मरणासन्न हुने गरी चुटाइ खान्छ भने नौली उसलाई केही भए सेतीमा हाम फालेर प्राण त्याग्छु भन्दै रुन थाल्छे । होस आएपछि सेतीको किनार हुँदै पोखरा बजारतिर लागेको ‘उसलाई प्रेमले लोभ देखाएर गलहत्याइदिएको हुँदा उसमा सेतीमा हामफालेर प्राणोत्सर्ग गर्ने क्षणिक विचार आए पनि त्यसो गर्न भने सक्दैन ।

नौलीसँगको विछोडको विरह व्यथाले गर्दा ऊ प्रवासमा गएर पल्टनमा प्रवेश गर्दछ तर कास्केली डाँडालाई माया मारेर नौडाँडा काटेपछि उसले रसिलो भन्ने वस्तु भेट्दै भेटने । सुनौलो भविष्यको निर्माण गर्ने आशामा बिखको औषधी बिख नै हुन्छ भनेभ्रैं परिस्थितिको कमारो भएर पल्टनमा रहँदा उसले गाउँका गाउँ खरानी पारेर आठ वर्ष बिताउँछ । त्यहीं उसले आफ्नो मातृभूमिका आँधीखोले, कालीपोर क्षेत्री, अरिमठे मगरसँग परिचित हुने अवसर पाउँछ । आफ्ना मित्रहरूका साथ जस्तोसुकै विषम परिस्थितिमा पनि अगाडि बढेर शत्रहु रूको लास गिराए पनि मानपदवी भने डरछेरुवाहरूले नै पाएकाले उसको मथिङ्गलमा यहाँ मानवीयता हुँदो रहेनछ भन्ने बोध हुन्छ । तसर्थ आफ्नो जलेको हृदय बोकेर ऊ सैनिक जीवनबाट निरास र हतास भएर पल्टनलाई अन्तिम नमस्कार गरी छ महिनाको विदा लिएर कहिल्यै नफर्कने दृढ सङ्कल्प गर्दै मातृभूमि फर्कन्छ ।

स्वदेश फर्किएपछि उसबाट छुट्टिएको एक महिनामा नै नालै ी रनबहादुरसँग विवाह गरी उसकी अन्तरङ्ग सहचरी बनेर तीन छोराछोरीकी आमा भइसकेकी कुरा बहिनीबाट थाहा पाउँछ । नौलीबाट बिछोडिएर लाहुरे बनेको ‘म’ पात्रले उसले विश्वासघात गर्ली भन्ने कर ु ा चिताएको पनि थिएन । फलस्वरूप उसको विवाह गर्ने इच्छा नभए पनि दिदीका ढिपीले उनैद्वारा ठिक पारिएकी केटीसँग बिहे गर्ने निर्णय गर्छ । बिहे हुने अघिल्लो दिन ऊ रनबहादुरको षडयन्त्रले सैलुङ रानामगरको लास बेपत्ता पारेको आरोपमा बीस वर्ष सजायमा पर्छ  पोखरा जेलमा परेको ‘म’ पात्रलाई त्यस जेलमा रहेका सुबिउचरी, चुरौटेनी, चुरौटे, लिखपुराध्या, धोधानेसहित काठमाडौं केन्द्रीय कारागारमा चलान गरिन्छ । काठमाडौं जाने क्रममा एक आपसमा नजिकिएका अपराधीहरूले बाटो काट्ने सजिलो उपाय कथा नै भएकाले ‘म’ पात्र बाहेक पाँचै जना कैदीहरूले आफूहरू जेल पर्नाका जीवनकहानीहरू बताउँदै जान्छन् । केही समयपछि केन्द्रीय कारागारमा ‘म’ पात्रका नाममा एउटा चिठी आउँछ । उक्त चिठीमार्फत सैलुङ रानामगर ह्वोस्यापुर भारतमा  भएको र रनबहादुरले उसलाई पचास रूपैंयाँ दिएर विदेशिन लगाएको कुरा यस उपन्यासको गर्भभित्र समाहित भएको छ ।

### ४.२.३ कथानकको व्यवस्थापन

नेपाली समाजका विविध आमुखिकाहरूको चित्रण गरिएको मेरो कथा उपन्यास यथार्थ धरातलमा उभिएको कृति हो । पश्चिमी नेपालको गुरुङ संस्कृति र त्यस भेगका वरपरका अन्य चालचलन, प्रवृत्ति आदिको मर्मस्पर्शी चित्रण यस उपन्यासमा गरिएको छ ।

उपन्यासको पम्रुख पात्र 'म' का जीवनमा आएका मोड प्रतिमोडको सजीव चित्र उतारिएको यो उपन्यास रैखिक ढाँचामा लेखिएको छ । फलस्वरूप उपन्यासको कथावस्तु आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा प्रस्तुत गरिएको छ । यसको क्रमशङ्खला तल प्रस्तुत गरिन्छ -

## ४.२.३.१ आदि भाग

'म' पात्रको जीवन कहानी उनिएको यस उपन्यासको आदिभागअन्तर्गत पाँच वर्षको उमेरमा नै मातृ वात्सल्यबाट विमुख बनेका 'म' पात्रले बाबुले आमाको मृत्युपछि अकी स्वास्नी ल्याएकाले पितृ स्नेहबाट पनि वञ्चित हुन पुग्छ । कान्छी आमाको प्रवेशसँगै बाबुको प्रेम खोसिएकाले आगाको रापिलो तापको अनुभूति गर्दै प्रेमको शीतलताको खोजी गर्दा गुरुङ्सेनी नैलीसँग प्रेम बसेको घटनासम्म पर्दछ ।

## ४.२.३.२ मध्य भाग

यस उपन्यासको मध्यभागमा 'म' पात्र गुरुङले नौलीलाई भगाएर काठमाडौं लान थालेको हुन्छ तर नौलीको काका र रनबहादुरले बाटो ढुकेर उसलाई मरणासन्न हुने गरी कुटी नौलीलाई फर्काएर लगेको घटनादेखि ऊसँगको विछोडपछि 'म' पात्र पल्टनमा भर्ती भएको र पल्टनमा पनि हुतिहारा डरछेरुवाहरूले नै मानपदवी पाएकाले त्यसबाट पनि विरक्त भएर स्वदेश फर्किएपछि बहिनीबाट नौलीले विश्वासघात गरेको कुरा जानकारी भएपछि दिदीको आग्रहमा उनैद्वारा ठीक पारिएकी केटीसँग विवाह गर्न मञ्जुर भएको घटनासम्म पर्दछ ।

## ४.२.३.३ अन्त्यभाग

यस उपन्यासको अन्त्यभागअन्तर्गत विवाह हुने अघिल्लो दिन सैलुङ रानामगरको लास बेपत्ता भएको आरोपमा 'म' पात्र जेल परेको घटनादेखि लिएर सैलुङ रानामगरलाई रनबहादुरले नै पचास रूपैयाँ दिएर विदेसिन लगाएको रहस्यका उद्घाटन भएसम्मका घटना शृङ्खलाहरू पर्दछन् । मेरो कथा उपन्यासको कथानकको व्यवस्थापन क्रमिक शृङ्खलामा अगाडि बढेको छ । पाँच वर्षको उमेरमा नै मातृ वियोग सहन बाध्य भएको 'म' पात्रको बाबुको दोस्रो विवाह पछि पितृ वात्सल्यबाट पनि विमुख बनेको घटनादेखि जीवनका अनके मोडहरू पार गर्दै अगाडि बढ्ने क्रममा गाउँकै हुल्याहा सामन्तका जालमा परी बीस वर्षे सजायमा परेकोसम्मका घटनाक्रमहरू शृङ्खलित रूपमा आएको हुँदा उपन्यास आदि, मध्य र अन्त्यको रैखिक शृङ्खलामा आबद्ध भएको छ ।

## ४.२.४ सहभागी

मेरो कथा बहुपात्रीय उपन्यास हो । यस उपन्यासका सहभागीहरूले विभिन्न चरित्र बोकेका छन् । यस्ता सहभागीहरूलाई विभेदक अभिलक्षणका आधारमा तयार पारिएको तालिकामा निम्नानुसार देखाउन सकिन्छ ।

### मेरो कथा

| क्र.सं. | आधार → पात्र ↓ | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्गीय | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १ | 'म' पात्र | + | - | + | - | - | + | - | - | + | + | - | - | + | + | - |
| २ | नौली गुरुङसेनी | - | + | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| ३ | रनबहादुर | + | - | - | + | - | - | + | - | + | + | - | - | + | + | - |
| ४ | नौलीको काका | + | - | - | + | - | - | + | - | + | + | - | - | + | + | - |
| ५ | अरिमठे मगर | + | - | - | + | - | - | + | - | + | - | + | - | + | + | - |
| ६ | कालीपारे क्षेत्री | + | - | - | + | - | + | - | - | + | + | - | - | + | + | - |
| ७ | आँधीखोले | + | - | - | + | - | + | - | - | + | + | - | - | + | + | - |
| ८ | कैलुङ्गे गुरुङ | + | - | - | - | + | - | + | + | - | - | + | - | + | - | + |
| ९ | बाटुली | - | + | - | - | + | + | - | + | - | + | - | - | + | - | + |
| १० | चङ्खे | + | - | - | - | + | + | - | + | - | + | - | - | + | - | + |
| ११ | सुबिउचरी | - | + | - | - | + | + | - | + | - | + | - | - | + | - | + |
| १२ | चुरौटेनी | - | + | - | - | + | - | + | + | - | - | + | - | + | - | + |
| १३ | लिखुपाध्या | + | - | - | - | + | - | + | + | - | + | - | - | + | - | + |
| १४ | घोधाने | + | - | - | - | + | - | + | + | - | - | + | - | + | - | + |
| १५ | प्रौढ मेजर | + | - | - | - | + | + | - | - | + | + | - | + | - | - | + |
| १६ | गैह्रीघरे | + | - | - | - | + | - | + | - | + | + | - | + | - | - | + |
| १७ | ह्रोसीआमा | - | + | - | - | + | - | + | - | + | + | - | + | - | - | + |
| १८ | भँडारे | + | - | - | - | + | + | - | - | + | + | - | + | - | - | + |
| १९ | सैलुङ रानामगर | + | - | - | - | + | + | - | - | + | + | - | + | - | - | + |
| २० | 'म' पात्रकी बहिनी | - | + | - | - | + | + | - | - | + | + | - | + | - | - | + |
| २१ | 'म' पात्रकी दिदी | - | + | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| २२ | 'म'पात्रकी जेलकी प्रेमिका | - | + | - | - | + | + | - | - | + | + | - | + | - | - | + |

माथिको तालिकाअनुसार कार्यका आधारमा यस उपन्यासमा प्रमुख पात्रका रूपमा 'म' पात्र र नौली गुरुङसेनी रहेका छन् । यिनै दुई पात्रका केन्द्रविन्दुमा उपन्यासले फेरो मारेको छ । अथार्त् 'म' पात्र गुरुङ र नौली गुरुङसेनीका जीवनमा आएका उतार चढाउ, जीवन भागे ाइका सुख-दुःख, पीडा-हर्ष, विस्मात, निराशा आदि मनोभावहरूको अभिव्यक्ति नै मेरो कथा उपन्यासको केन्द्रविन्दु हो । यस उपन्यासका प्रमुख पात्रलाई सहयोग पुऱ्याउने सहायक पात्रका रूपमा रनबहादरु, नौलीको काका, अरिमठे मगर, कालीपारे क्षेत्री, आँधीखोले प्रयोग भएका छन् भने अन्य पात्रको भूमिका गौण रहेको छ । यस्ता पात्रहरूमा कैलुङ्गे गुरुङ, बाटुली, चङ्खे, सुबिउचरी, चुरौटेनी, चुरौटे, लिखु पाध्या, धोधाने, प्रौढ मेजर, गैह्रीघरे, ह्रोसीआमा, भँडारे सैलुङ रानामगर, 'म' पात्रका दिदी, बहिनी, जेलकी प्रेमिका पर्दछन् ।

लिङ्गका आधारा यस उपन्यासमा पुरुष पात्रहरू बढी देखिन्छन् । यसका पुरुष पात्रहरूमा 'म' पात्र, रनबहादुर, नौलीको काका, अरिमठे मगर, कालीपारे क्षेत्री, आँधीखोले, कैलुङ्गे गुरुङ, सैलुङ रानामगर, चङ्खे, लिखु पाध्या, लप्लपे धोधाने, प्रौढ मेजर, भँडारे, सैनिकहरू, जेलका रक्षकहरू, सिपाहीहरू रहेका छन् भने स्त्री पात्रहरूमा नौली, बाटुली, सुबिउचरी, चुरौटेनी, ह्रोसीआमा, नौलीकी दाजुकी साली, 'म' पात्रका दिदी, बहिनी र पोखरा जेलकी प्रेमिका रहेका छन ्।

प्रवृत्तिका आधारमा यस उपन्यासमा अनुकूल र प्रतिकूल दुवै चरित्र बोकेका सहभागीहरू रहेका छन् । यसका अनुकूल पात्रहरूमा 'म' पात्र, नौली, कालीपारे क्षेत्री, आधीँखोले, बाटुली, चङ्खे, प्रौढ मेजर, सैलुङ रानामगर, गैह्रीघरे, भँडारे, 'म' पात्रका दिदी, बहिनी र पोखरा जेलकी प्रेमिका, सुबिउचरी पर्दछन् । यस उपन्यासका प्रमुख पात्र 'म' र नालै ीमध्ये परिस्थितिको कमारो भएर 'म' पात्रले पल्टनमा अनेकौं निहत्था जनताको घरबार भताभङ्ग पारेको र नौलीले 'म' पात्रकी जीवन सहचरी बन्ने प्रण गरे पनि रनबहादुरकी श्रीमती बनेकी छ । यसबाहेक यिनीहरूका अन्य प्रवृत्ति अनुकूल नै छन् । त्यस्तै यस उपन्यासका प्रतिकूल पात्रहरूमा रनबहादरु , नौलीको काका, अरिमठे मगर, कैलुङ्गे गुरुङ, चुरौटे, चुरौटेनी, लिखु पाध्या, धोधाने, ह्रोसी आमा रहेका छन् । यी पात्रहरूले कुनै न कुनै रूपमा समाजलाई कलुषित बनाउने काम गरेका छन् ।

स्वभावका आधारमा यस उपन्यासमा गतिशील र स्थिर दुवै प्रकारका पात्रहरूको प्रयोग गरिएको छ । यसका 'म' पात्र, रनबहादुर, नौलीको काका, कालीपारे क्षेत्री, आधीँखोले, चुरौटेनी, चुरौटे, गैह्रीघरे, प्रौढ मेजर, 'म' पात्रका दिदी, बहिनी र पोखरा जेलकी प्रेमिका

आदि सहभागीहरू स्थिर पात्रका रूपमा आएका छन् भने नौली, बाटुली, चङ्खे, सुविउचरी, लिखु पाध्या, धोधाने, भँडारे, युवती आदि पात्रहरू गतिशील चरित्रका रूपमा उपस्थित भएका छन् ।

जीवनचेतनाका आधारमा यस उपन्यासका प्रायः सबै पात्रहरू मञ्चीय छन् भने सैलुङ रानामगर 'म' पात्रको बा, आमा, कान्छीआमा, नौलीको दाजु, दाजुकी साली नेपथ्यमा आएका छन् । उपन्यासको घटनाशृङ्खला अगाडि बढाउन यिनीहरूको भूमिका रहे पनि पत्र यक्ष उपस्थिति भने देखिंदैन ।

आबद्धताका आधारमा यस उपन्यासका 'म' पात्र, नौली, रनबहादुर, अरिमठे मगर, कालीपारे क्षेत्री, धोधाने, आधँ ीखोले, शैलुङ रानामगर बद्ध पात्र हुन् । यी पात्रहरूको अनुपस्थितिमा यस उपन्यासले औपन्यासिक संरचना पाप्त गर्न सक्दैन । त्यस्तै जुन पात्रलाई उपन्यासबाट झिक्दा औपन्यासिक सरं चनामा कुनै असर पर्दैन त्यस्ता पात्रहरूलाई मुक्त पात्र भनिन्छ । यस उपन्यासका कैलुङ्गे गुरुङ, बाटुली, चङ्खे, चरु ौटेनी, चुरौटे, लिखु पाध्या, ह्रोसीआमा, भँडारे, 'म' पात्रकी दिदी, बहिनी र पोखरा जेलकी प्रेमिका आदि पात्रहरू मुक्त सहभागी हुन् । यी सहभागीहरूको अभावमा पनि उपन्यासको निर्माण गर्न सकिन्छ ।

मेरो कथा उपन्यासको पात्र योजनालाई विभेदक अभिलक्षण तालिकाका आधारमा वर्गीकरण गर्दा शिथिल देखिन्छ । कार्यका आधारमा यसका प्रमुख पात्रमा 'म' र नौली उपस्थित भए पनि नौलीको भूमिका सीमित छ जुन यस उपन्यासको कमजोर पक्ष हो । यति भए पनि पात्रयोजनाका अन्य पक्षमा भने उपन्यास सफल देखिन्छ ।

## ४.२.५ परिवेश

मेरो कथा उपन्यासले नेपालको पश्चिमी भूभाग अन्तर्गतको कास्केली परिवेशलाई रूपमा समेटेको छ । पोखराको वरिपरिको गुरुङ संस्कृतिको यथार्थ झल्को दिने यस उपन्यासले पोखरादेखि लिएर काठमाडौं हुँदै विदेशी पल्टनहरूको युद्धभूमिसम्मको परिवेशलाई समेटेको छ । त्यस्तै यस उपन्यासमा नेपालका कारागारहरूको अस्तव्यस्तता, जेल रक्षकहरूको गणु डागर्दी अपराधीहरूलाई सबुद गराउने जङ्गली प्रक्रिया आदि पनि जीवन्त रूपमा आएका छन् । नेपाली कारागारको स्पष्ट झलक दिने यस उपन्यासको घटना समय वि.सं. २०२२ सालको आसपासको रहेको सूचना पाइन्छ । यसका साथसाथै उपन्यासमा विविध रमणीय प्राकृतिक स्थलहरू पनि आएका छन् ।

यस उपन्यासको प्रमुख पात्रले कारागारभित्र आफ्ना जीवनमा बितेका घटनाशृङ्खलाहरू क्रमिक रूपमा भनिरहेको छ । यसर्थ यस उपन्यासमा जेलको परिवेश प्रत्यक्ष रूपमा आएको छ भने यसबाहेक पोखरा, मलाया हुँदै काठमाडौंसम्मको परिवेशलाई अप्रत्यक्ष रूपमा समेटेको छ । विदशे मा पल्टनमा रहँदा गरिएका क्रियाकलाप चित्रणका सन्दर्भमा त्यहाँको परिवेश जीवन्त रूपमा आएको छ । यस उपन्यासको प्रमुख पात्र जहाँ जहाँ जान्छ त्यहीको परिवेशमा पाठकलाई भुल्याउने शक्ति उपन्यासमा रहेको छ । अर्थात् उपन्यास पढ्दा पाठकलाई आफू नै त्यस परिवेशको भोक्ता बनेको बोध गराउन सफल भएको छ । जुन यस उपन्यासको सबल पक्ष हो ।

## ४.२.६ उद्देश्य

मेरो कथा नेपाली समाजको यथार्थ चित्रण गरिएको उपन्यास हो । नेपालको पश्चिमी भूभाग अर्थात् पोखरा वरिपरिको गुरुङ संस्कृति चित्रण गर्दै त्यसमा व्याप्त कुरीतिहरूको भण्डारफोर गर्नु यस उपन्यासको उद्देश्य हो । यसमा गुरुङ समाजमा रहेका रोदीघर र त्यस रोदी घरमा हुने गरेका अनैतिक क्रियाकलाप प्रति वितृष्णा व्यक्त गरिएको छ । हाम्रो मौलिक संस्कृतिको जगेर्ना गर्नु सबै नागरिकहरूको कर्तव्य हो तर यस्ता संस्कृतिहरूलाई रनबहादुर जस्ता ब्वाँसाहरूले कलङ्कित पारिरहेको सन्दर्भ चित्रण गरेर यस्ता कलङ्कलाई तिरस्कार गर्नुपर्ने तथ्यलाई अभिव्यक्त गरिएको छ । त्यस्तै नेपालका कयौं युवाहरू काम र मामको खोजीमा विदेश पलायन भएका छन् भने अर्कातिर नेपालको तराईको भूभागमा विदेशीहरूले बसोबास गर्न थालके पक्षको चित्रण गरी यस्तो हुन दिनु नहुने पक्ष तर्फ पनि इङ्गित गरिएको छ । विदेश पलायन भएका नेपालीहरू भाडाका सिपाही भएर जघन्य युद्धमा होमिई कतिले ज्यान गुमाएका तथा कतिको अङ्गभङ्ग भएको तथ्यको उद्घाटन गर्दै नेपाली युवाहरू नेपालमै बस्नुपर्ने राष्ट्रवादी स्वर उराल्नु पनि यस उपन्यासको अर्को उद्देश्य हो । जुन उपन्यासको प्रमुख पात्र विदेशी पल्टनबाट नेपाल आमाका काखमा फर्किएपछि लाहुरे हुँदाको पीडा बाधे गर्दै अभिव्यक्त गरेका कथनबाट पुष्टि हुन्छ । ऊ भन्छ-"हामीले भोकै मर्नुपरे पनि आफ्नै मुलुकमा हिरिक्कहिरिक्क हुँदै पिर्लिक पिर्लिक आँखा पल्टाएर मर्नु राम्रो हो ।" (शर्मा, २०२३ : ९७) फलतः एकमुठी खाएर पनि आफ्नै देशमा पसिना बगाउनुपर्छ भन्ने विचार अभिव्यक्ति गर्नु यस उपन्यासको उद्देश्य हो ।

मानिस एक सामाजिक प्राणी हो । समाजमा एक आपसमा मनमुटाउ हुन सक्छ । मान्छेले आवेगमा आएर विभिन्न अपराध गर्न सक्छ तर अपराधीलाई कठोर शारीरिक यातना

दिनुभन्दा मनोवैज्ञानिक रूपमा अपराध स्वीकार गर्ने प्रवृत्ति विकास गर्नु पर्नेतर्फ पनि उपन्यासले सङ्केत गरेको छ । त्यस्तै बाह्य रूपमा धार्मिक आडम्बरका` नाटक गर्ने तर भित्रभित्रै आफ्नो औकात बिर्सेर नीच क्रियाकलाप गर्ने प्रवृत्तिको भण्डाफोर लिखु पाध्याको चारित्रिक क्रियाकलापबाट गरिएको छ ।

यसप्रकार नेपाली समाजको यथार्थ चित्रण गरी यसमा भएका मौलिक संस्कृतिको जगेर्ना गर्न सामाजिक एवं सांस्कृतिक पक्षमा भएका विकृति र विसङ्गतिलाई पन्छाउनु पर्ने अभिव्यक्ति दिनु यस उपन्यासको प्रमुख उद्देश्य हो । त्यस्तै युवा युवतीलाई आफ्नो जीवनसाथी रोज्ने अवसर स्वतन्त्र रूपमा दिनु पर्छ । यसो गरिएमा उनीहरूको जीवन सफल हुन्छ भन्ने कुरा पनि उपन्यासमा प्रकट भएको छ । त्यस्तै धार्मिक आडम्बरको विरोध गर्नु, परम्परागत साम्राज्यवादी- विस्तारवादीहरूको मत्स्य न्यायको नीतिलाई अस्वीकार गर्नु पनि यस उपन्यासको उद्देश्य हो ।

## ४.२.७ दृष्टिविन्दु

मेरो कथा उपन्यासको समाख्याता प्रथम पुरुष 'म' पात्रका रूपमा उपस्थित भएको छ । यस क्रममा उपन्यासमा जति पनि घटना शृङ्खलाहरू आएका छन्, उपन्यासको प्रमुख पात्र 'म' का केन्द्रीयतामा अगाडि बढेका छन् । यस उपन्यासको प्रमुख पात्र 'म' बाल्यावस्थामा नै मातृ वात्सल्यबाट विमुख बनेको घटनादेखि उसका जीवनमा आएका विभिन्न मोडको अभिव्यक्ति आत्मकथनात्मक शैलीमा गरिएको छ । यसप्रकार उपन्यासको मुख्य घटना प्रथम पुरुष सर्वनाम 'म' को प्रयोग गरी गरिएको छ भने मूल घटना बाहेकका सहायक घटना पनि 'म' पात्रकै उपस्थितिमा अगाडि बढेको छ । फलस्वरूप उपन्यास प्रथम पुरुष वा आन्तरिक दृष्टिविन्दुमा संरचित बन्न पुगेको छ ।

## ४.२.८ भाषाशैलीय विन्यास

मेरो कथा उपन्यासमा नेपाली समाजमा पाइने विभिन्न चरित्र बोकेका सहभागीहरू प्रयोग गरिएको छ । फलतः यसको भाषा पनि प्रायः सोही अनुकूलकै प्रयागे गरिएको छ तर पनि उपन्यासका मुख्य पात्र र उसकी प्रेमिकाको वार्तालापमा केही प्रबुद्ध भावनाहरू आएका छन् । कास्कीका अशिक्षित गुरुङ समाजका गुरुङ र गुरुङसेनीले यस्तो भाषा बोलेको सुन्दा अस्वाभाविक लाग्छ तर यस उपन्यासको प्रमुख पात्र पोखराको हाइस्कुलमा पढेको शिक्षित युवक हो । उसकी प्रेमिका नौलीले एघार वर्ष अघि बोलेको कुरा सम्झेर सम्पूर्ण

घटनाक्रमको बेली विस्तार लगाएको हुँदा त्यतिखेर नौलीले कसरी बोलेकी थिई भन्ने कुरा सम्झन नसकेर नै प्रबुद्ध भाषाको प्रयोग गरिएको हो भन्ने उपन्यासकारको स्वीकारोक्ति छ ( शर्मा, २०२३ : ९७) । यसप्रकार उपन्यासका अशिक्षित प्रमुख पात्रहरूको अभिव्यक्तिमा प्रबुद्ध किसिमका संवाद प्रयोग गरिएकाले भाषा केही अस्वाभाविक किसिमको छ । यस बाहेक अन्य पात्रहरूले आआफ्नो स्वभाव अनुसारको भाषा नै प्रयोग गरेको छन् । उपन्यासको आरम्भदेखि अन्त्यसम्म नै 'मेरा प्यारा देशवासी हो, मेरा प्यारा देश बाहिरका प्रवासी हो' भनेर सम्बोधन गर्दै कथानकलाई अगाडि बढाएको छ । यसले उपन्यासको भाषिक सौन्दर्यलाई केही बढाएको छ । कालीपारे क्षेत्रीका संवादमा आएको भकभके बोली, अरिमठे मगरको संवादमा देखिएको चाइन्जो थेगो आदिले उपन्यासको भाषाशैलीलाई यथार्थको नजिक पुऱ्याएको छ ।

उपन्यास बृहद् किसिमको आख्यानात्मक विधा भएकाले यसको भाषा कलात्मक हुनु पर्छ । भाषिक स्वतः स्फूर्तता तथा जीवन्तताले नै पाठकलाई आकर्षण गर्ने हुँदा सोही अनुसारको भाषा प्रयोग गर्नुपर्छ । यस उपन्यासमा भाषालाई सौन्दर्ययुक्त बनाउनका लागि पर्याप्त मात्रामा उखानटुक्का, थेगो, अनुकरणात्मक शब्दको प्रयोग गरिएको छ । यसले उपन्यासको भाषामा सरलता ल्याएको छ । यस्ता उखानहरू हुन्- ह्लासामा सुन छ, कान मेरो बुच्चै (पृ. १), बिखको औषधी बिख नै हुन्छ (पृ.४२), बसेर बोले कसैले सुन्दैन, उठेर बोले हावाले उडाउँछ (पृ. ६५), मच्चियो मच्चियो अनि थच्चियो (पृ.६५), नाटीकुटी भष्म उठी (पृ. ११५), आफैं त महादेव उत्तानो पर कसले दिने बर ? (पृ.१७४) आदि । त्यस्तै नेटो काट्नु, तिरिमिरि झ्याइँ देख्नु आदि टुक्का तथा उपमा अलङ्कारको समुचित प्रयोगले उपन्यासको भाषालाई सरल बनाएको छ ।

आदि, मध्य र अन्त्यको शृङ्खलामा क्रमबद्ध भएर अगाडि बढेको यस उपन्यासमा प्रायः छोटाछोटा सरल वाक्यको प्रयोग गरिएको छ । तत्सम तद्भव एवम् आगन्तकु शब्दका साथै अनुकरणात्मक शब्दको समुचित प्रयोगले उपन्यासको भाषा सहज बनेको छ ।

### ४.२.९ व्याख्या तथा निष्कर्ष

मेरो कथा वि.सं. २०२२ सालमा केन्द्रीय कारागारमा थुनिदा लेखेर वि.सं. २०२३ सालमा प्रकाशनमा आएको तारानाथ शर्माको दोस्रो उपन्यास हो । नेपाली समाजका यथार्थ घटनालाई टिपेर लेखिएको यस उपन्यासमा नेपाली मौलिक संस्कृतिका विकृतिहरूलाई

पन्छाउँदै यसको जगेर्ना गर्नुपर्ने कुरा व्यक्त गरिएको छ । अशिक्षा, अज्ञानता तथा कुरीतिले ग्रस्त नेपाली समाज, यस समाजमा व्याप्त अहङ्कार आदिको चित्रण गर्नुका साथै नेपाली कारागारको अस्तव्यस्तता तथा त्यस भित्रको कहालीलाग्दो जीवनलाई पनि मार्मिकताका साथ प्रस्तुत गरिएको छ । त्यस्तै बाल्यावस्थामा नै वात्सल्य प्रेमबाट विमुख बनेको यस उपन्यासको प्रमुख मात्र 'म' को जीवनमा आएका उतार चढाउले गर्दा उसको जीवन पछिसम्म नै अस्तव्यस्त बन्न पुगेको सन्दर्भ उपन्यासको आदिदेखि अन्त्यसम्म अभिव्यक्त भएकाले शीर्षक सार्थक रहेको छ ।

## ४.३ 'सुली' उपन्यासको विश्लेषण

### ४.३.१ परिचय

सुली उपन्यास वि.सं. २०३० तदनुसार सन् १९७३ मा प्रकाशन भएको तारानाथ शर्माको तेस्रो उपन्यास हो । तानाशर्मा उपनामबाट प्रकाश प्रकाशन दार्जीलिङबाट प्रकाशित भएको प्रस्तुत उपन्यासमा यथार्थ धरातलमा उभिएर त्यसप्रति आलोचना प्रकट गरिएको छ । यो उपन्यास १७ परिच्छेदका १७९ पृष्ठमा विस्तारित भएको छ । बढीमा ३१ पृष्ठ (परिच्छेद ६) देखि घटीमा ४ पृष्ठ (परिच्छेद १७) सम्मका परिच्छेदहरू रहेको यस उपन्यासका अन्य परिच्छेद विभाजन प्रायः समानुपातिक पृष्ठसङ्ख्यामा गरिएको छ ।

### ४.३.२ कथावस्तु

सुली उपन्यासको समाख्याता पुस्तकको प्रुफ र श्रीमतीसँग खिचेको फोटो लिन नयाँ सडकमा गएको हुन्छ । त्यहाँ उसले पाँच वर्षदेखि नदखेका दुईवटी आइमाईहरूलाई देख्छ । ऊ तिनीहरूलाई वास्तै नगरी आफ्नै काम सकेर कमलपोखरीतिर जान्छ । कमलपोखरीबाट श्रीमतीसँग सिनेमा हेर्न विश्वज्योति सिनेमा घरमा गएको उसलाई त्यस सिनेमाले कुनै प्रभाव पार्दैन । बरु नयाँ सडकमा देखिएका आइमाईहरू र तिनका क्रियाकलाप स्मरण गर्न थाल्छ । हलबाट घर फर्किएपछि गुणी र सुलीकै विषयमा कल्पना गर्दै भुजा खाइसकेपछि मोतीराम भट्टका बारेमा लेख लेख्नलाई बुँदा टिप्नु परेकाले ढिलो सुत्छु भनी श्रीमतीलाई ढाँट्छ । त्यसपछि गुणराज हुमागाईले कुन्छाबाट पठाएको डायरीको पोको र त्यस भित्रको एउटा चिठी पढ्न थाल्छ ।

चाकडी, चाप्लुसीलाई महत्त्व दिने तथा प्रतिभाको कदर गर्न नजान्ने काठमाडौंमा यस उपन्यासको प्रमुख पात्र गुणराज हुमागाईलाई यहाँकै प्रसिद्ध व्यापारी सुन्दरमान श्रेष्ठकी

छोरी सुलोचना श्रेष्ठले प्रेमको नाटक रचेर उसको जीवनलाई केही समय कुखुराको सुलीझैं दुर्गन्धमय बनाएकी हुन्छे तर उसले अहिले सुलीको प्रेमको दुर्गन्धलाई मन र शरीर धोएर स्वच्छ पारिसकेको हुन्छ । लैनचौर कन्या कलेजको प्राध्यापक गुणराज हुमागाईं अर्थात् गुणी त्यस कलेजकी छात्रा सुलोचना श्रेष्ठसँग त्यतिबेलादेखि नै आकर्षित हुन्छ, जतिबेला उसकी दिदी कमलिनीले उनीहरूलाई घरमा पढाउन आग्रह गर्छे । सरल स्वभावको गुणराज हुमागाई उनीहरूको घरमा गएर पढाउँदैन । बरु ऊ दुवैलाई आफ्नै कोठामा बोलाएर पढाउन थाल्छ । भिन्नभिन्न समयमा पढ्न आउने दिदी कमलिनी र बहिनी सुलीमध्ये गुणी सुलीका हाउभाउमा आकर्षित हुँदै जान्छ भने सुलीचाहिँ गोकर्ण र सुन्दरीजलका जङ्गलहरूमा यौन व्यापारमा तल्लिन रहन्छे ।

गुणराज हुमागाईको साथी गोविन्द चापागाई कमलपाखेरी कलेजको प्राध्यापक भए पनि गुणीको कलेजको आंशिक प्राध्यापक थियो । यी दुईका विचार भिन्न थिए तर समाजको उन्नति विज्ञानद्वारा मात्र सम्भव छ । तसर्थ सामाजिक स्थितिमा पाश्चात्य भौतिक प्रगतिको भुइँचालो ल्याएर वैज्ञानिकताको उज्यालोले अन्धविश्वासको अँध्यारोलाई हटाउनु पर्छ भन्दथे । कलेजका अन्य व्यक्तिहरू सङ्कीर्ण विचारका थिए । चाकरी र चाप्लुसीलाई हतियार बनाएर सामन्ती संस्कारलाई बचाउन लागिरहेका थिए । उनीहरू छात्राहरूलाई आदर्शका भ्रममा डुबाएर थाङ्नामा सुताउँदथे भने हुमागाई र चापागाईं त्यसको तार्किक विरोध गर्थे । यसै क्रममा बेलायतको केम्ब्रिज विश्वविद्यालयबाट अर्थशास्त्रको उच्च अध्ययन गरके ी विदुषी चन्द्रकला गुरागाईं कन्या कलेजमा प्राध्यापन गर्न आइन् । उनले कलेजमा गरेको स्वागत कार्यक्रममा ढोंगी हिन्दू आदर्शकै बखान गरेपछि गुणी मर्महात भयो । केही समयपछि उसले बेनामी चिठी गुणीलाई देखाएर कलजे मा अनैतिक कार्य गरेको भनी थर्काउँछे तर गुणी आफ्नो प्रेम सुलीसित भएको प्रष्ट पार्छ । यसको केही समयपछि छात्रा आन्दोलन चर्कन्छ । कलेजका कुनै प्राध्यापकले उक्त आन्दोलन रोकाउन सक्दैनन् । गुणराज हुमागाई भने दुई मिनेटमा नै उक्त आन्दोलन कुशलतापूर्वक रोकाउन सफल हुन्छ ।

हुमागाईं प्रतिभाशाली व्यक्ति थियो । ऊ पढाउनमा रिपु थियो तर कलेजमा उसको र सुलीको सम्बन्धलाई लिएर कलेज र सहरभरि नराम्रो हल्ला पिटाइयो । गुणी सुलीको प्रेममा फँसिसकेको हुँदा उसलाई साथी चापागाईंले सुलीले तिमीसित प्रेम गरेको नाटक मात्र गरेकी हो । आफ्ना साथीहरूसँग कमलिनीसँग तिम्रो प्रेम भएको कुरा गर्छे, तिमीसित होइन । तसर्थ तिमी यसबारे चाँडै निर्णयमा पुग भनेर सचेत गराउँछ तर गुणी भने सुलीको स्वार्थी

प्रेममा पागल हुँदै गयो । सुलीले गुणीलाई आफ्नो वशमा पार्दै गई । यता श्रीमती काग र श्रीमती गुरागाईं भने गुणीको उछितो काढ्दै गए । उनीहरू छात्राहरूमा नैतिकताको कमी भएका कारण श्री हेमराज उपाध्याय केशवभक्तको प्रवचन समयसमयमा कलेजमा गराउनु पर्छ भन्छन् । यसर्थ उनीहरू विद्यार्थीको बौद्धिक विकास हुने कार्यक्रम सञ्चालन गर्न भन्दा ढोंगी आदर्शको पाठ सिकाउने असफल प्रयत्नमै लाग्दछन् । श्रीमती गुरागाईं चाहिँ यौन व्यापारमा खप्पिस देखिन्छे ।

अर्कातिर यस कलेजकी अर्की छात्रा सावित्री पनि गुणीप्रति आकर्षिक भएको देखाइएको छ । सावित्रीले पनि सुलीले गुणीसँग प्रेम नगरेको तर्फ सचेत गराउँदा पनि उसले त्यसप्रति कुनै चासो दिएन । एकदिन सूर्यबहादुरले सुली गोकर्ण र सुन्दरीजलमा यौन व्यापारमा लागेको कुरा बताउँछ । प्रेमको भोको गुणराज हुमागाईं सुली त्यस्ति हुन सक्दिन भन्ने विश्वासमा ढाडस दिन्छ । यस क्रममा उसले सुलीलाई बिहेका बारेमा सम्झाउँदा यथार्थमा ऊ बिहे गर्न अस्वीकार गर्छे । तसर्थ ऊ छिमेकको दाई र काकालाई लगाएर गुणीलाई धम्क्याउँछे । यसरी सुलीले ऊसँग प्रेम नगर्दा पनि एकलकाँटे प्रेममा गुणी लहसिएका बेलामा उसका नजिक अर्की शिष्या सुप्रिया आउँछे । लोग्ने नेपालगञ्जमा जागिरे भएकाले कामोत्तेजित बनेकी सुप्रियाले एकलकाटे प्रेममा पागल बनेको गुणीलाई राम्ररी चिनेकी हुन्छे । तसर्थ ऊ गुणीलाई सुलीसँग मिलन गराइदिने बहानामा आफ्नै घरमा पढाउन आउन बाध्य पार्छे । सुप्रियाको घरमा गुणी आउन थालेपछि उसले गुणीबाट यौन समस्याको पूर्ति गर्न थाल्छे । सुलीसँग बाह्य शारीरिक सम्पर्क गरे पनि आन्तरिक यौन सुख प्राप्त नगरेको गुणीले सुप्रियाबाट नै यौनसम्बन्धी वास्तविक कुराहरू थाहा पाउँछ र ऊ आइमाईहरू प्रथमतः यौन सुखबाट नै आकर्षित हुन्छन् भन्ने कुरा बुझ्दछ । यता सुप्रिया सुलीलाई आफ्नो घरमा बोलाएर गुणीसँग भेट गराउन सफल हुन्छे । सुप्रियाकै घरमा भेटघाट गर्ने क्रममा गुणीले सुलीबाट पनि यौन सुख प्राप्त गर्दछ तर सुली गुणीको प्रेममा फँसेकी थिइन । प्रेममा त फेरि गुणी नै पागल बनेको थियो । सुली त कमलिनीको बिहेको कुरो मिलाउन गुणी कहाँ आएकी थिई किनभने कमलिनीको विवाह गुणीको साथी ईश्वरलालसँग हुन थालेको थियो । एकताका कलेज र सहरभरि कमलिनी र गुणीको प्रेम भएको मिथ्या हल्ला चलेको थियो । तसर्थ यी दुईको वास्तवमै प्रेम छ की भन्ने आशङ्का परेको थियो । गुणीले तथ्य कुरा भनिदेओस् भन्नका लागि सुलीले सूर्यविनायकमा उसले दिएको औंठी र सिन्दुर स्वीकारेकी थिई ।

गुणीसँग सुलीको भेट गराइरहने अभिभारा लिएकी सुप्रिया लोग्नेसँग नेपालगञ्ज गएपछि यी दुईको भेट पनि हुन छाड्यो । यसै क्रममा एकदिन सुप्रियाको घर निर सूर्यबहादुरलाई भेट्दा सुली शैक्षिक कलेजमा गन्हाएर नपुगी सुन्दरीजल, गोकर्ण, गोदावरी, स्वयम्भू आदि स्थानमा यौन व्यापारमा सक्रिय रहेको कुरा थाहा पाउँछ । यसपछि सुलीलाई भेट्ने प्रयत्न गरे पनि उसले भेट नदिएपछि गुणी निराश हुन्छ । धेरै दिनपछि कमलिनीको कोठामा आउनू भन्ने चिठीको चिरकटोका आधारमा ऊ त्यहाँ जान्छ । त्यहाँ उसले दिदीबहिनीका नाङ्गिएका कथाहरू सुन्छ । यसै सिलसिलामा सुली छिमेकको दाइसँग नाचेको र यौन सम्पर्क पनि गरेको आफ्नै आँखाले देखेपछि उसमा सुलीप्रति घृणा उत्पन्न हुन्छ । तसर्थ ऊ सुलीलाई कुखुराको गन्हाउने सुलीलाई झैं छाडेर आफ्नै गाउँको कुन्छा कलेजमा जान्छ र एउटी गाउँले केटी विवाह गरेर सुखी जीवनयापन गरिरहेको उसले पठाएको चिठीबाट जानकारी पाइन्छ ।

### ४.३.३ कथानकको व्यवस्थापन

गुणीको एकलकाँटे प्रेम र पैसाको लोभमा आफ्नो यौवन नाठाहरूलाई समर्पित गर्दै हिँड्ने नकचरी सुलीका` जीवनचरित्र उनिएको यो उपन्यास पूर्वदीप्ति शैलीमा लेखिएको छ । यस उपन्यासको समाख्याता गोविन्द चापागाईंले नयाँ सडकमा देखेका दुई वटी आइमाईहरूका चर्तिकला र गुणीले कुन्छाबाट पठाएका डायरीका आधारमा यस उपन्यासको कथावस्तु अगाडि बढेको छ । जुन निम्नानुसार छ :

#### ४.३.३.१ आदिभाग

यस उपन्यासको आदिभागअन्तर्गत उपन्यासको समाख्याता काम विशेषले नयाँ सडक जाँदा त्यहाँ उसले पाँच वर्षदेखि नदेखिएका दुई वटी आइमाईहरूलाई दखेको घटनादेखि ती आइमाईहरूका चर्तिकलाको स्मरण गर्दै गुणराज हुमागाईले कुन्छाबाट पठाएको डायरीको पोको र एउटा चिठीका आधारमा गुणीको सुलीसँग प्रेम बसेको सम्मका घटनाहरू पर्दछन् ।

#### ४.३.३.२ मध्यभाग

यस उपन्यासको मध्यभागमा प्राध्यापक गुणराज हुमागाई सुलीको प्रेममा फस्दै गएको घटना देखाइएको छ भने सुलीचाहिँ गोकर्ण र सुन्दरीजलका जङ्गलहरूमा यौन व्यापारमा तल्लिन रहेको देखाइएको छ । आफ्ना साथीहरूले सुलीका चरित्रबारे स्पष्ट पार्दा

पनि एकोहोरो प्रेममा पागल बनेको गुणीले सुलीसँग बिहेका बारे सोध्दा ऊ गुण्डालाई लगाएर थर्काउँछे । यसबाट मर्माहत भएको गुणीसँग सुप्रियाका माध्यमबाट सुलीको पुनः मिलन गराएको घटनासम्म पर्दछ ।

### ४.३.३.३ अन्त्य भाग

प्रस्तुत उपन्यासको अन्त्य भागअन्तर्गत गुणीलाई उसको साथी सूर्यबहादुरले सुलीका चारित्रिक भ्रष्टताबारे प्रष्ट पारेको घटनादेखि कमलिनी र सुलीको चारित्रिक भ्रष्टताको प्रत्यक्ष अनुभव गरेर काठमाडौंको दुर्गन्धित वातावरणलाई छाडी गाउँमा नै गई एउटी सरल केटी विवाह गरेर सुखी जीवन यापन गरिरहेको घटनाक्रमसम्म पर्दछ ।

यसप्रकार उपन्यासको कथानकको व्यवस्थापनलाई समाख्याताले पहिले नै घटिसकेका घटनाहरू र आफूले नयाँ सडकमा देखेका आइमाईका चरित्र स्मरण गर्दै व्यवस्थित गरेकाले कथानक व्यतिक्रमिक रूपमा सङ्गठित बनेको छ ।

### ४.३.४ सहभागी

सुली उपन्यासमा विभिन्न चरित्र बोकेका सहभागीहरू उपस्थित गराइएको छ । जसलाई विभेदक अभिलक्षण तालिकामा निम्नानुसार देखाउन सकिन्छ :

**सुली**

| क्र.सं. | आधार → पात्र ↓ | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्गीय | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १ | गुणराज हुमागाईं | + | - | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| २ | सुलोचना श्रेष्ठ | - | + | + | - | - | - | + | - | + | - | + | - | + | + | - |
| ३ | गोविन्द चापागाईं | + | - | - | + | - | + | - | - | + | + | - | - | + | + | - |
| ४ | कमलिनी | - | + | - | + | - | - | + | - | + | + | - | - | + | + | - |
| ५ | सुप्रिया | - | + | - | + | - | - | + | - | + | - | + | - | + | + | - |
| ६ | श्रीमती चन्द्रकला गुरागाईं | - | + | - | - | + | - | + | - | + | + | - | - | + | - | + |
| ७ | सूर्यबहादुर | + | - | - | - | + | - | + | - | + | + | - | - | + | - | + |
| ८ | हेमराज उपाध्याय केशवभक्त | + | - | - | - | + | - | + | - | + | + | - | + | - | - | + |
| ९ | सावित्री | - | + | - | - | + | - | + | - | + | + | - | - | + | - | + |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | कन्या कलेजकी प्राचार्या | - | + | - | - | + | - | + | - | + | + | - | + | - | - | + |
| ११ | छिमेकको दाइ | + | - | - | - | + | - | + | - | + | + | - | - | + | - | + |
| १२ | सुलीको काका | + | - | - | - | + | - | + | - | + | + | - | - | + | - | + |
| १३ | सुप्रियाको लोग्ने | + | - | - | - | + | - | + | - | + | + | - | + | - | - | + |
| १४ | श्रीमती गुरागाईंको लोग्ने | + | - | - | - | + | - | + | - | + | - | + | + | - | - | + |
| १५ | ईश्वरलाल | + | - | - | - | + | - | + | + | - | + | - | + | - | - | + |

माथिको तालिकाअनुसार कार्यका आधारमा यस उपन्यासमा प्रमुख, सहायक र गौण तीनै किसिमका सहभागीहरू प्रयोग गरिएको छ । जसमध्ये गुणराज हुमागाई अर्थात् गुणी र सुलोचना श्रेष्ठ अर्थात् सुली प्रमुख पात्रका रूपमा उपस्थित भएका छन् भने गोविन्द चापागाईं, कमलिनी, सुप्रिया जस्ता पात्रहरूको भूमिका सहायक बनेर आएको छ । यसैगरी चन्द्रकला गुरागाई, सूर्यबहादुर, सावित्री, श्री हेमराज उपाध्याय केशवभक्त, कन्या कलेजकी प्राचार्य, छिमके को दाइ, सुलीको काका, सुप्रियाको लोग्ने, श्रीमती गुरागाईंको लोग्ने आदि पात्रहरूको उपस्थिति उपन्यासमा गौंण देखिन्छ । लिङ्गका आधारमा यस उपन्यासमा पुरुष र स्त्री पात्रहरूको उपस्थिति प्रायः समान छ । यसका पुरुष पात्रहरूमा गुणी, गोविन्द चापागाईं, सूर्यबहादुर, हमे राज उपाध्याय केशवभक्त, छिमेकको दाइ, सुलीको काका, सुप्रियाको लोग्ने, श्रीमती गुरागाईको लोग्ने आदि पर्दछन् भने स्त्री पात्रहरूमा सुली, कमलिनी, सुप्रिया, श्रीमती चन्द्रकला गरु ागाई, श्रीमती काग, सावित्री कन्या कलेजकी प्राचार्या रहेका छन् ।

प्रवृत्तिका आधारमा यस उपन्यासमा अनुकूल र प्रतिकूल दुबै किसिमका चरित्रहरू प्रयोग गरिए पनि मूलतः प्रतिकूल पात्रहरूकै बाहुल्यता रहेको छ । गुणी, गोविन्द चापागाई, सावित्री जस्ता अनुकूल पात्रहरू प्रयोग गरिएको यस उपन्यासमा सुली, कमलिनी, सुप्रिया, श्रीमती चन्द्रकला गुरागाईं, सूर्यबहादुर, हेमराज उपाध्याय केशवभक्त, कन्या कलेजकी प्राचार्य, छिमेकको दाइ, सुलीको काका प्रतिकूल प्रवृत्तिमा उपस्थिति भएका छन् ।

स्वभावका आधारमा यस उपन्यासमा गतिशील र स्थिर दवु ै प्रकारका पात्रहरूको प्रयोग गरिएको छ । आफ्नो कार्यमा इमानदारिता साथ लागि पर्ने प्रमुख पात्र गुणी गतिशील स्वभावको देखिन्छ । उपन्यासको आरम्भमा नखर्माउली सुलीको ढोंगी प्रेममा फसेको गुणीले आफ्नै आँखाले उसका चर्तिकला देखेपछि त्यसप्रति घृणा व्यक्त गरेको छ । यस उपन्यासका

अन्य सबै पात्रहरू स्थिर स्वभावका छन् । यिनीहरू उपन्यासको आरम्भमा जुन विचारमा उपस्थित भएका थिए, अन्त्यसम्म पनि आफ्नो विचारमा स्थिर देखिन्छन् ।

जीवनचेतनाका आधारमा यस उपन्यासमा व्यक्तिगत भन्दा वर्गीय पात्रहरू बढी देखिन्छन् । यसका वर्गीय पात्रहरूमा गुणी, गोविन्द चापागाईं, कमलिनी, श्रीमती चन्द्रकला गुरागाईं, सूर्यबहादुर, श्री हेमराज उपाध्याय केशवभक्त, सावित्री, कन्या कलेजकी प्राचार्य, छिमेकको दाइ, सुप्रियाको लोग्ने, ईश्वरलाल आदि पर्दछन् । यी पात्रहरूले समाजका कुनै न कुनै वर्गको पक्षपोषण गरेका छन् भने यसका व्यक्तिगत पात्रका रूपमा सुली, सुप्रिया, श्रीमती गुरागाईंको लोग्ने आदि पर्दछन् । यी पात्रहरू सामाजिक वर्गको प्रतिनिधित्व गर्नुभन्दा व्यक्तिगत स्वार्थ पूर्तिमा नै लागेका छन् ।

आसन्नताका आधारमा यसका गुणी, सुली, कमलिनी, सुप्रिया, गोविन्द चापागाई, श्रीमती गुरागाईं, सूर्यबहादुर, सावित्री, छिमेकको दाइ, सुलीको काका आदि पात्रहरू मञ्चीय चरित्रका रूपमा आएका छन् । तसर्थ यी पात्रहरूको उपस्थिति उपन्यासमा प्रत्यक्ष रूपमा देख्न सकिन्छ भने श्री हेमराज उपाध्याय केशवभक्त, कन्या कलेजकी प्राचार्य, सुप्रियाको लोग्ने, श्रीमती गुरागाईंको लोग्ने, ईश्वरलाल, श्रीमती काग आदि सहभागीहरू नेपथ्यमा आएका छन् । उपन्यासको घटना शृङ्खलालाई अगाडि बढाउन यी पात्रहरूको भूमिका रहे पनि उपन्यासमा प्रत्यक्ष उपस्थिति भने देखिँदैन ।

आबद्धताका आधारमा यस उपन्यासका गुणी, सुली, गोविन्द, कमलिनी, सुप्रिया, श्रीमती गुरागाईं आदि सहभागीहरू बद्ध चरित्रका रूपमा आएका छन् । यी पात्रहरूको अभावमा यसले औपन्यासिक संरचना प्राप्त गर्न सक्दैन । त्यस्तै जुन पात्रलाई उपन्यासबाट झिक्दा आपै न्यासिक संरचना खलबलिंदैन त्यस्ता पात्रलाई मुक्त पात्र भनिन्छ । यस उपन्यासका सूर्यबहादुर, हेमराज उपाध्याय केशवभक्त, सावित्री, कन्या कलेजकी प्राचार्य, छिमेकको दाइ, सुलीको काका, ईश्वरलाल आदि सहभागीहरू मुक्त चरित्रका रूपमा आएका छन् । यसप्रकार सुली उपन्यासमा यसले राखेको उद्देश्य बहन गर्ने किसिमका पात्रहरू नै प्रयोग गरिएका छन् । जुन यस उपन्यासको सबल पक्ष हो ।

### ४.३.५ परिवेश

सुली मूलतः सहरिया परिवेशको चित्रण गरिएको उपन्यास हो । मूल रूपमा काठमाडौं उपत्यकाको वातावरणलाई समेटिएको यस उपन्यासमा यहाँकै विभिन्न स्थानमा

घटेका घटनाहरू आएका छन् । यस बाहके यस उपन्यासले कुन्छासम्मको ग्रामीण परिवेशलाई पनि आफूमा समाहित गरेको छ । विश्वविद्यालयका छात्राहरू, प्राध्यापकहरू तथा काठमाडौंका भदभ्र लाद्मी भनाउँदाहरूको सहभागितामा निर्मित यस उपन्यासको घटना समय प्रस्तुत उपन्यासको प्रमुख पात्रले दिएको जानकारी अनुसार वि.सं. २०१८ सालदेखिको पाँच वर्षको रहेको छ । अर्थात् यसको घटना समय उपन्यासमा वर्णन गरिए अनुसार वि.सं. २०१८ सालदेखि वि.सं. २०२२ सालसम्मको रहेको छ (शर्मा, २०२३ : १४) ।

काठमाडौंको परिवेशलाई मूल रूपमा उतारिएको यस उपन्यासमा यहाँका जनतामा देखापरेका साम्प्रदायिक भावनाका साथै तिनमा रहेका सडेगलेका विचारको अभिव्यक्ति पनि मर्मस्पर्शी रूपमा गरिएको छ । विश्वविद्यालय जस्तो प्राज्ञिक संस्थामा देखापरेका चाकडी-चाप्लुसी वृत्तिको उद्घाटन सफलतापूर्वक गरिएको प्रस्तुत उपन्यासमा इमानदार, कर्तव्यनिष्ठ एवं कुशल प्राध्यापकहरूलाई ओझेलमा पारी ढोंगी चरित्र लिएर हिंड्ने व्यक्तिहरूले नै प्रशासकीय जिम्मेवारी पाएको घटनाको चित्रण गरिएको छ । यसले गर्दा शैक्षिक क्षेत्र नै अस्तव्यस्त बन्न पुगेको परिवेश उपन्यासमा आएको छ । यसैगरी समाजमा विद्यमान कुप्रथाको वकालत उच्च शैक्षिक व्यक्तित्वहरूले नै गरेको र आफूहरू भने नैतिक आचरणको मर्यादालाई चटक्क भुलेर यौन व्यभिचार जस्तो घृणित खेलमा खप्पिस बनेको यथार्थलाई पनि उपन्यासमा समेटिएको छ । यसमा सहरिया परिवेश चाकडी-चाप्लुसी एवम् व्यभिचारी वृत्तिको थलोका रूपमा आएको छ भने ग्रामीण परिवेशचाहिँ स्वच्छता, निष्कपटता एवम् निश्चलताको खानीका रूपमा आएको छ । यसको पुष्टि गुणीको स्वभाव तथा उसले कुन्छा कलेजमा बिताएका सुनौला दिनहरूको चित्रण मार्फत गरिएको छ ।

## ४.३.६ उद्देश्य

सुली तत्कालीन सामाजिक यथार्थको चित्रण गरी लेखिएको उपन्यास हो । मूलतः काठमाडौंको परिवेशमा सीमित रहेको यस उपन्यासमा काठमाडौंली समाजको हुबहु चित्रण गरी त्यसप्रति घृणा व्यक्त गरिएको छ । फलस्वरूप उपन्यास आलोचनात्मक यथार्थवादी बन्न पुगेको छ । यसप्रकार काठमाडौंली समाजको यथार्थ चित्रण गरी त्यसप्रति आलोचनात्मक दृष्टि प्रक्षेपण गर्नु सुली उपन्यासको उद्देश्य हो ।

आलोचनात्मक यथार्थवादी अभिव्यक्ति गरिएको यस उपन्यासमा यौनको केही बढी नै प्रस्तुति गरिएको छ । काठमाडौंको वातावरणमा हुर्किएका नकचरी युवतीहरूको यौन

उच्छृङ्खलताको चित्रण गरिएको यस उपन्यासमा यस्ता युवतीको जीवन पछि कतिसम्म घृणास्पद हुन्छ भन्ने कुरा गोविन्द चापागाईका मुखबाट यसरी प्रस्फुटन भएको छ- "सुली अब कुखुराको सुली नै भइसकी, रछ्यान नै भइसकी, रस निचोरिएको जाँडको छोक्रा नै भई सकी ।" (शर्मा, २०२३ : १४) यसप्रकार वैंशमा आफ्नो यौवनलाई स्वच्छन्द रूपमा नाठाहरूलाई चखाउँदै हिंडने् नखर्माउलीहरूको जीवन अन्त्यमा कतिसम्म दुर्गन्धयुक्त हुन्छ भन्ने अभिव्यक्ति दिनु यस उपन्यासको अर्को उद्देश्य हो । नेपाल नेपालीहरूको साझा घर हो । यसको उपभोगमा सबै नेपाली नागरिकहरूको उत्तिकै हक छ भन्ने भावनालाई चटक्क बिर्सने साम्प्रदायिक भावनाले ग्रसित व्यक्तिलाई पनि उपन्यासमा उपस्थित गराइएको छ । यस क्रममा सुलीको काका भन्छ-"टँ जस्टो बाहिरबात आयाको पाखेलाई हामी काथमादौको सडरियाहरूले नालीमा हराउछौं, कटा गयो, पट्टा पाउँदैन ।" (शर्मा, २०२३ : १४) यसरी काठमाडौंली सङ्कुचित संस्कृतिभित्र हुर्केका भद्रभलाद्मी भनाउँदाहरूको सडेगलेका विचारलाई यस उपन्यासमा उदाङ्गो पारेर देखाइएको छ । फलतः जातिगत सङ्कुचित घेरामा बाँधिएर पाखे पहाडेहरूभित्र रहेको यथार्थ प्रेमलाई लत्याउने आफैं कतिसम्म हेय र गन्हाएका हुन्छन् भन्ने यथार्थ अभिव्यक्ति दिनु यस उपन्यासको अर्को उद्देश्य हो ।

सुली उपन्यासमा चित्रण गरिएको अर्को महत्त्वपूर्ण पक्ष भनेको शैक्षिक वातावरण नै हो । विश्वविद्यालयका छात्राहरू, प्राध्यापकहरू तथा काठमाडौंली जातिगत सङ्कुचित सीमामा बाँधिएका अन्धभक्त परम्पराका व्यक्तिहरूको उपस्थिति मूल रूपमा रहेको छ । यसमा यही शैक्षिक क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिको भण्डाफोर गरिएको छ । प्रतिभाको कदर नहुने राष्ट्रिय रोग तथा गाउँबाट सहर आउनेहरूको आलोचनात्मक प्रस्तुति गर्नु यस उपन्यासको महत्त्वपूर्ण पक्ष हो । विश्वविद्यालय जस्तो प्राज्ञिक संस्थामा चाकडी चाप्लुसी गरेर असक्षम व्यक्तिहरू नै उच्च प्रशासनिक ओहोदामा पुगेको तथा इमानदार कर्तव्यनिष्ठ एवम् योग्य व्यक्तिहरू भने तिनै चाटुकारहरूका उपहास्यका पात्र बनेका छन् । फलतः आडम्बरी स्वभाव, अन्धविश्वास, चाकरी मनोवृत्तिको उछित्तोका साथै भ्रष्ट नारी चरित्रको आलोचना गर्नु यस उपन्यासको अर्को उद्देश्य हो । सहर जालझेल, चाकडी वृत्ति आदि गरेर स्वार्थ सिद्ध गर्ने स्थल हो । यहाँ इमानदार, कर्तव्यनिष्ठ व्यक्तिको व्यक्तित्व विकासको कुनै सम्भावना छैन । ग्रामीण सरल समाजमा हुर्किएका इमानदार प्राज्ञिक व्यक्तिको जीवनका उकाली ओराली सुगन्धमय बनाउन ग्रामीण परिवेश नै उपयुक्त भएको तथ्य गुणीले गोविन्दलाई पठाएको चिठीमा व्यक्त भएको छ । यसैगरी हामीले धार्मिक

अनुष्ठानको पालना गर्नु पर्छ । धार्मिक अनुष्ठानबाट नै समाजमा सद्व्यवहारको पालना हुने हुँदा छात्राहरूले सीता र सावित्रीका जस्ता आचरणमा बस्नुपर्छ भन्ने आदर्श अभिव्यक्त गर्ने व्यक्तिहरू यौन व्यभिचारमा खप्पिस रहेको तथ्यलाई पनि उद्घाटन गरिएको छ ।

छोटोमा भन्दा काठमाडौंली सङ्कुचित जातिगत सीमामा बाँधिएका भदभ्र लाद्मी भनाउँदाहरूको साम्प्रदायिक खोक्रो आडम्बरको चित्रण गर्नु, प्रतिभाको कदर नहुने राष्ट्रिय रोग तथा गाउँबाट सहर आउनेहरूको दुर्दशाको आलोचनात्मक चित्रण गर्नु, सहरिया सामन्ती रवाफका साथै यस परिवेशमा हुर्किएका युवतीहरूको यानै उच्छृङ्खलताको चित्रण गरी त्यस प्रति घृणा व्यक्त गर्नु यस उपन्यासको मूलभूत उद्देश्य हो । वैशमा आफ्नो यौवनलाई स्वच्छन्द रूपमा समर्पित गर्ने नखर्माउलीहरूको जीवन पछि कतिसम्म घृणास्पद हुन्छ भन्ने अभिव्यक्ति दिनुका अतिरिक्त शैक्षिक जगतमा देखापरेका विकृति र विसङ्गतिको भण्डाफोर गर्नु यस उपन्यासको अर्को विशिष्ट पक्ष हो ।

## ४.३.७ दृष्टिविन्दु

सुली पूर्वदीप्ति शैलीमा लेखिएको उपन्यास हो । यस उपन्यासको प्रमुख पात्र गुणी काठमाडौंको लैनचौर स्थित कन्या कलेजको प्राध्यापक हुन्छ । यही कलेजमा सुलोचना श्रेष्ठ पनि पढ्छे । समयको दौडानसँगै सुलीको प्रेममा फसेको गुणी प्रेममा पागल नै बनेको हुन्छ । पछि सुलीको चर्तिकला देखपे छि त्यसप्रति घृणा व्यक्त गर्दै गाउँमा गएर एउटी सरल युवती विवाह गरेर सुखी जीवन यापन गरिरहेको घटना शृङ्खला व्यक्त गर्ने पात्र गुणीको साथी गोविन्द चापागाई हो । ऊ उपन्यासभरि तृतीय पुरुष व्यक्तिका रूपमा उपस्थित भएको छ ।

लैनचौर कन्या कलेजमा गुणीले बिताएका पाँच वर्षका घटनाक्रमलाई उसले पठाएका डायरीमा व्यक्त गरिएका भावनाका आधारमा उपन्यासको रचना भएको छ । यस क्रममा गुणी, सुली, कमलिनी, गोविन्द चापागाईं जस्ता पात्रहरू उपन्यासको केन्द्रविन्दु बनेर आएका छन् । यी सबै पात्रहरू तृतीय पुरुष चरित्रका रूपमा उपस्थित भएकाले उपन्यास बाह्य दृष्टिविन्दुमा संरचित बन्न पुगेको छ ।

## ४.३.८ भाषाशैलीय विन्यास

सुली नेपाली समाजको यथार्थ घटना उनिएको उपन्यास हो । यसमा नेपाली समाजमै रहेका चरित्रहरू प्रयोग गरिएको छ । नेपाली समाजमा पनि काठमाडौंको

परिवेशलाई फेरो मारेको प्रस्तुत उपन्यासमा पात्र अनुसारको भाषाको प्रयोग गरिएको छ । कन्या कलेजका प्राध्यापकहरू तथा विद्यार्थीहरूलाई मुख्य केन्द्रविन्दु बनाएर लेखिएको यस उपन्यासमा केही प्रबुद्ध खालका भनाइहरू पनि आएका छन् । तापनि उपन्यासकारको प्रखर अभिव्यक्ति कौशल एवम् सरल तथा प्रवाहमय शिल्पमा खारेर प्रस्तुत गरिएकाले ती कथनहरू पाठकले सहजै बुझ्न सक्दछन् ।

प्रस्तुत उपन्यास आलोचनात्मक यथार्थवादी कृति हो । तसर्थ यसको भाषा यथार्थ जीवनका घटनालाई अभिव्यक्त गर्न अनुकूल हुने गरी संयोजन गरिएको छ । जसका कारण उपन्यास हृदयस्पर्शी बन्न पुगेको छ । काठमाडौंली समाजको यथार्थ अभिव्यक्ति दिने यस कृतिमा यौनको केही बढी नै प्रस्तुति गरिएको छ । यौनजन्य क्रियाकलापलाई पनि अत्यन्त शालीनतापूर्वक अभिव्यक्त गर्नु यस उपन्यासको सबल पक्ष हो । सुली उपन्यासमा शिक्षित पात्रहरूले केही प्रबुद्ध खालका कथनहरू व्यक्त गरेका छन् भने सामान्य पात्रहरूले आफ्नै परिवेश अनुकूलको भाषाको गरेका छन् । यस क्रममा सुलीको काका, छिमेकको दाइ आदिको संवादमा नेवारी लवज आएको छ । सुलीको काका भन्छ- “मेरो भटिजीको इज्जट लुत्न खोज्ने पनि टँ, कुरा माठि पार्ने पनि टँ ।” (शर्मा, २०२३ : ६९) त्यस्तै छिमेकको दाइ भन्छ-

सर सिट म कुरा गर्छु . . यट्टि सानु उमेरको लद्कीले प्रेम गर्न

सक्छ भन्ने लाग्याको छैन टर टपाईंको कुरा बात ठाहा भो प्रेम गर्न सक्डो रहेछ । प्रेम गर्न सके पनि यस्टो सानो लद्कीको डिगो हुँदैन  तपाईं सिट टिनी औंढि चिधियाको छ- घरबार हुँदैन (शर्मा, २०२३ : ६९) ।

यसप्रकार पात्र अनुकूलको भाषाको प्रयोग गर्नु यस उपन्यासको महत्त्वपूर्ण पक्ष हो । यसले उपन्यासलाई यथार्थको नजिक पुऱ्याएको छ । यस उपन्यासमा छोटाछोटा वाक्यको प्रयोगका साथै तत्सम, तद्भव एवम् आगन्तुक शब्दको समुचित प्रयोग गरिएको छ । यसमा केही मात्रामा संवादात्मक शैलीको प्रयोग गरिए पनि मूल रूपमा वर्णनात्मकतालाई नै अँगालिएको छ । वर्णनात्मक शैलीलाई सरल बनाउन उखान टुक्का तथा अनुकरणात्मक शब्दको प्रयोग गरिएको छ । यस्ता उखानहरू हुन्- उठ् जोगी फड्कार छाला, जहाँ जाला उहीं खाला (पृ. ७५), मच्चियो मच्चियो अनि थच्चियो (पृ. ३२) आदि । त्यस्तै काँड छोड्नु, साधु बिरालो हुनु, बालुवाको डोरी बाट्नु, तीन छक पर्नु, आँखाको नानी हुनु आदि टुक्का

तथा तिरिमिरी, स्याँस्याँ, भताङ्भुतुङ, कच्याककुचुक आदि अनुकरणात्मक शब्दको प्रयोगले उपन्यासको भाषा सरल बनेको छ ।

## ४.३.९ व्याख्या तथा निष्कर्ष

सुली यथार्थ घटनामा आधारित उपन्यास हो । मूल रूपमा काठमाडौंको परिवेशलाई समेटेको यस उपन्यासमा विश्वविद्यालयको परिवेश पनि आएको छ । यसमा काठमाडौंली सङ्कुचित सीमाभित्र बाँधिएर रहेका भद्रभलाद्मी भनाउँदाहरूको साम्प्रदायिक भावनाको अभिव्यक्ति गरिएको छ । यस क्रममा यहाँका युवतीहरूको यौनजन्य विकृतिको भण्डाफोर गरिएको छ । फलतः उपन्यास आलोचनात्मक यथार्थवादी बन्न पुगेको छ । प्रतिभाको सम्मान नहुने राष्ट्रिय रोग तथा गाउँबाट सहर आउनेहरूको दुर्दशाको चित्रण जीवन्त रूपमा गरिएको छ । यस क्रममा गाउँबाट सहर पस्ने सरल एवम् निश्चल स्वभाव भएका व्यक्तिहरूको यथार्थ प्रेमलाई लत्याउने र हेला गर्ने सहरिया भद्रभलाद्मी भनाउँदाहरू कखुराको सुलीझैं हेय र गन्हाएका हनु छन् भन्ने सन्देश दिएको हुनाले उपन्यासको शीर्षक विषयवस्तु अनकूल सार्थक रहेको छ ।

## ४.४. झझल्को उपन्यासको विश्लेषण

## ४.४.१ परिचय

भ्रमणसँग सम्बन्धित भएर लेखिएको झझल्को तारानाथ शर्माको चौथो उपन्यास हो । यो डा. तारानाथ शर्मा नामबाट वि.सं. २०४५ तदनुसार १९८८ मा जनपक्ष प्रकाशन, बस्नेत भवन, गान्तोक सिक्किमबाट प्रकाशन भएको हो । जनपक्ष प्रकाशनको नवौं पुष्पका रूपमा प्रस्तुत गरिएको यस उपन्यासमा उपन्यासकारको मन्तव्य पनि संक्षिप्त रूपमा आएको छ । तीन परिच्छेदका १३९ पृष्ठमा विस्तारित यस उपन्यासको पहिलो परिच्छेदमा ७६ पृष्ठ, दोस्रो अनुच्छेदमा ५० पृष्ठ र तेस्रो परिच्छेदमा १३ पृष्ठ रहेका छन् । यसरी हेर्दा यस उपन्यासको परिच्छेद विभाजन असन्तुलित देखिन्छ ।

## ४.४.२ कथावस्तु

अमेरिकामा उच्च अध्ययन गरेर अन्वेष हवाइजहाजमा फर्किरहेको छ । उक्त जहाजमा अन्वेषको सिट नजिकै सेरा ब्याम्सन बसेकी हुन्छे । जहाजमा सेराका साथीसँगै पेय पदार्थमा रमेको अन्वेषलाई उसको शारीरिक सौन्दर्य देख्दा शिखाको झझल्को लाग्छ । शिखा

बाह्र वर्ष अघि दार्जिलिङमा आई.एस्सी., पढ्न बसेको समयमा अन्वेषले खाना खाने होटलमा काम गर्थी । कृश्चियन क्राइस्टेली धार्मिक अन्धताबाट ग्रसित सुजन, सेरा, टमस एडीका मतभन्दा मानवतावादको समर्थन गर्नु पर्ने धारणा व्यक्त गर्ने अन्वेषको नजर सेराभन्दा अघिल्लो आसनमा बसेकी वाणी शर्मामा पर्दछ । तब उसलाई शिखाको झझल्काले झन सताउन थाल्छ । अझ वाणी शर्माले अन्वेषको आसन नजिकै बस्न अनुमति माग्दा उसमा शिखाकै तादात्म्य पाउँछ ।

बाह्र वर्ष अघि सत्र वर्षकी शिखालाई अन्वेषले दार्जिलिङमा छोडेको थियो । अन्वेषको सेवामा तल्लिन रहने शिखा आमाबाबु चाँडै मरेपछि आमाकी साथीको घरमा नोकर्नी बसेकी हो । त्यही आमाकी साथी छेमाकहाँ खाना खाने अन्वेषलाई उसले हरेक कार्यमा सहयागे गर्छे । आफूले सेवा गरेको व्यक्ति अन्वेषसँग शिखा नजानिंदो किसिमले आकर्षित हुँदै जान्छे भने अन्वेष पनि शिखाप्रति नतमस्तक बन्दै जान्छ । यही क्रममा शिखाले प्रीतिको ढिपीले गर्दा अन्वेषलाई फागु पूर्णिमाको दिन झुक्याएर नीर खुवाउँछे । यस घटनाबाट आक्रान्त बनेको अन्वेष पछि शिखाले वास्तविकताको उजागर गराइदिएपछि शान्त बन्दछ । यस घटनापछि अन्वेष र शिखा एक अर्काप्रति समर्पित बनिरहेका हुन्छन् । आई.एस्सी. अध्ययनपछि शिखालाई बी.एस्सी. पढ्न पनु : आउने आश्वासन दिएर अन्वेष आफ्नो घर धनकुटा फर्कन्छ । परीक्षाको परिणाम आएपछि आमाबाबु र साथीभाइको प्राविधिक विषय पढ्ने आग्रह विपरीत सरकारी कलेजमा बी.एस्सी. पढ्न दार्जीलिङ जाँदा समयले फड्को मारिसकेको हुन्छ । शिखाले रामलाल क्षेत्री भन्ने धसिंगरे ड्राइभरबाट छेमाकै मिलेमतोमा लुटिएर पेट बोकिसकेकी हुन्छे । अब ऊ धनी बङ्गाली जोगेश दादासँग पोइल जाने निर्णय गर्छे । यस घटनाबाट अन्वेषले दार्जीलिङबाट बी.एस्सी. नपढी बी.ए., एम.ए. र एम.लिट् पढ्नु पऱ्यो । यही उच्च अध्ययनका लागि अमेरिका गएको अन्वेष अध्ययनपछि घर फर्कने क्रममा शिलाकै प्रतिमूर्ति वाणी शर्मालाई भेट्छ ।

अन्वेषका आसन नजिकै आएर बसेकी वाणी शर्माका हरेक क्रियाकलाप ऊ अध्ययन गर्दै जान्छ । निरक्षर एवम् अर्काको जुठोपुरो खाएर जीवन निर्वाह गरेकी शिखाका तुलनामा सुशिक्षित वाणीका व्यवहार भिन्न देखिन्छ तर ती दुईका शारीरिक बनोट, आकर्षण, हाउभाउ आदिमा भने अन्वेष शिखाकै प्रतिमूर्ति देख्छ । अझ विमान अवतरणमा समस्या आएपछि एक अर्काप्रति समर्पित बन्दै गएका वाणी र अन्वेष आफ्ना आत्मीय भावनाका लहरहरूलाई अभिव्यक्त गर्दै जान्छन् । मौसमको प्रतिकूलताका कारण विमान सम्बन्धित स्थानमा अवतरण

गर्न नसकेपछि ओरिगन राज्यको पोर्टलन्ड सहरस्थित विमानस्थलतिर लाग्दछ । पार्टेलन्डमा पनि विमान अवतरण हुन नसकेपछि सियाटल सहरको बोइङ कम्पनीको विमानस्थलमा अवतरण गर्छ ।

कहालीलाग्दो परिवेशमा पनि साहस बोकेर अगाडि बढ्ने अन्वेषलाई वाणी आमाजस्तै अडिग, बाबुजस्तै विश्वसनीय र भुईँजस्तै भर पर्न योग्य व्यक्तिका रूपमा लिन्छे । विमान जमिनमा ओर्लिएपछि धार्मिक आडम्बर देखाउँदै हर्षित बनेका क्राइस्टेली धर्मका व्याख्याता टमस एडी वाणी र अन्वेषको तर्कको बौद्धिकतालाई ठम्याउन सक्दैनन् । फलस्वरूप अब विमानमा रहँदा आउने समस्याप्रति उदासीन रहन्छ । शारीरिक थकाइले भन्दा मानसिक आतङ्कले गलित बनेका समस्त यात्रीहरूमध्ये वाणी अन्वेषणप्रति पूर्ण रूपमा समर्पित हुन्छे । यसबेला आत्मिकता, शारीरिकता र भावनात्मकताको भेद वाणीका चेतनाबाट हराइसकेको हुन्छ । फलतः उसको सम्पूर्ण शरीर अन्वेषलाई सुम्पिन्छे ।

लामो प्रतिक्षापछि विमानका यात्रुहरू लिन बसहरू आउँदछन् । अत्याधुनिक सुविधासम्पन्न ड्यालस विमानस्थलबाट आएका यी यात्रुहरू बसमा चढ्दछन् । बस केही अगाडि गएपछि दुर्घटना ग्रस्त हुन्छ तर चोट भने कसैलाई लाग्दैन । उक्त बसबाट ओर्लेका सबै यात्रुहरू चिन्ता मग्न हुन्छन् भने अन्वेष र वाणी प्रेम लीलामा तल्लिन रहन्छन् । जसले गर्दा अन्वेषलाई शिखासँग दिलखुसा होटलमा गरेका क्रियाकलापको झझल्को लाग्दछ । केही समयपछि नयाँ बसमा चढेर हायटा होटलमा जाँदा बस्ने र खाने व्यवस्था नभए पछि उनीहरू क्वालिटी इन होटलमा बस्न जान्छन् । त्यहाँ यिनीहरूले यौन सुख पनि प्राप्त गर्दछन् । भोलिपल्ट बाइङ विमानस्थलबाट वायुयान जापानको नारिता विमानस्थलतर्फ उड्दछ । करिब एक दिनको गगनमार्गको यात्रापछि वायुयान जापान कुल्चन पुग्छ । वायुयानबाट ओर्लेपछि भएको विस्फोटमा वाणीको मृत्यु हुन्छ भने अन्वेषण एक्लै धरान फर्कन्छ । उपन्यासको कथा यही ं अन्त्य हुन्छ ।

### ४.४.३ कथानकको व्यवस्थापन

झझल्को उपन्यासको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध भएको छ । उपन्यासको ठाउँठाउँमा यसको प्रमुख पात्र अन्वेषको मनमा आएको झझल्को बाहके अन्य ठाउँमा क्रमिक रूपमा अगाडि बढेको छ । जुन निम्नानुसार छ :

### ४.४.३.१ आदि भाग

भ्रमणसँग सम्बन्धित भएर लेखिएको यस उपन्यासको आदिभागअन्तर्गत आरम्भदेखि अमेरिकाबाट तुलनात्मक साहित्यमा पीएच्.डी. गरेर फर्किएं को अन्वेष अमेरिकाबाट नै उच्च अध्ययन गरेर फर्किरहेकी वाणी शर्माका बीचमा भएका आत्मीय समर्पणसम्मका घटनाशृङ्खलाहरू गर्दछन् ।

### ४.४.३.२ मध्यभाग

यस उपन्यासको मध्यभागमा अमेरिकाको ड्यालस विामनस्थलबाट उडेको विमान प्रतिकूल मौसमका कारण अवतरणमा समस्या आउँदछ । फलतः विमानका सम्पूर्ण यात्रीहरूमा नैराश्यता छाउँछ । यस उपन्यासका प्रमुख पात्र अन्वेष र वाणीमा व्याप्त नैराश्यताका साथै एक अर्कामा भएको नैसर्गिक आकर्षणदेखि विमान सम्बन्धित विमानस्थलमा अवतरण नगरी अर्कै निजी विमानस्थलमा अवतरण भएको घटना लगायत एकदिनको आरामपछि बोइङ विमानस्थलबाट जापानको नारिता विमानस्थलतिर प्रस्थान गर्नुसम्मका घटनाहरू पर्दछन् ।

### ४.४.३.३ अन्त्यभाग

यस उपन्यासको अन्त्यभागमा जापानको नारिता विमानस्थलमा विमान कुशलता पूर्वक अवतरण हुने कुरा निश्चित भएदेखि विमान अवतरणपछि बाहिर निस्कने क्रममा भएको विस्फोटबाट वाणीको मृत्यु भएको र अन्वेष निराश भई घर फर्किएको सम्मका घटनाहरू पर्दछन् ।  यसप्रकार प्रस्तुत उपन्यासको कथानकको व्यवस्थापन आदि, मध्य र अन्त्यको रैखिक शृङ्खलामा प्रस्तुत गरिए पनि उपन्यासको प्रमुख पात्रका मनमा आएका ` झझल्कोको प्रकटीकरणका सन्दर्भमा यो क्रम केही खजमज हुन पुगेको छ ।

### ४.४.४ सहभागी

झझल्को बहुपात्रीय उपन्यास हो । तसर्थ यसका चरित्रहरू विभिन्न रूपमा प्रस्तुत भएका छन् । जसलाई विभेदक अभिलक्षण तालिकामा निम्नानुसार देखाउन सकिन्छ ।

**झझल्को**

| क्र.सं. | आधार → पात्र ↓ | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्गीय | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १ | अन्वेष | + | - | + | - | - | + | - | - | + | + | - | - | + | + | - |
| २ | वाणी शर्मा | - | + | + | - | - | + | - | + | - | - | + | - | + | + | - |
| ३ | डा. टमस एडी | + | - | - | + | - | - | + | - | + | + | - | - | + | + | - |
| ४ | श्रीमती यान एडी | - | + | - | + | - | - | + | - | + | + | - | - | + | + | - |
| ५ | सुजन | - | + | - | + | - | - | + | - | + | + | - | - | + | + | - |
| ६ | शिखा सुवेदी | - | + | - | + | - | + | - | + | - | + | - | + | - | + | - |
| ७ | छेमा | - | + | - | - | + | - | + | - | + | + | - | + | - | + | - |
| ८ | प्रीति गिरी | - | + | - | - | + | - | + | - | + | + | - | + | - | - | + |
| ९ | मीना गिरी | - | + | - | - | + | - | + | - | + | + | - | + | - | - | + |
| १० | रामलाल क्षेत्री | + | - | - | - | + | - | + | - | + | + | - | + | - | - | + |
| ११ | जोगेश दादा | + | - | - | - | + | + | - | - | + | - | + | + | - | - | + |
| १२ | टीकाराम जैसी | + | - | - | - | + | + | - | - | + | + | - | + | - | - | + |
| १३ | विमान चालक | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| १४ | परिचारिका | - | + | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| १५ | विमान क्याप्टेन | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| १६ | मुचुकुन्द चतुर्वेदी | + | - | - | - | + | - | + | - | + | - | + | + | - | - | + |
| १७ | मृणालिनी | - | + | - | - | + | - | + | + | - | - | + | + | - | - | + |

माथिको विभेदक अभिलक्षण तालिकाअनुसार कार्यका आधारमा यस उपन्यासमा प्रमुख पात्रका रूपमा अन्वेष र वाणी रहेका छन् । फलस्वरूप यिनै दुई पात्रको केन्द्रीयतामा उपन्यासको घटनाक्रम अगाडि बढेको छ । यस उपन्यासमा सहायक पात्रका रूपमा सेरा ब्याम्सन, डा. टमस एडी, श्रीमती थान एडी, शिखा उपस्थित भएका छन् । त्यसैगरी सुजन, छेमा, प्रीति गिरी, मीना गिरी, रामलाल क्षेत्री, जोगेश दादा, टीकाराम जैसी, विमान क्याप्टेन, विमान चालक, मुचुकुन्द चतुर्वेदी, मृणालिनी, डेभिड, चार्ली जस्ता पात्रहरूको भूमिका गौण देखिन्छ ।

लिङ्गका आधारमा यस उपन्यासका पुरुष पात्रहरूमा अन्वेष, डा.टमस एडी, रामलाल क्षेत्री, जोगेश दादा, विमान क्याप्टेन, विमान चालक, टीकाराम जैसी, मुचुकुन्द चतुर्वेदी

पर्दछन् भने स्त्री पात्रहरूमा वाणी शर्मा, सेरा ब्याम्सन, शिखा, परिचारिका, सुजन, श्रीमती यान एडी, छेमा, प्रीति गिरी, मीना गिरी, मृणालिनी पर्दछन् ।

प्रवृत्तिका आधारमा यस उपन्यासमा अनुकूल र प्रतिकूल दवै किसिमका चरित्रहरूको उपस्थिति देखिन्छ । यस उपन्यासका अनुकूल पात्रहरूमा अन्वेष, वाणी, शिखा, परिचारिका, जोगशे दादा, टीकाराम जैसी पर्दछन् भने प्रतिकूल चरित्रहरूमा सेशा ब्याम्सन, डा.टमस एडी, सुजन, श्रीमती यान एडी, छेमा, प्रीति गिरी, मीना गिरी, मुचुकुन्द चतुर्वेदी, मृणालिनी पदर्छन् ।

जीवनचेतनाका आधारमा यस उपन्यासका वर्गीय पात्रका रूपमा अन्वेष सेरा ब्याम्सन, शिखा, परिचारिका, सुजन, डा.टमस एडी, श्रीमती यान एडी, विमान चालक, विमान क्याप्टेन, छेमा, प्रीति गिरी, मीना गिरी, टीकाराम जैसी, रामलाल क्षेत्री रहेका छन् भने व्यक्तिगत पात्रका रूपमा वाणी शर्मा, मृणालिनी, जोगेश दादा उपस्थित भएका छन् ।

स्वभावका आधारमा हेर्दा यस उपन्यासमा गतिशील र स्थिर दवै किसिमका पात्रको प्रयोग गरिएको छ । जसमध्ये वाणी, शिखा मृणालिनी आदि पात्रको स्वभाव गतिशील किसिमको देखिन्छ भने अन्य पात्रहरू उपन्यासको आरम्भदेखि अन्त्यसम्म स्थिर रहेको देखिन्छ ।

आसन्नताका आधारमा यस उपन्यासका बहुसङ्ख्यक पात्रहरू नेपथ्यमा आएका छन् । यस्ता पात्रहरूमा शिखा, छेमा, मीना गिरी, प्रीति गिरी, रामलाल क्षेत्री, जोगेश दादा, टीकाराम जैसी, मधुकुन्द चतुर्वेदी, मृणालिनी पर्दछन् । यी पात्रको उपस्थिति उपन्यासमा प्रत्यक्ष नदेखिए पनि यसको घटनाक्रमलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । यस उपन्यासका मञ्चीय पात्रहरूमा अन्वेष, वाणी, सुजन, डा.टमस एडी, श्रीमती यान एडी, परिचारिका, विमान क्याप्टेन पर्दछन् । यिनको उपस्थिति उपन्यासमा प्रत्यक्ष देख्न सकिन्छ ।

आवद्धताका आधारमा यस उपन्यासमा बद्ध र मुक्त दुवै किसिमका पात्रहरू प्रयोग गरिएको छ । यसका बद्ध पात्रहरूमा अन्वेष, वाणी, शिखा, डा.टमस एडी, श्रीमती यान एडी पर्दछन् । यी पात्रको अभावमा उपन्यासको कथानक शृङ्खला भत्कन्छ भने यी बाहेकका अन्य पात्रहरू मुक्त चरित्रका रूपमा आएका छन् ।

झझल्को उपन्यासको पात्रयोजनालाई विभेदक अभिलक्षण तालिकाका आधारमा हेर्दा प्रायः सन्तुलित किसिमको देखिन्छ । तापनि नेपथ्यका पात्रले पनि उपन्यासमा महŒवपूर्ण भूमिका निर्वाह गरेको केही अस्वाभाविक देखिन्छ ।

## ४.४.५ परिवेश

झझल्को यात्रासँग सम्बन्धित उपन्यास हो । मूल रूपमा अमेरिकाको ड्यालस विमानस्थलदेखि जापानको नारिता विमानस्थलसम्मको परिवेशलाई प्रत्यक्ष रूपमा उपन्यासले आफूभित्र समाहित गरेको छ । अमेरिकामा उच्च अध्ययन गर्न गएका अन्वेष र वाणी आफ्नो अध्ययनपछि स्वदेश फर्कने क्रममा मौसमको प्रतिकूलताका कारण विमान आकासमै रुमलिएको घटनालाई यथार्थ रूपमा चित्रण गरिएको छ । यस सिलसिलामा विमान निजी विमानस्थलमा अवतरण गराउँदा यात्रीहरूमा छाएको नैराश्यताको चित्रण पनि मार्मिक रूपमा आएको छ । वायुयानका कर्मचारीको लापर्वाहीका कारण यात्रीले झेल्नु परेका समस्यालाई पनि त्यतिकै सहजताका साथ प्रस्तुत गरिएको छ । पृथ्वीलाई विज्ञान र प्रविधिको अभूतपूर्व विकासले गर्दा सुन्दर बनाएको छ तर यसको दुरूपयोग गरी कहालीलाग्दा नरसंहारका घटनाहरू भइरहेको पक्ष पनि त्यत्तिकै टड्कारो रूपमा आएको छ ।

प्रत्यक्ष रूपमा अमेरिका, जापान जस्ता विकसित मुलुकको परिवशे चित्रण गरिएको यस उपन्यासमा अप्रत्यक्ष रूपमा नेपाली भूगोललाई पनि समेटिएको छ । नेपालको काठमाडौंदेखि धरान, विराटनगर, इटहरी आदि स्थानको उल्लेख गरिएको छ । त्यस्तै भारतको दार्जिलिङदेखि सिक्किम र बनारससम्मका भूभाग पनि संवादका क्रममा आएका छन् । समयगत रूपमा हेर्दा करिब चार दिनको घटनाशृङ्खला उनिएको छ तर उपन्यासको प्रमुख पात्रको जीवन भागे ाइका झझल्कोका रूपमा करिब बाह्र वर्ष अघिदेखिका घटनाक्रम आएका छन् । यसप्रकार प्रत्यक्ष एवम् परोक्ष रूपमा अमेरिकादेखि नेपाल हुँदै भारतका विभिन्न नगरीहरूको चित्रण गरिएको यस उपन्यासमा विज्ञानका चमत्कारिक उपलब्धिहरूले गर्दा पृथ्वीमा भएको उन्नतिका साथै यसको दुरूपयोगबाट भएका कहालीलाग्दा नरसंहार र यसबाट उत्पन्न विषम परिवेशको चित्रण सघन रूपमा गरिएको छ ।

## ४.४.६ उद्देश्य

झझल्को विश्वमा बढ्दै गएको वैज्ञानिक उपलब्धीले सुविधासम्पन्न बन्दै गएको मान्छेको जीवनचक्रका साथै यही वैज्ञानिक उन्नतिको दुरूपयोगले भएका विनाशकारी

प्रलयहरूको चित्रण गरी मानवतावादी दृष्टिकोण प्रक्षेपण गरिएको कृति हो । वैज्ञानिक उन्नतिका कारण अनेकौं यन्त्रहरू आविष्कार भइरहेका छन् । तसर्थ ती यन्त्रहरूको सही सदुपयोग हुनु पर्छ नकि  नरसंहारमा । यस संसारमा दानवीय स्वभावका व्यक्तिहरूबाट वैज्ञानिक उन्नतिको दुरूपयोग गरी केही मानवीय नरसंहारका घटनाहरू घटाए पनि अन्ततोगत्वा ती दुष्टहरूको नै पराजय हुने तथा चेतनशील मानवीय जनताले अझ उन्नति गरेर देखाउँछन् भन्ने कुरा उपन्यासमा यसरी व्यक्त गरिएको छ- आणविक विस्फोटले पारमाणिक प्रलयले र दानवीय नरसंहारले समेत मानवको बाँच्ने, बाँचेर बचाउने, बचाएर पृथ्वी सिंगार्ने अदम्य इच्छालाई मार्न नसकेको  प्रत्यक्ष प्रमाण जापान नै हो (शर्मा, २०४५ : १२७) ।

नेपाली समुदाय एउटा छुट्टै पहिचान बोकेको समाज हो । यसका आफ्नै रीतिरिवाज र परम्पराहरू छन् । सनातन आदर्शमा अगाडि बढेको यस समाजमा दुराचार, व्यभिचार आदि कुप्रवृत्तिले जरा गाडिरहेको छ । तसर्थ यस्तो प्रवृत्तिले नेपाली समाजलाई अन्ततोगत्वा रसातलमा पुऱ्याउँछ भन्ने अभिव्यक्ति दिनु यस उपन्यासको अर्को उद्देश्य हो । प्रवासी नेपालीहरूको पनि झल्को पाइने यस उपन्यासमा त्यहाँका यथार्थ घटनाक्रमको पनि चित्रण गरिएको छ ।

विश्व सबै जात-जाति, भाषा-धर्म एवम् सम्प्रदायका समुदायको साझा घर हो । यहाँ रहेका सम्पूर्ण मानव समुदायले आआफ्नो संस्कृति चालचलन अनुसार जीवन निर्वाह गरिरहेका हुन्छन् । यी सम्पूर्ण धर्मको अन्तिम लक्ष्य भनको स्वस्थ समाजको स्थापना नै हो भन्ने कुरालाई चटक्क बिर्सेर धार्मिक आडम्बर प्रस्तुत गर्दै हिंड्ने साम्प्रदायिक भावनाले ग्रसित व्यक्तिहरूप्रति वितृष्णा व्यक्त गर्नु यस उपन्यासको अर्को उद्देश्य हो । त्यसैगरी मान्छे जतिसुकै साम्प्रदायिक भावनाले ग्रसित भए पनि उसलाई आपत पर्दा धर्म, जाति र भाषा वा भूगोल, रङ र उमरे अथवा स्त्री, पुरुष वा बालक कुनै पनि भेद नगण्य, नितान्त अनावश्यक तथा सर्वथा गौण भएर जान्छ (शर्मा, २०४५ : १२७) भन्ने विश्वजनीन यथार्थको अभिव्यक्ति दिनु यस उपन्यासको अर्को उद्देश्य हो ।

यसप्रकार नेपाली एवम् प्रवासी नेपाली समाजको यथार्थ चित्रण गर्नुका साथै विश्वका अतिविकसित राष्ट्रका जनताको धार्मिक आडम्बरप्रति वितृष्णा व्यक्त गर्दै मानवतावादी भावनाले ओतप्रोत भएको स्वस्थ समाजको स्थापना गर्न अभिप्रेरित गर्नु यस उपन्यासको महत्त्वपूर्ण उद्देश्य हो ।

### ४.४.७ दृष्टिविन्दु

झझल्को भ्रमणसँग सम्बन्धित उपन्यास हो । यस उपन्यासमा जति पनि घटना शृङ्खलाहरू आएका छन् ती सबै समाख्याताले तृतीय पुरुष पात्रका माध्यमबाट अभिव्यक्त गरेका छन् । रैखिक ढाँचामा लेखिएको प्रस्तुत उपन्यासको प्रमुख पात्र अन्वेषले चाहे दार्जिलिङ पढ्न बस्दा आफ्नो सेविका बन्न पुगेकी शिखाको झझल्कोको अभिव्यक्ति दिंदा होस् चाहे अमेरिकाबाट जापान हुँदै स्वदेश फर्कने क्रममा विमानमा भेट भएकी शिखाकै झझल्को दिन` वाणी शर्मासँगका आत्मीय समर्पणमा किन नहोस् सबै घटनाक्रम तृतीय पुरुष पात्र अन्वेषकै माध्यमबाट अभिव्यक्त भएको छ । फलस्वरूप उपन्यास तृतीय पुरुष अर्थात् बाह्य दृष्टिविन्दुमा संरचित बनेको छ ।

### ४.४.८ भाषाशैलीय विन्यास

झझल्को व्यापक परिवेशलाई आफूभित्र समाहित गर्ने उपन्यास हो । खासगरी यात्रा वृत्तान्त प्रस्तुत गरिएको यस उपन्यासमा अमेरिकादेखि जापान हुँदै नेपालसम्मको परिवेशका विभिन्न चरित्रहरू प्रयोग गरी सोही अनुकूलको भाषाको प्रयोग गरिएको छ ।

यस उपन्यासका प्रमुख पात्र अन्वेष र वाणी उच्च शिक्षा आर्जन गरेका व्यक्तित्व हुन् । तसर्थ यी पात्रहरूका संवाद प्रबुद्ध किसिमका देखिन्छन् भने अमेरिकी संस्कृतिका पात्रहरूले बोलेको अङ्ग्रेजी संवादलाई नेपालीमा उल्था गरी प्रस्तुत गरिएको कुरा उपन्यासमा वर्णित घटनाक्रमबाट प्रष्ट हुन्छ । यसले उपन्यासलाई रोचक बनाएको छ । त्यसैगरी प्रमुख पात्र अन्वेष दार्जीलिङमा अध्ययन गर्दा उसकी सहयोगी बन्न पुगेकी शिखाको संवादमा कथ्य भाषाको प्रभावका साथै दार्जीलिङमा प्रचलित नेपाली भाषिकाको पय्र ोग गरिएको छ । ऊ भन्छे- "…. प्रीतिले छाड्दै छाडिन कि, अन्त म घानमा परिहालें । सप्पै प्रीतिको त हो नि जी ।" (शर्मा, २०४५ : २७) यसप्रकार पात्र अनुसारको भाषाको प्रयोगले उपन्यास हृदयस्पर्शी बन्न पगेुको छ । त्यस्तै उपन्यास बृहत् आख्यानात्मक विधा भएकाले यसलाई कलात्मक बनाउनका लागि विभिन्न भाषिक उक्तिहरूको प्रयोग गर्नुपर्छ । तसर्थ प्रस्तुत उपन्यासको भाषालाई सौन्दर्ययुक्त बनाउनका लागि सूक्तिमय कथन जस्तैः प्रथम प्रेमको पीडा पचासौं प्रयत्नले पनि पखालिंदैन । (पृ. ३३), आफ्नो अस्तित्व जस्तो प्यारो वस्तु अरू कुनै छैन । (पृ. ३६) आदि प्रयोगका साथै उखान टुक्काको समुचित प्रयोग गरिएको छ । यसका साथै उपन्यासको ठाउँठाउमँ ा गीतका प्रयोग (पृ. १३, पृ. २२ आदि)

ले भाषा मिठासपूर्ण बनेको छ । अनुकरणात्मक शब्दको भरमार प्रयागे गरिएको यस उपन्यासमा तत्सम, आगन्तुक एवम् झर्रा शब्दहरूको प्रयोगले अभिव्यक्तिमा कलात्मकता थपिएको छ । फलतः उपन्यासको भाषा कौतूहलमय बन्न पुगेका छ ।

## ४.४.९ व्याख्या तथा निष्कर्ष

यथार्थ घटनामा आधारित झझल्को उपन्यास नेपाली सांस्कृतिक पक्षको चित्रण गरिएको कृति हो । नेपालदेखि अमेरिकासम्मको परिवेशलाई यसले आफूभित्र समाहित गरेको छ । विश्वमा भएको वैज्ञानिक उपलब्धिको गुणगान गरिएको यस उपन्यासमा यसको दुरूपयोगबाट भएका नरसंहारका घटनाप्रति घृणा व्यक्त गरिएको छ । फलतः यस उपन्यासमा मानवतावादी दृष्टिकोण अभिव्यक्त भएको छ र सबै व्यक्ति धार्मिक आडम्बरबाट माथि उठेर सहिष्णुताको भावना विश्व समुदायमा उजागर गराउनु पर्ने सन्देश दिइएको छ । तृतीय पुरुष पात्र अन्वेष ाको माध्यमबाट उपन्यासको कथा अगाडि बढेको छ । यस क्रममा वृत्यानुप्रासका ेअत्यधिक प्रयोग तथा संस्कृत शब्दहरूको सामन्जस्यमूलक विन्यास गरिएको छ । संस्मरणात्मक शैलीमा लेखिएको झझल्को उपन्यासको शीर्षकले बितेको समयको स्मरण भन्ने अर्थ बहन गरेको छ । उपन्यासमा अमेरिकाबाट जापान आइपुग्दा वायुयानमा भएका घटना-प्रतिघटना र ती घटनाहरूले उपन्यासको प्रमुख पात्र अन्वेषका अतीतका गर्भमा विलिन भएका जीवनका मोडहरूलाई स्मरण गराउनमा नै कृति केन्द्रित भएकाले शीर्षक विषयवस्तु अनुकूल सार्थक रहेको छ ।

## ४.५ नेपालदेखि अमेरिकासम्म उपन्यासको विश्लेषण

## ४.५.१ परिचय

नेपालदेखि अमेरिकासम्म विश्वविद्यालयको परिवेशमा लेखिएको उपन्यास हो । यो वि.सं. २०४९ सालमा डा. तारानाथ शर्मा नामबाट साझा प्रकाशनबाट प्रकाशित भएको हो । ३५० पृष्ठका ८४ परच्छेदमा विस्तार गरिएको यस उपन्यासमा कम्तिमा दुई पृष्ठ ( परिच्छेद, ८, २२ र ७२) देखि बढीमा आठ पृष्ठ (परिच्छेद : २०) सम्मका परिच्छदे हरू रहेका छन् । फलस्वरूप उपन्यासको परिच्छेद विभाजन प्रायः समानुपातिक किसिमको छ ।

### ४.५.२ कथावस्तु

नेपालदेखि अमेरिकासम्म उपन्यासमा दार्जिलिङबाट बी.ए. पास गरेर रूप एवम् गुणले युक्त कविता कीर्तिपुरमा अङ्ग्रेजी विषयमा एम.ए. गर्न आउछेँ । ऊ कीर्तिपुरमा अछामकी शोभा प्रधान भन्ने केटीसँग महिला छात्रावासमा बस्छे । उन्नाइस हिउदँ पचाइसकेर पनि आफ्नो शरीरको स्याहरा गर्न नजान्ने शोभा आमाको मृत्युपछि बाबुले ल्याएकी कान्छीआमाको दुर्व्यवहार सहेकी हुन्छे । उसको दाजु श्यामलाल प्रधानले चाकडी गरेर बहिनीलाई छात्रवृत्ति मिलाउँछ भने आफू पनि छात्रवृत्तिमै भूगोल विषयमा पीएच्.डी. गर्न अमेरिका गएको हुन्छ । शोभा कवितासँग बस्न थालेपछि ऊबाट प्रभावित हुँदै आफूलाई सफा राख्न थाल्छे । कामिनी, नीलिमा, छाया, शम्पा जस्ता साथीहरूसित विश्वविद्यालयको वातावरणलाई नै रमणीय बनाउने गर्विली कवितालाई भाउजू बनाउन शोभाले जाल थाप्न थाल्छे । शोभाको व्यवहारलाई राम्ररी बुझ्केकी कविताले आफ्नो फोटो शोभाकै आग्रहमा अमेरिका पठाउन स्वीकृति पनि दिन्छे ।

कपट, कलङ्क र कल्मसले कुइगन्ध भएको काठमाडौंमा मस्कोबाट शेखर शर्मा आउने कुरो नीलिमाले उसका साथीहरूसँग बताउँछे । दस वर्ष अघि रुस गएको र चार वर्ष अघि एक महिना बिदामा आएको बेला एक घण्टा कुरा गरेकै भरमा अविभावककै स्वीकृतिमा नीलिमा ऊसँग बिहे गर्न राजी भएकी हुन्छे । यति ठूलो निर्णय सजिलै गरेकोमा कविता काठमाडौंको चलनप्रति अचम्म मान्छे । शेखर आउने दिन ६ जना साथीहरू लिई नीलिमा विमानस्थलमा उसको स्वागतार्थ जान्छे । यता केही दिनपछि श्यामलाल ६ महिना नआउने चिठी शोभाले प्राप्त गर्छे । किरन्टाकेी शोभा परीक्षापछि छात्रवृत्ति नपाउने भएकाले चिन्तित बन्दछे । परीक्षा पनि नजिकै आएकाले सबै विद्यार्थीहरू पढाइमा नै सक्रिय हुन्छन् भने नीलिमाले चाहिँ शेखरको पछि लागेर पढाइलाई चटक्कै छाडिदिई । विवाहपछि शेखरको कामपिपाशु एवम् व्यभिचारको पराकाष्टालाई मूकदर्शक बनेर अञ्चलाधीश पिता विश्वमणि बराल र काठमाडौंको प्रसिद्ध व्यापारी ससुरा रविकान्त शर्माको इज्जत नीलिमाले थामिरहेकी थिई । उसको बिहेको सात महिनापछि आएको तीजमा आमा, जेठी भाउजू तथा साथी शम्पाका साथमा बागमतीमा पञ्चमी नुहाउन जाँदा शम्पाले नीलिमाका शरीरका नीलडाम देख्छे । नीलिमाले यसबारे बताउँदा ऊ तीन छक पर्छे । बाहिरबाट हेर्दा देउता जस्तो देखिने शेखर राक्षस नै रहेछ भन्ने वास्तविकतालाई स्वीकार्छे । पञ्चमीको पूजा सकेर भोजन गरेपछि शम्पा छात्रावास फर्कन्छे भने नीलिमा शेखरको यानै उन्मत्तता नाबालक नोकर्नी

कान्छीमा पोखिन सक्ने ठानी बैठकमा गफको गण्डकी उरालिरहको आमा र जेठी भाउजूलाई नसोधी बत्तीसपुतलीको शेखरको घरमा जान्छे । घरमा पुग्दा कान्छी र शखे र यौन लीलामा व्यस्त रहेको प्रत्यक्ष देख्छे । आफूलाई दाजुसँग कुरा गर्दा रन्डी भन्ने शखे रको वास्तविक रूप देखेपछि उसलाई तीव्र घृणा गरे पनि शखे रले अनेक बहाना गरेर नीलिमालाई फकाउँछ । यही समयमा नीलिमालाई भेट्न कामिनी आउछें । यसै मौकामा आफ्नो कामवासना खन्याउन अनेक बहाना गरी शेखरले कामिनीलाई आफ्नै भटभटेमा राखेर छात्राबास पुऱ्याउन पाए पनि ऊ सफल भने हुँदैन ।

विश्वविद्यालयमा कविताको नाममा एउटा चिठी आउँछ । श्यामलालले प्रेमको दार्शनिक व्याख्या गरेर पठाएको त्यो चिठीले कविताजस्ती गर्विली युवतीलाई पनि विचलित बनाउँछ । उसले त्यो चिठी आफ्ना साथीहरूलाई देखाउँछे । यसमा साथीहरूले टीकाटिप्पणी गरिरहेका बले ा नीलिमा आफ्ना साथीहरूलाई चाबेल स्थित माइतमा शनिवार खाना खान बोलाउन र आफ्नो पीडा पोख्न आउँछे । नीलिमाको आग्रह अनुसार शोभा बाहेक उसका सबै साथीहरू नीलिमाको माइतमा जान्छन् । त्यहाँ नीलिमाको सान्दाजु देवमणि बरालसँग परिचय हुन्छ । बेलायतबाट उच्च शिक्षा आर्जन गरेको देवमणि र नीलमाका साथीहरूबीच नीलिमाको भावी जीवनबारे तर्कपूर्ण कुरा हुन्छ । अन्त्यमा उनीहरूले सम्बन्धविच्छेदलाई नै उपयुक्त माध्यम ठान्दछन् । यसको सल्लाह गर्न देवमणिले आफ्नो साथी वकिल अशेष ढुङ्गाना र प्रहरी निरीक्षक प्रसन्न सुवेदीलाई आफ्नो घरमा बोलाएको बेलामा नीलिमालाई लिन शेखर आइपुग्छ । दाजुका साथीहरूको सल्लाह बमोजिम कानुनी रीत पुऱ्याउन हौसिएकी नीलिमालाई शेखरले लछारपछार पार्छ । रिसको झ्वाकमा अन्धो बनेको शखेर देवमणिका साथीले झपारपे छि निरीह भएर घर फर्कन्छ । यसपछि नीलिमा शेखरसँग सम्बन्ध विच्छेद गरेर विश्वविद्यालयमा पुनः अध्ययन गर्न थाल्छे ।

कविता नारी पवित्रताबारे सोचिरहेका बेला शोभा हतारिँदै आउँछे । दाजु आइपुगेको समाचार कवितालाई सुनाएपछि ऊ दाजुलाई भेट्न मोहनमुनि दाहालको घरमा नीलिमा, कविता र शोभालाई लिएर जान्छे । यिनीहरू श्यामलालसँग भेट गरी बेलुका छात्रबास नै फर्कन्छन् । ठूला ओहोदामा पुग्ने व्यक्तिको चाकडी गरेर काठमाडौंमा घर बनाउन सफल भएको मोहनमुनि दाहाल गाउँमा आमाबाबु, स्वास्नी, छोराछोरी भएर पनि आफूलाई अविवाहित टहुरोका रूपमा चिनाउन पछि पर्दैन । पढाउन भनेपछि मरेतुल्य हुने ऊ कुरा दोचारेर नै विद्यार्थीहरूलाई टार्छ । ऊ यस्तै टपर्टुइयाँहरूको लहैलहैमा चलेको नयाँ शिक्षाको

व्याख्याता बन्छ भने छात्रछात्रा तथा कुशल प्राध्यापकहरू यसको विरोधमा उत्रन्छन् । कीर्तिपुरमा भएको विरोध सभामा बोल्दा स्वयंसेवकका रूपमा अङ्ग्रेजी विभागमा पढाउन थालेको देवमणि, आयोजक र विद्यार्थी नते ाहरू पक्राउ पर्छन् भने अन्यलाई निर्मम यातना दिइन्छ । कवितालाई भने श्यामलाले मञ्चको कुनामा लुकाउँछ । तसर्थ यिनीहरू भित्रै थुनिन्छन् । पछि अनेकौं प्रयासबाट त्यस अप्रत्यासित कारागारबाट मुक्त हुन्छन् र मोहनमुनिको घरमा बस्न जान्छन् । मोहनमुनि कुराकानीका सिलसिलामा कवितालाई नयाँ शिक्षाको समर्थन गर्न उक्साउँछ । यही समयमा रेडियो नेपालबाट नयाँ शिक्षाका कट्टर विरोधी प्रसिद्ध लेखक तथा प्राध्यापक किशोरचन्द्र उपाध्यायले नयाँ शिक्षाको समर्थनमा दिएका अभिव्यक्तिबाट कविता चकित हुन्छे । अझ मातृभूमि साप्ताहिक पत्रिकामा प्रकाशित ५६ जना वरिष्ठ प्राध्यापक जागिर मुक्त तथा विश्वविद्यालय अनिश्चित कालका लागि बन्द जस्ता समाचारबाट ऊ व्यथित बन्छे । फलतः यसको समर्थक मोहनमुनिसँग तार्किक विरोध गर्छे । कविताकी साथी छाया थापाको सम्पर्क शिशिर राणासँग थियो । तसर्थ छाया खोरमा थुनिएको जानकारी पाउनासाथ शिशिरल े शिक्षामन्त्री तथा गृहमन्त्रीलाई भनेर छायाँसहित उसका साथीहरू र सुरक्षा खलबल्याएको आरोपमा समातिएको देवमणिलाई पनि छट ुाउँछ । यता आन्दोलन पनि त्यसै तुहिन्छ ।

सहयोगी स्वभावको श्यामलाल कविताप्रति एकोहोरिइरहेको थियो । यही मौका छोपेर मोहनमुनिले शोभामाथि जाल बिच्छ्यायो । यता श्यामलाल भन े बिहेप्रति कविताले गरेको तर्कको वास्तै नगरी बिहे गर्ने तयारीमा लाग्छ । कविता भने श्यामलालकहाँबाट गएपछि विराटनगर जान्छे । प्रेमले अन्धो भएको श्यामलालले कवितालाई विराटनगरमै चिठी पठाउँछ । यसको प्रत्युत्तरमा कविताले तपाईको र मेरो स्वभावमा आकास पातालको भिन्नता भएका कारण मित्रका रूपमा मात्र रहन सक्ने कुरा प्रष्ट पार्छे । यस कुराबाट व्यथित श्यामलाल दसैंको रमझममा पनि शून्यता बोध गर्छ भने शोभाले उन्मत्त भएर मोहनमुनिसँग खुसियाली मनाउँछे । बिदाको समयमा कविता, नीलिमा, शिशिर, छाया, देवमणि दार्जीलिङ घुम्न गए । त्यहाँको अनुपम सौन्दर्य पिएर विराटनगर फर्किएपछि विश्वविद्यालय खुल्ने समाचार प्रकाशित हुन्छ । यसपछि यिनीहरू काठमाडौंतर्फ लाग्दछन् । विश्वविद्यालय खुलेपछि देवमणि लामो समयसम्म स्वयसेंवकका रूपमा प्राध्यापन गर्न बाध्य हुन्छ भने श्यामलाल कविताले भेट नदिएकोमा व्यथित बन्दछ । एकदिन नयाँ सडकमा कवितालाई श्यामलालले जबर्जस्ती गर्न खोज्दा शिशिरका सहायताले जोगिन सफल भएपछि

ऊ साथीहरूसँगै हिंड्न थाली । समय चिप्लँदै गयो । दोस्रो वर्षको परीक्षा पनि निर्वाध रूपमा सम्पन्न भयो । तसर्थ कविताहरू पुस्तकको भारी बिसाउन पुस्तकालय गएको बेला कविता एक्लै भएको मौका पारेर श्यामलालले अप्रत्यासित रूपमा कविताको टाउकामा सिन्दुर हालिदियो र सम्पूर्ण पुस्तकालयको वातावरणलाई नै विषाक्त बनाइदियो । यस घटनाबाट कविता विह्वल बने पनि देवमणिले उसलाई सम्झायो । यता श्यामलालको भने नखर्माउली चर्चाले भोटाहिटीकी घिउ पसलेकी छोरी नानुहीरासँग विवाह गराइदिई र श्यामलालले घिउमैया नानुहीरालाई लिएर सात समुन्द्र पार गऱ्यो । श्यामलाल हिँडेपछि शोभाले पनि मोहनमुनिको सिन्दुरपोते ग्रहण गरी ।

एम.ए. दोस्रो वर्षको परीक्षाफल पनि प्रकाशन भयो । पञ्चकन्या नै राम्रो अङ्क ल्याएर उत्तीर्ण भएपछि जागिर पनि पाए । यसपछि छायाको शिशिरसँग, शम्पाको प्रसन्न सुवेदीसँग, कविताको देवमणिसँग, नीलिमाको अशेषसँग तथा ढिलै भए पनि कमिनीको रत्नप्रकाश मल्लसँग विवाह भयो । यी सबै आधुनिक रूपमा सुखी दाम्पत्य जीवन बिताउन थाले । यता भूगोलमा पीएच्.डी. गरेर कम्युनिटी कलेजमा प्राध्यापनमा लागेको श्यामलालले भोटाहिटीकी घिउमैयालाई आफ्नो जीउ र कोठाको सरसफाई गर्न तथा अमेरिकाली वातावरणमा समायोजन गराउन पटक्कै नसकेपछि ६ महिनाकी छोरी प्रीतिसहित उसलाई माइत पठाइदियो । यसको करिब डेढ वर्षपछि श्यामलालले नानुहीरालाई केही महिनामा झिकाउने झुटो आश्वासन दिई छोरी प्रीति र बहिनी ज्वाइँलाई अमेरिका झिकाई त्यहाँकै शिला भन्ने केटीसँग विवाह गऱ्यो । परिस्थितिबस कविता र उसका साथीहरू पनि पति सहित छुट्टाछुट्टै बहानामा अमेरिका पगे । अन्य सबै साथीहरूका पति विचार सुहाउँदा भए पनि कमिनीले भने परिवारको आग्रहमा आफूले मन पराएको मणिरत्न शाक्यलाई त्यागेर रत्नप्रकाश मल्लसँग विवाह गरेकी थिई । रत्नप्रकाश अमेरिका जस्तो मुलुकमा पनि परम्परागत सङ्कुचित सोचाइमै सीमित भएका कारण ऊ मणिरत्नसँगै जीवन बिताउन थाली । अमेरिकामा कविता र देवमणिले पनि पीएच्.डी. को अध्ययन पूरा गरे । नेपालमा यही समयमा जनसङ्घर्षले चरम रूप लिएपछि जनमत सङ्ग्रहको घोषणा भएको खबर कृष्णहरिबाट कविता, देवमणि, नीलिमाहरूले सुनेपछि यिनीहरू हर्षित हुँदै नेपाल फर्कन्छन् र उपन्यासको पनि अन्त्य हुन्छ ।

### ४.५.३ कथानकको व्यवस्थापन

नेपालदेखि अमेरिकासम्म उपन्यासमा कविताले कीर्तिपुरमा एम.ए. को अध्ययन गर्न थालेदेखि अमेरिकाबाट पीएच्.डी. गरेर नेपाल फर्किएसम्मको घटनाक्रमलाई आदि, मध्य र अन्त्यको शृङ्खलामा रैखिक ढाँचामा प्रस्तुत गरिएको छ । जुन निम्नानुसार छ-

### ४.५.३.१ आदि भाग

यस उपन्यासको आदिभागअन्तर्गत कविता दार्जीलिङ्बाट बी.ए. पास गरेर त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा एम.ए. पढ्न थालेदेखि काठमाडौंली सङकुचित संस्कृतिको अनुभवका साथै नीलिमाको दाजु देवमणि र कविताबीच साक्षात्कार भएपछि दुवै कहे ी विचलित बनेको सम्मका घटनाशृङ्खलाहरू पर्दछन् ।

### ४.५.३.२ मध्य भाग

यस उपन्यासको मध्य भागमा शोभाका प्रयासले श्यामलालले कवितालाई चिठी पठाएपछिका घटनादेखि छात्र आन्दोलनका समयमा श्यामलाल र कविता सभा हलमा थुनिएको घटना, त्यसबाट मुक्त भई मोहनमुनिका घरमा बिताउनु परेका दिनहरू हुँदै कवितालाई श्यामलालले केन्द्रीय पस् तकालयभित्र गरेको दुर्व्यवहार तथा देवमणि र कविताको वैवाहिक जीवनको शुभारम्भसम्मका घटनाहरू पर्दछन् ।

### ४.५.३.३ अन्त्य भाग

प्रस्तुत उपन्यासको अन्त्यभागमा चाकडी र चाप्लुसीलाई महत्त्व दिने तथा प्रतिभाको कदर गर्न नजान्ने काठमाडौंबाट कवितासहित उसका साथीहरू आआफ्ना पतिसँग उच्च अध्ययन या विशेष कामका लागि अमेरिका गएदेखि आफ्नो काम पूरा गर्दा नेपालमा जनमत सङ्ग्रहको घोषणा पनि भएकाले यसको खुशीयाली मनाउँदै नेपाल फर्किएसम्मका घटनाहरू पर्दछन् ।

आदि, मध्य र अन्त्यको रैखिक शृङ्खलामा अगाडि बढेको यस उपन्यासको आदि भाग उपन्यासको अन्य घटनाक्रम निकै अगाडि बढिसकेपछि मात्र प्रमुख पुरुष पात्रको उपस्थिति देखिन्छ । जसले गर्दा प्रमुख स्त्री पात्रको भन्दा पुरुष पात्रको उपस्थिति उपन्यासको सुरु तिर फितलो भएकाले कथावस्तुको व्यवस्थापन केही कमजोर हुन पुगेको छ ।

### ४.५.४ सहभागी

नेपालदेखि अमेरिकासम्म उपन्यास बहुल पात्रयोजना युक्त कृति हो । यसमा विभिन्न भूमिकामा प्रयोग गरिएका बहुसङ्ख्यक पात्रहरूको बौद्धिकस्तर उच्च छ । यी पात्रहरको प्रकारगत वर्गीकरणलाई विभेदक अभिलक्षण तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

**नेपालदेखि अमेरिकासम्म**

| क्र. सं. | आधार → पात्र ↓ | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्गीय | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १ | कविता | - | + | + | - | - | + | - | - | + | + | - | - | + | + | - |
| २ | देवमणि | + | - | + | - | - | + | - | - | + | - | + | - | + | + | - |
| ३ | कामिनी | - | + | - | + | - | + | - | + | - | - | + | - | + | + | - |
| ४ | शम्पा | - | + | - | + | - | + | - | - | + | + | - | - | + | + | - |
| ५ | नीलिमा | - | + | - | + | - | + | - | + | - | + | - | - | + | + | - |
| ६ | छाया | - | + | - | + | - | + | - | - | + | + | - | - | + | + | - |
| ७ | शोभा | - | + | - | + | - | - | + | + | - | + | - | - | + | + | - |
| ८ | श्यामलाल | + | - | - | + | - | - | + | + | - | + | - | - | + | + | - |
| ९ | मोहनमुनि | + | - | - | + | - | - | + | - | + | + | - | - | + | + | - |
| १० | शिशिर राणा | + | - | - | + | - | + | - | - | + | + | - | - | + | + | - |
| ११ | शेखर शर्मा | + | - | - | + | - | - | + | + | - | - | + | - | + | + | - |
| १२ | कृष्णहरि काफ्ले | + | - | - | - | + | + | - | - | + | + | - | - | + | + | - |
| १३ | अशेष ढुङ्गाना | + | - | - | - | + | + | - | - | + | + | - | - | + | + | - |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | प्रसन्न सुवेदी | + | - | - | - | + | + | - | - | + | + | - | - | + | + | - |
| १५ | अच्युत सुवेदी | + | - | - | - | + | + | - | - | + | + | - | + | - | + | - |
| १६ | नानुहीरा | - | + | - | - | + | - | + | - | + | - | + | - | + | + | - |
| १७ | चर्चा श्रेष्ठ | - | + | - | - | + | - | + | - | + | - | + | - | + | - | + |
| १८ | प्रीति | - | + | - | - | + | + | - | - | + | + | - | + | - | - | + |
| १९ | शीला | - | + | - | - | + | - | + | - | + | + | - | + | - | - | + |
| २० | डम्बरजङ्ग थापा | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| २१ | समरजङ्ग थापा | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| २२ | रामबहादुर श्रेष्ठ | + | - | - | - | + | + | - | - | + | + | - | + | - | - | + |
| २३ | किशोरचन्द्र उपाध्याय | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| २४ | विश्वमणि बराल | + | - | - | - | + | + | - | + | - | + | - | + | - | - | + |
| २५ | रविकान्त शर्मा | + | - | - | - | + | - | + | - | + | + | - | - | + | - | + |
| २६ | शुवर्णलाल जोशी | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| २७ | नीलिमाकी आमा | - | + | - | - | + | + | - | - | + | + | - | + | - | - | + |
| २८ | नीलिमाकी जेठी भाउजू | - | + | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| २९ | मणिरत्न शाक्य | + | - | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| ३० | रत्नप्रकाश मल्ल | + | - | - | - | + | - | + | + | - | + | - | - | + | - | + |

माथिको तालिकाअनुसार कार्यका आधारमा यस उपन्यासका प्रमुख पात्र कविता र देवमणि हुन् । यसमा पनि अझ कविताकै केन्द्र विन्दुमा उपन्यासले फड्को मारेको छ भने कामिनी, छाया, शम्पा, नीलिमा शोभा, श्यामलाल, शिशिर राणा पात्रहरूको भूमिका सहायक भएर आएको छ । त्यस्तै अन्य पात्रहरूको भूमिका उपन्यासमा गौण देखिन्छ ।

लिङ्गका आधारमा हेर्दा यस उपन्यासका पुरुष पात्रहरूमा देवमणि बराल, श्यामलाल, मोहनमुनि दाहाल, शिशिर राणा, कृष्णहरि काफ्ले, अशेष ढुङ्गाना, प्रसन्न सुवेदी, अच्युत सुवेदी, डम्बरजङ्ग थापा, समरजङ्ग थापा, रामबहादुर श्रेष्ठ, किशोरचन्द्र उपाध्याय, विश्वमणि बराल, मणिरत्न शाक्य, रत्नप्रकाश मल्ल पर्दछन् भने स्त्री पात्रहरूमा कविता, नीलिमा, छायाँ, शम्पा, शोभा, कामिनी, चर्चा श्रेष्ठ, नानुहीरा, प्रीति, शिला, नीलिमाकी आमा र ठूली भाउजू पर्दछन् ।

प्रवृत्तिका आधारमा यस उपन्यासमा अनुकूल पात्रहरूको बाहुल्यता देखिन्छ । यस्ता पात्रहरूमा कविता, कामिनी, छायाँ, शम्पा, नीलिमा, देवमणि, शिशिर राणा, कृष्णहरि काफ्ले, अशे ा ढुङ्गाना, प्रसन्न सुवेदी, अच्युत सुवेदी, प्रीति, मणिरत्न शाक्य पर्दछन् भने प्रतिकूल पात्रहरूमा शोभा, श्यामलाल, मोहनमुनि दाहाल, शेखर शर्मा, नानुहीरा, चर्चा श्रेष्ठ, शिला, रविकान्त शर्मा पर्दछन् ।

जीवनचेतनाका आधारमा यस उपन्यासमा व्यक्तिगतभन्दा वर्गीय पात्रहरूकै बाहलु यता देखिन्छ । यस उपन्यासका देवमणि, कामिनी, नानुहीरा, चर्चा श्रेष्ठ, शेखर शर्मा, मणिरत्न शाक्य, रत्नप्रकाश मल्लजस्ता पात्रहरू व्यक्तिगत चरित्रका रूपमा उपस्थित भएका छन् भने अन्य सबै पात्रहरू वर्गीय किसिमका छन् र यी पात्रहरूले समाजका कुनै न कुनै वर्गको प्रतिनिधित्व गरेका छन् ।

स्वभावका आधारमा यस उपन्यासका बहुसङ्ख्यक पात्रहरू स्थिर किसिमका छन् भने अल्पसङ्ख्यक पात्रहरूको चरित्र गतिशील किसिमको छ । यस्ता पात्रहरूमा कामिनी, नीलिमा, शोभा, श्यामलाल, शेखर शर्मा, किशोरचन्द्र उपाधयाय, रत्नप्रकाश मल्ल पर्दछन् । यी पात्रहरूको उपस्थिति उपन्यासमा गतिशील किसिमको छ भने यी बाहेक उपन्यासका अन्य पात्रहरू कृतिको आरम्भदेखि अन्त्यसम्म आफ्नो विचारमा स्थिर रहेका छन् ।

आसन्नताका आधारमा यस उपन्यासका कविता, कामिनी छाया, शम्पा, नीलिमा, देवमणि, शोभा, श्यामलाल, मोहनमुनि, शिशिर राणा, शेखर शर्मा, कृ णहरि काफ्ले, अशेष

ढुङ्गाना, प्रसन्न सुवेदी, नानुहीरा, चर्चा श्रेष्ठ, मणिरत्न शाक्य, रत्नप्रकाश मल्ल आदि पात्रहरूको उपस्थिति मञ्चीय किसिमको छ भने अच्युत सुवेदी, प्रीति, शिला, रामबहादुर श्रेष्ठ, विश्वमणि बराल, शुवर्णलाल जोशी आदि पात्रहरू नेपथ्यमा आएका छन् ।

आबद्धताका आधारमा हेर्दा यस उपन्यासका बद्ध पात्रहरूमा कविता, देवमणि, कामिनी, छाया, शम्पा, नीलिमा, शोभा, श्यालमाल, शिशिर राणा, मोहनमुनि, कृष्णहरि काफ्ले, अशेष ढुङ्गाना आएका छन् भने अन्य पात्रहरूको उपस्थिति मुक्त किसिमको छ । यस्ता पात्रहरूमा चर्चा श्रेष्ठ, प्रीति, शिला, डम्बरजङ्ग थापा, समरजङ्ग थापा, रामबहादुर श्रेष्ठ, किशोरचन्द्र उपाध्याय, विश्वमणि बराल रविकान्त शर्मा, शुवर्णलाल जोशी, नीलिमाकी आमा र जेठी भाउजू, मणिरत्न शाक्य, रत्नप्रकाश मल्ल मल्ल पर्दछन् ।

यसप्रकार विभेदक अभिलक्षण तालिका अनुसार हेर्दा प्रस्तुत उपन्यासको पात्रयोजना प्रायः सन्तुलित किसिमको देखिन्छ ।

### ४.५.५ परिवेश

नेपालदेखि अमेरिकासम्म व्यापक परिवेशलाई आफूभित्र समाहित गर्न सफल भएको तारानाथ शर्माको महत्त्वपूर्ण औपन्यासिक कृति हो । भ्रमणसँग पनि सम्बन्धित रहेको यस उपन्यासमा नेपालको काठमाडौं, विराटनगर, भारतको दार्जीलिङ, क्यानाडा तथा अमेरिकाका विभिन्न नगरीहरूको प्रत्यक्ष चित्रण गरिएको छ भने नेपालकै पश्चिमी पहाडी भूभाग, कविताको पुर्ख्यौली थलो तथा बेलायतको चित्रण पनि पात्रहरूका कथनमार्फत गरिएको छ । यसका घटनालाई अगाडि बढाउन प्रबद्ध खालका पात्रहरूको प्रयोग गरिएको छ । तसर्थ यी पात्रहरूको क्रियाकलापको चित्रणका सन्दर्भमा विश्वविद्यालयको परिवेश आएको छ ।

समयगत रूपमा हेर्दा वि.सं. २०२८ सालमा लागू गरिएको नयाँ शिक्षा नीतिभन्दा केही समय अघिदेखि वि.सं. २०३६ सालको जनमत सङ्ग्रहको घोषणासम्मको अवधिलाई आफूमा समाहित गरेको छ भने यसको आन्तरिक परिवेशका रूपमा प्रतिभाको कदर नहुने राष्ट्रिय रोग, चाकडी गरेर देशका तथा विश्वविद्यालय जस्ता प्राज्ञिक संस्थाका महत्त्वपूर्ण प्रशासनिक ओहोदाहरू ओगट्न सफल भएका असक्षम भाट कर्मचारीहरू तथा प्राध्यापकहरू मार्फत सञ्चालित पूर्वागह्री क्रियाकलापबाट बौद्धिक जनतामा व्याप्त भएको पलायनमुखी वृत्तिको कलात्मक प्रस्तुतीकरण गरिएको छ । त्यसैगरी दार्जिलिङको बाघचुलीको अनुपम सौन्दर्य, विराटनगरको जीवनशैली तथा काठमाडौंली सङ्कुचित सीमामा बाँधिएका

सम्प्रदायिक भावनाले ग्रस्त समाजका साथै विश्वका अभूतपूर्व उपलब्धिहरू प्राप्त गरेका मुलुकमा गएर उच्च शिक्षा आर्जन गरेका व्यक्तिहरूको पाखण्डी वृत्तिको प्रस्तुतीकरण पनि उपन्यासमा कलात्मक रूपमा गरिएको छ ।

## ४.२.६ उद्देश्य

प्रस्तुत उपन्यास मूल रूपमा विश्वविद्यालयका प्राध्यापकहरू विद्यार्थीहरू आदिका कथा व्यथा उनिएको कृति हो । यस क्रममा समकालीन समयमा शैक्षिक क्षत्रे मा व्याप्त विकृति र विसङ्गतिको भण्डाफोर गर्नु यस उपन्यासको महत्त्वपूर्ण उद्देश्य हो । विश्वविद्यालय जस्तो प्राज्ञिक क्षेत्रमा भएको प्रतिभाको अनादर तथा चाकडी गररे उच्च प्रशासनिक ओहोदामा बस्न पुगेका व्यक्तिहरूको दुराचारी वृत्तिको अभिव्यक्ति उपन्यासमा गरिएको छ । दशे मा एकातिर नयाँ शिक्षा नीति लागू गरेर प्राविधिक जनशक्ति उत्पादन गर्ने नीति लिइएको छ भने अर्कातिर त्यही नीति लागू गर्न आवश्यक पर्ने सक्षम प्राध्यापकहरू तथा त्यही नीति अनुरूप अध्ययन गर्ने होनहार विद्यार्थीहरूको वैचारिक तर्कलाई थाम्न नसकिरहेको प्रशासनले गरेका घृणित क्रियाकलापको चित्रण गर्नु यस उपन्यासको अर्को उद्देश्य हो ।

दुई विपरित लिङ्गी व्यक्तिहरूको साझा सहमति अनरु प जीवन जिउने सम्झौताका रूपमा लिइने विवाह जस्तो कुरामा पनि नेपाली समाजका अशिक्षित समद ु ायले मात्र होइन उच्च शिक्षा हासिल गरिसकेका व्यक्तिहरूले पनि सामान्य रूपमा लिने गरेको यथार्थको चित्रण नीलिमा, शेखर, श्यामलाल आदि पात्रका माध्यमबाट गरिएको छ । यही विवाह जस्तो जीवनको महत्त्वपूर्ण मोडलाई सामान्य रूप लिंदा भएका दुर्घटनाको चित्रण कामिनी, नीलिमा आदि पात्रका माध्यमबाट गरी यसप्रति गम्भीर हुनुपर्ने सन्देश दिनु यस उपन्यासको अर्को उद्देश्य हो । विश्वमा विज्ञान र प्रविधिको अभूतपूर्व विकास भइरहेको छ । यो उपलब्धिलाई हामीले आफ्ना जीवन भोगाइका क्रममा आत्मसात गर्दै जान सक्नु पर्छ भन्ने अभिव्यक्ति पनि उपन्यासमा गरिएको छ । भौतिक सुख सुविधा भोगका लालसामा लागेर आफ्नो मातृभूमिलाई चटक्कै माया मार्नु हुँदैन । आफ्नो देशलाई सबै तहका व्यक्तिहरूले आआफ्ना स्थानबाट स्वदेशमै बसरे समुन्नत बनाउनु पर्छ भन्ने राष्ट्रवादी स्वर उराल्नु यस उपन्यासको अर्को उद्देश्य हो ।

### ४.५.७ दृष्टिविन्दु

नेपालदेखि अमेरिकासम्म विश्वविद्यालयका प्राध्यापकहरू, विद्यार्थीहरू तथा देशका महत्त्वपूर्ण प्रशासनिक पदमा रहेका व्यक्तिहरूका क्रियाकलाप उनिएको कृति हो । यी घटना शृङ्खलालाई अगाडि बढाउन जति पनि पात्रहरू उपस्थित भएका छन्, ती सबै तृतीय पुरुष व्यक्तिका रूपमा आएका छन् । तृतीय पुरुष व्यक्तिलाई उपस्थित गराउने क्रममा समाख्याताले सबै पात्रका मनका अन्तरकुन्तरलाई खोतलेर पाठक सामु छर्लङ्ग पारिदिएकाले उपन्यास तृतीय पुरुष सर्वदर्शी दृष्टिविन्दुमा संरचित बन्न पुगेको छ ।

### ४.५.८ भाषाशैलीय विन्यास

नेपालदेखि अमेरिकासम्म नेपाली समाजको यथार्थ चित्रण गरी त्यसप्रति आलोचना प्रकट गरिएको कृति हो । पञ्चायती व्यवस्थाले उग्र रूप लिएको समयमा देशका उच्च शिक्षाका केन्द्र तथा उच्च प्रशासनिक केन्द्रहरूमा भएका यथार्थ घटना संयोजन गर्ने सिलसिलामा प्रायः बौद्धिक किसिमका पात्र प्रयोग गरी त्यही अनुकूलको भाषाको प्रयोग गरिएको छ । यसले उपन्यासलाई रोचक बनाएको छ । बौद्धिक पात्रहरूका बीचमा भएका अन्तर्मन्थनबाट सिर्जना भएको सवांदको प्रयोग गरिएको भए पनि उखान टुक्काको पर्याप्त मात्रामा प्रयोग, झर्रा शब्दहरूको समुचित विन्यासका कारण उपन्यास सामान्य पाठकका निम्ति पनि उत्तिकै बोधगम्य छ । जुन उपन्यासकार तारानाथ शर्माको उपन्यास लेखनको महत्त्वपूर्ण उपलब्धि हो । पात्रगत रूपमा उच्च शैक्षिक व्यक्तित्वहरूको बाहुल्यता रहेपनि तिनीहरूको संवादमा आएको कथ्य भाषा तथा थगे ोले उपन्यासको सौन्दर्यलाई झन उजिल्याएको छ । मूल रूपमा वर्णनात्मक शैलीमा कथावस्तु अगाडि बढेको छ । यस बाहेक संवादात्मक एवम् चित्रात्मक शैलीको प्रयोग पनि ठाउँठाउँमा गरिएको छ । नेपाली जनजिब्रोमा प्रचलित उखानटुक्काको प्रयोग, उपमा अलङ्कारको भरमार प्रयोग तथा तत्सम, तद्भव तथा आगन्तुक शब्दहरूको उचित संयोजनले उपन्यास सरस बनेको छ ।

### ४.५.९ व्याख्या तथा निष्कर्ष

नेपालदेखि अमेरिकासम्म प्रबुद्ध पात्रहरू प्रयोग गरिएको उपन्यास हो । यसमा मूलतः विश्वविद्यालयको परिवेशमा देखापरेका विकृति र विसङ्गतिको चित्रण गरिएको छ । दशे मा व्याप्त भएको भ्रष्टाचार, हचुवाका भरमा लादिएको शैक्षिक नीति तथा प्रतिभा सम्पन्न व्यक्तिहरूलाई उपेक्षा गरी चाकडी चाप्लुसीमा लिप्त चाटुकारहरूलाई नै उच्च प्रशासनिक

संयन्त्रहरू जिम्मा लगाइएको छ । फलतः प्रतिभा सम्पन्न व्यक्तिहरू अमेरिका जस्तो विज्ञान र प्रविधिको अधिकतम उपयोग गरी अभूतपूर्व उपलब्धि हासिल गर्न सफल राष्ट्रमा पलायन भइरहेको तथ्य एकातिर प्रकट गरिएको छ भने अर्कातिर प्रतिभासम्पन्न अन्य संस्कृति एवम् राष्टक् ा व्यक्तिहरूको कदर अमेरिकामा पनि नगर्ने परिवेशको सिर्जना गररे प्रतिभासम्पन्न व्यक्तिहरू स्वदेश नै फर्केर चाटुकारहरूको हातमा पुगेको प्रशासनिक संयन्त्रलाई आन्दोलनद्वारा खोस्नुपर्ने सन्दर्भको प्रस्तुतीकरण गरिएको छ । यसप्रकार नेपालबाट उच्च शिक्षा आर्जन गर्न एवम् अन्य विशेष कामका लागि अमेरिका पुगेका व्यक्तिहरू आफ्नो काम सकिएपछि पुनः नेपाल फर्किने तरखरमा लागेको सन्दर्भको चित्रण गरिएकाले शीर्षक विषयवस्तु अनुकूल सार्थक रहेको छ ।

*

## पाँचौं परिच्छेद

# तारानाथ शर्माका औपन्यासिक प्रवृत्ति

## पृष्ठभूमि

वि.सं. २०२२ सालमा सुरक्षा कानुनअन्तर्गत केन्द्रीय कारागारमा थुनिंदा लेखिएको ओझेल पर्दा (२०२२) र मेरो कथा (२०२३) उपन्यासबाट तारानाथ शर्मा नेपाली उपन्यास परम्परामा उदाएका हुन् । यसबाट आरम्भ भएको शर्माको उपन्यास यात्रामा हालसम्म यी बाहेक सुली (२०३०), झझल्को (२०४५) र नेपालदेखि अमेरिकासम्म (२०४९) गरी पाँचवटा औपन्यासिक कृतिहरू प्रकाशन भएका छन् । यिनै उपन्यासका आधारमा शर्माका औपन्यासिक प्रवृत्तिहरू निम्नानुसार छन् :

## ५.१ सामाजिक यथार्थवादी उपन्यासकार

तारानाथ शर्मा उपन्यासमा नेपाली समाजमा विद्यमान विविध पक्षलाई टपक्क टिपेर औपन्यासिक रूप दिन सक्षम छन् । यसर्थ उनी प्रथमतः सामाजिक यथार्थवादी उपन्यासकार हनु । ओझेल पर्दा (२०२२) शर्माको यस प्रवृत्तिको उल्लेखनीय कृति हो । यसमा दिक्तेलको ट्याम्के लेक वरिपरिका` वर्णन सूक्ष्म रूपमा गरिएको छ । नेपाली समाजमा परम्परागत रूपमा चल्दै आएका मेला-पर्व, त्यस मेलामा अज्ञानता र अशिक्षाका कारण स्वाँठ बनेका व्यक्तिहरूका क्रियाकलाप तथा गाउँका शोषकहरूको शोषण वृत्तिको चरम नमुनाको प्रकटीकरण साङ्गे सेर्पा, टलकबहादुर, झमकबहादुर, जङ्गे, रत्ने, रने आदि पात्रहरू उपस्थित गराएर गरिएको छ । केन्द्रीय कारागारको पृष्ठभूमिमा रचिएको यो उपन्यास मनोविज्ञानमा पनि आधारित छ । यस क्रममा बीभत्स र घृणित अपराधहरूलाई साङ्गे, टलकबहादुर आदि सहभागीहरूकै सोचाइका आधारमा अगाडि बढाएकाले उपन्यास मनोवैज्ञानिकभन्दा पनि सामाजिक यथार्थवादी बन्न पुगेको छ । औपन्यासिक घटनाक्रमलाई अगाडि बढाउने क्रममा पात्रहरूका सामाजिक जीवनका सही चित्र उनीहरूका समाजका वास्तविक अवस्थाका कमजोरी भित्रैबाट चित्रण गरेर पनि यी दुर्बलताहरू यिनीहरूको आफ्नै कमजोरी नभएर राष्ट्रकै गैरजिम्मेवारीपनाले गर्दा सिर्जना भएको दुर्भाग्यपूर्ण अवस्था हो (प्रधान, १०१) भन्ने वास्तविकताको उजागर गरिएको यो उपन्यासमा मूलतः सामाजिक यथार्थवादी प्रवृत्तिलाई नै आत्मसात गरिएको छ । मेरो कथा (२०२३) शर्माको यस प्रवृत्तिको अर्को उल्लेखनीय कृति हो । यसमा कास्कीको लुम्ले क्षेत्रको गुरुङ संस्कृतिको चित्रण गर्नुका साथै त्यो संस्कृति र

अझ सम्पूर्ण नेपाली संस्कृतिमै विद्यमान विकृति र विसङ्गतिको भण्डाफोर गरिएको छ । त्यस्तै शर्माका अन्य उपन्यास पनि यथार्थ धरातलमै टेकेर उभिएकाले यिनी मूलतः सामाजिक यथार्थवादी उपन्यासकार हुन् ।

## ५.२ आलोचनात्मक यथार्थवादी उपन्यासकार

नेपाली समाजको यथार्थ चित्रण गरी त्यसप्रति आलोचनात्मक दृष्टि प्रक्षेपण गर्नु तारानाथ शर्माको अर्को औपन्यासिक पत्रृत्ति हो । आलोचनात्मक यथार्थवादको प्रस्तुतिका दृष्टिले शमार्क ो सुली उल्लेखनीय कृति हो । मूलतः काठमाडौंको परिवेशमा लेखिएको यस उपन्यासमा यौनको केही बढी नै प्रस्तुति गरिएको छ । यस क्रममा कन्या क्याम्पसका छात्राहरू तथा प्राध्यापकहरूको यौनजन्य विकृतिको भण्डाफोर गरिएको छ । उपन्यासको घटनाक्रमलाई अगाडि बढाउन आएका नारीहरू तथा धार्मिक ठेकेदारहरूका चरित्रहीन अनैतिक आचरणको उद्‌घाटनमा लेखकले आलोचनात्मक बाटो अपनाएका छन् । सहरकी आधुनिक किसिमकी पढेलेखेकी केटीसँग प्रेमविवाह गर्ने उद्देश्य लिएर अघि बढेको गाउँले प्राध्यापकले प्रेममा धोका पाएपछि अनुभव गरेका सहरिया केटीहरूका व्यभिचारहरू उपन्यासमा चित्रण गरिएको छ । यसप्रकार आडम्बरी स्वभाव, अन्धविश्वास, चाकरी मनोवृत्तिको उछितोका साथै भ्रष्ट नारी चरित्रहरूको आलाचे नात्मक प्रस्तुतिका (प्रधान, १०१) सन्दर्भमा सुली उपन्यासको संरचना निर्माण भएको छ । फलतः यस उपन्यासमा सामाजिक वा आचरणजन्य कलुषित वस्तुको चित्रण गर्दा शर्मा यथार्थलाई गौण बनाउने आलोचक भएका छन् । जसका कारण शर्मा यस उपन्यास मार्फत आलोचनात्मक यथार्थवादी उपन्यासकारका रूपमा प्रतिस्थापित भएका छन् । यस प्रवृत्तिको प्रयागे शर्माका अन्य उपन्यासमा पनि पाइन्छ । साम्प्रदायिक भावना, धार्मिक आडम्बर आदि प्रवृत्तिको उछितो काड्ने काम झझल्को उपन्यासमा गरिएको छ भने नेपालदेखि अमेरिकासम्म उपन्यासमा प्रशासनिक एवम् शैक्षिक क्षेत्रमा व्याप्त विकृति र विसङ्गतिको भण्डाफोर गरिएको छ । यसप्रकार समाजलाई विसङ्गतिपूर्ण ठानी त्यसलाई तीव्र टिप्पणी गर्नु पर्ने ( सुवेदी, २००) ठान्ने तारानाथ शर्मा आलोचनात्मक यथार्थवादी उपन्यासकार हुन् ।

## ५.३ साम्प्रदायिक भावनाको विरोध गर्दै मानवतावादी दृष्टिकोण प्रक्षेपण

तारानाथ शर्मा उपन्यासमा धार्मिक आडम्बर प्रस्तुत गर्दै धार्मिक सहिष्णुता तथा साम्प्रदायिक सद्‌भाव विथोल्ने चरित्रहरूको तीव्र विराधे गरी मानवतावादी स्वर मुखरित

गर्दछन् । यस दृष्टिकोणले शर्माको झझल्को उल्लेखनीय कृति हो । अमेरिकाबाट पीएच्.डी. गररे फर्किएको अन्वेष र एम.ए. गरेर फर्किएकी वाणीबीच भएका आत्मीय समर्पण तथा विधर्मीहरूसँग भएका टीकाटिप्पणीहरू एवं वैज्ञानिक उन्नतिको दुरूपयागे बाट आततायीहरूल गरेका नरसंहारकारी घटनाको चित्रण गर्ने सन्दर्भमा यस उपन्यासले आफ्नो संरचना प्राप्त गरेको छ । फलतः वैज्ञानिक उन्नतिको दुरूपयोगबाट आततायीहरूले जघन्य नरसहं ारका घटनाहरू एकपछि अर्को गर्दै घटाए पनि मानवको बाँच्ने, बाँचेर बचाउने र बचाएर पृथ्वी सिंगार्ने अदम्य इच्छालाई मार्न नसक्ने शाश्वत सत्य उपन्यासमा मुखरित भएको छ । यसप्रकार साम्प्रदायिक भावनाको विरोध गरी सम्पूर्ण मानवले वैज्ञानिक उन्नतिको सही सदुपयोग गरेर सुखी जीवन जीउन पाउनुपर्ने सन्देश उपन्यासमा अभिव्यक्त भएको छ ।

## ५.४ सामाजिक विकृति र विसंगतिप्रति व्यङ्ग्य

समाज विभिन्न जात-जाति, भाषा-भाषी एवम् सम्प्रदायका व्यक्तिहरूको साझा घर हो । यसमा विभिन्न चालचलन तथा रीतिरिवाज एवम् संस्कृतिहरू परम्परागत रूपमा चल्दै आएका हुन्छन् । यी विभिन्न संस्कृतिहरूमा हाम्रै समाजका व्यक्तिहरूले कलुषित बनाइरहेका छन् भन्ने प्रत्यक्ष प्रमाण ओझेल पर्दा उपन्यासको रनबहादुर हो । यस्ता कलुषित भावना भएका व्यक्तिका क्रियाकलापले सामाजिक संस्कृति नै धरापमा परेका छन् । त्यस्तै प्रशासनिक भ्रष्टाचार, धार्मिक आडम्बर, परम्परागत कुसंस्कार, अज्ञानता, अशिक्षा आदिले ग्रस्त सामाजिक विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य प्रहार गर्दै स्वस्थ समाज स्थापनाको कामना गर्नु तारानाथ शर्माको अर्को औपन्यासिक प्रवृत्ति हो ।

## ५.५ प्रवासी नेपाली जनजीवनको प्रस्तुतीकरण

तारानाथ शर्माका उपन्यासमा नेपाली जनजीवनका विभिन्न पक्षको प्रस्तुतिका साथै प्रवासी नेपाली जनजीवनको चित्रण पनि गरिएको छ । प्रवासमा भारतको दार्जिलिङ, सिक्किम, वनारस हुँदै अमेरिका, क्यानाडा, बेलायत आदि स्थानमा रहेका नेपालीहरूले झेल्नुपरेको कठिनाइहरूको चित्रण सहजताका साथ गरिएको छ । दार्जिलिङका छेमा, शिखा, प्रीति आदिका जनजीवनका चित्रण वा अमेरिकाजस्ता विकसित देशमा प्रवासिन पुगेका नेपालीहरूको जनजीवनको चित्रण उपन्यासमा स्वतः स्फूर्त रूपमा गरिएको छ ।

## ५.६ नेपाली जनजीवनप्रति अगाध आस्था

तारानाथ शर्मा राष्ट्रवादी उपन्यासकार हुन् । यिनका उपन्यासमा नेपालीहरू नेपाल लगायत विश्वका जुनसुकै कुनाकाप्चामा बसेका भए पनि आफ्नो मातृभूमि प्रतिको स्नेहलाई अथार्त् आफ्नो मातृभूमिमा अपनाइन` विविध जीवनशैलीलाई कहिल्यै भुल्नु नहुने कुरा अभिव्यक्त भएका छन् । यसर्थ जहाँ भए पनि, जुन अवस्थामा भए पनि नेपाली हौं भन्ने भावना हामीमा रहनुपर्दछ र यसैमा हामीले गौरव गर्नु पर्दछ भन्नेभावना यिनका उपन्यासमा अभिव्यक्त भएको छ ।

## ५.७ राष्ट्रवादी उपन्यासकार

नेपाली समाजमा कुसंस्कार, अज्ञानता साम्प्रदायिक भावना आदि खराब प्रवृत्तिहरू व्याप्त छन् । यी कुप्रवृत्तिहरूको अन्त्य उच्च शिक्षा प्राप्त व्यक्तिहरू विदेशमा पलायन भएर होइन स्वदेशमै सिर्जनशील कार्य गरेर समाजलाई स्वस्थ बनाउन महत्त्वपूर्ण योगदान दिनुपर्ने राष्ट्रवादी स्वर शर्माका उपन्यासमा मुखरित भएको छ । यस क्रममा स्वदेशी संस्कृति, मूल्यमान्यता एवम् सौन्दर्यशीलताको कोमल प्रस्तुतीकरण गरिएको छ ।

## ५.८ भाषाशैलीगत प्रवृत्ति

तारानाथ शर्मा नेपाली भाषामा 'झर्रोवादी आन्दोलन' चलाउने व्यक्तिमध्येका एक हुन् । तसर्थ यिनका उपन्यासमा पनि यसको प्रत्यक्ष प्रभाव स्वरूप ठेट नेपाली शब्दहरूको प्रयोग गरिएको छ । पात्रगत रूपमा शर्माका उपन्यासमा चरित्र अनुकूलको भाषाको प्रयागे गरिएको छ । शिक्षित-अशिक्षित, सहरिया-गाउँले आदि जस्ता खालका सहभागीहरू छन्, त्यसै अनुरूपको भाषिक प्रयोगले उपन्यास सरल बनेका छन् । यस क्रममा कथ्य भाषाको प्रयोग, उखान-टुक्काको समुचित विन्यास, पात्रमा देखापरेका भाषिकागत प्रभाव, थेगो आदि प्रयोग गरिएको छ ।

समग्रमा भन्नुपर्दा आरम्भमा सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा प्रतिस्थापित भएका तारानाथ शर्मा सुली (२०३०) उपन्यास मार्फत उनको यथार्थवादी प्रवृत्ति आलोचनातर्फ उन्मुख हुन्छ । फलतः उनी आलोचनात्मक यथार्थवादी उपन्यासकारका रूपमा स्थापित भएका  छन् । यसबाहेक सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य, साम्प्रदायिक भावनाको विरोध गर्दै मानवतावादी दृष्टिकोण प्रक्षेपण, प्रवासी नेपाली जनजीवनको प्रस्तुतीकरण, नेपाली जनजीवनप्रति अगाध आस्था भाषाशैलीगत सहजता तथा सरलता आदि उपन्यासकार तारानाथ शर्माका मूलभूत प्रवृत्तिहरू हुन् ।

*

## छैंटौं परिच्छेद

# उपसंहार

यस शोधपत्रको पहिलो परिच्छेदअन्तर्गत शोधपरिचय रहेको छ । यसमा शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । जसअन्तर्गत शोधशीषर्क, शोधकार्यको प्रयोजन, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधपत्रको औचित्य, महत्त्व र उपयोगिता, अध्ययनको सीमाङ्कन, सामग्री सङ्कलन विधि, सैद्धान्तिक ढाँचा र शोधविधि, शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदअन्तर्गत तारानाथ शर्माको संक्षिप्त परिचय दिइएको छ । तारानाथ शर्मा इलामको बारबोटेमा १९९१ सालमा प्रजापति उपाध्यायकी जेठी श्रीमती देवकी उपाध्यायको कोखबाट जेठो सन्तानका रूपमा जन्मिएका हुन् । यिनले कतिपय ठाउँमा आफ्नो उपनाम तानासर्मा राखे पनि यो त्यति प्रचलित छैन । जागिरे बाबुको कुशल रेखदेखमा हुर्किएका तारानाथ शर्माको शिक्षारम्भ वैदिक संस्कृतिको पृष्ठभूमिमा घरमै भए पनि आपै चारिक शिक्षाको आरम्भ फिक्कलको आदर्शचन्द्र माध्यमिक विद्यालयबाट भयो । यसपछि दार्जिलिङ, बनारस, बेलायत, अमेरिकालाई आफ्नो उच्च शिक्षा आर्जन गर्ने थला बनाएका शर्माले अन्य विशेष अध्ययनका साथै भाषाविज्ञानमा पिएच.डी. गरेका छन् ।

तारानाथ शर्माले बनारसबाट एम.ए. गरेपछि २०१७ सालदेखि पद्‌मकन्या कलेजबाट प्राध्यापन पेसा सुरु गरेका छन् । आफ्नो जीवनको अधिकांश समय यही पेशामा खर्चने शर्माले प्राध्यापन बाहेक सम्पादकको भूमिका पनि कुशलतापर्वूक निभाएका छन् । यिनले अध्ययन- अध्यापन एवम् अन्य विशेष कामका शिलशिलामा नेपालका विभिन्न स्थान बाहेक भारत, चीन, अमेरिका, बेलायत, स्पेन, जर्मनी आदि देशहरूको भ्रमण गरेका छन् ।

२००८ सालको वैशाखको साथी साप्ताहिकमा 'इलाम' शीर्षकको प्रबन्ध प्रकाशन गरेर साहित्ययात्रा आरम्भ गर्ने तारानाथ शर्माले निबन्ध, समालोचना, उपन्यास, कथा, कविता आदि साहित्यिक विधाका साथै भाषाविज्ञान तथा सामाजिक क्षेत्रका विभिन्न पुस्तकहरू पनि प्रकाशन गरेका छन् । यही साहित्यिक एवम् साहित्येतर विषयमा गरेको योगदानलाई सम्मान गर्दै यिनलाई रत्नश्री स्वर्ण पदक, साझा पुरस्कार, मदन पुरस्कारका साथै अन्य विभिन्न संघसंस्थाले पनि सम्मानित गरेका छन् ।

खरो, खस्रो एवम् ओजस्वी व्यक्तित्वका धनी तारानाथ शर्मा मझौला कदका छन् । फूर्तिलो र जाँगरिलो स्वभावका कारण ७५ हिउँद पार गरिसक्दा पनि साहित्य साधनामा क्रियाशील छन् । आफ्नो जीवनको अधिकांश समय प्राध्यापन र लेखनमा खर्चिएका शर्माको व्यक्तित्व साहित्यिक र साहित्येतर दुई पाटामा विभाजित छ ।

साहित्यिक व्यक्तित्वका रूपमा शर्मा समालोचक, निबन्धकार, उपन्यासकार कथाकार, कवि र सम्पादक बनेका छन् । समालोचकका रूपमा प्रखर अभिव्यक्ति दिने शर्माको निबन्धकार व्यक्तित्वले पनि उच्च गरिमा प्राप्त गरेका  छ । यिनले निबन्धका क्षत्रे मा यात्रा निबन्धकारका रूपमा शिखर चुमके ा छन । फलतः यिनी यात्रा निबन्धका क्षेत्रमा हालसम्मकै विशिष्ट व्यक्तित्व हुन् । वि.सं. २०२२ सालमा सुरक्षा ऐनअन्तर्गत केन्द्रीय कारागारमा थुनिएका समयमा लेखिएका ओझेल पर्दा (२०२२) र मेरो कथा (२०२३) बाट आरम्भ भएको यिनको उपन्यासकार व्यक्तित्व सुली (२०३०), झझल्को (२०४५) र नेपालदेखि अमेरिकासम्म (२०४९) उपन्यासमा प्रस्फुटन भएको छ । आरम्भमा सामाजिक यथार्थवादी प्रवृत्ति वरण गर्ने शर्मा सुली उपन्यासमा आलोचनात्मक यथार्थवादी बन्न पुगेका छन् । यिनले विभिन्न पत्रपत्रिका र पुस्तकहरूको पनि कुशलतापूर्वक सम्पादन गरेका छन् । तारानाथ शर्माले यी विविध विधामा गहन योगदान दिए पनि यिनको कथाकार र कवि व्यक्तित्व प्रायः शिथिल छ ।

साहित्येतर क्षेत्रमा तारानाथ शर्मा प्राध्यापक र भाषावैज्ञानिकका रूपमा परिचित छन् । प्राध्यापनका क्षेत्रमा उपदेशमूलकभन्दा सम्बन्धित विषयको जरासम्म उधिनरे सबै स्तरका विद्यार्थीहरूलाई उत्तिकै रुचि उब्जाउन यिनी सक्षम छन् । विद्यार्थी जीवनदेखि नै भाषाप्रति आकृष्ट भएका शर्माको भाषावज्ञै ानिक व्यक्तित्व पनि ओजस्वी किसिमको छ । समग्रमा भन्दा ग्रामीण परिवेशमा हुर्किएर तत्कालीन सामाजिक परिवेश, थिचोमिचो, धार्मिक आडम्बर, कुसंस्कार, यवु ा वर्गमा व्याप्त पलायनमुखी वृत्ति आदिको अभिव्यक्तिमा यिनी सक्षम छन् ।

तेस्रो परिच्छेद अन्तर्गत उपन्यासको सैद्धान्तिक पक्षलाई राखिएको छ । १८२७ मा महाभारत विराटपर्वबाट थालिएको उपन्यासको विकासक्रम हालसम्म तीन चरण पार गरिसकेको छ । वि.सं. १८२७ देखि १९४५ सम्म प्राथमिक काल, वि.सं. १९४६ देखि १९९० सम्म माध्यमिक काल र वि.सं. १९९१ देखि हालसम्म आधुनिक काल गरी उपन्यासकारहरुले विभाजन गरेका छन् । आधुनिक कालअन्तर्गत आदर्शोन्मुख यथार्थवादी,

स्वच्छन्दतावादीधारा, सामाजिक यथार्थवादी, आलोचनात्मक यथार्थवादी, मनोविश्लेषणात्मक, विसङ्गतिवादी, अस्तित्ववादी, समाजवादी यथार्थवादी, नवचेतनामूलक/उत्तरआधुनिक जस्ता विभिन्न धाराहरु रहेका छन् । यी धाराहरुका प्रवृत्तिहरुलाई पनि सङ्क्षिप्त रुपमा यस परिच्छेदमा राखिएको छ ।

चौथो परिच्छेदअन्तर्गत तारानाथ शर्माका उपन्यासहरूको विश्लेषण गरिएको छ । केन्द्रीय कारागारमा थुनिदा लेखिएको ओझेल पर्दा (२०२२) शर्माको प्रथम औपन्यासिक कृति हो । नेपाली कारागार भित्रको यथार्थ अभिव्यक्त गर्ने प्रस्तुत कृतिमा नेपाली पहाडी ग्रामीण जनजीवनका कथाव्यथालाई उनिएको छ । यसमा उपन्यासका प्रमुख पात्रहरू साङ्गे र टलकबहादुरले 'म' पात्र शर्माजीसँग आफूहरूले विगतमा गरेका क्रियाकलापको चित्रण गर्ने सन्दर्भमा उपन्यास अगाडि बढेकाले यसको कथानक व्यतिक्रमिक बनेको छ । साङ्गे, सर्गे, टलकबहादुर, झमकबहादुर, चित्रबहादुर, मित्रबहादुर, तारे, जङ्गे पात्रमार्फत अशिक्षित ग्रामीण परिवेशको चित्रण अप्रत्यक्ष रूपमा गरिएको यस उपन्यासमा प्रत्यक्ष रूपमा कारागारको परिवेश आएको छ । प्रस्तुत उपन्यास यथार्थ धरातलमा उभिएको छ । नेपाली समाजमा रहेका अन्धपरम्परा, कुरीति आदिको चित्रण यसमा गरिएको छ । यी कुप्रवृत्तिबाट छुट्न कारा पाउन समाजमा शिक्षाको ज्योति फैलाउनु पर्ने सन्देश दिइएको छ । प्रथम पुरुष दृष्टिविन्दुमा संरचित यस उपन्यासको भाषाशैली सरल छ ।

मेरो कथा (२०२३) तारानाथ शर्माको दोस्रो उपन्यास हो । ६ परिच्छेदका १७४ पृष्ठमा विस्तारित प्रस्तुत उपन्यासमा कास्कीका ` लुम्ले क्षेत्रको गुरुङ संस्कृति चित्रण गरिएको छ । संस्मरणात्मक शैलीमा लेखिएको प्रस्तुत उपन्यासमा पोखराको सेती नदी, रोदी घर तथा विदेशी पल्टनमा भाडाका सिपाही भएर नेपालीहरूले भोगेको दुःखद जीवनकहानी उपन्यासमा आएको छ । उपन्यासको प्रमुख पात्र 'म' का जीवनमा आएका मोड प्रतिमोडको सजीव चित्र उतारिएको यो उपन्यास रैखिक ढाँचामा लेखिएको छ । 'म' पात्र गुरुङ र नौली गुरुङसेनी बाहके यस उपन्यासमा रनबहादुर, नालीको काका, अरिमठे मगर, कालीपारे क्षेत्री, आँधीखोले आदि पात्रहरू प्रयोग गरिएको छ । यस क्रममा नेपालको पश्चिमी भूभागलाई मूल रूपमा समेटिएको छ । यसबाहेक विदेशी पल्टन हुँदै पोखरादेखि काठमाडौंसम्मको परिवेश पनि आएको छ । प्रस्तुत उपन्यास नेपाली समाजको यथार्थ चित्रण गर्ने उद्देश्यले लेखिएको हो । यसबाहेक नेपाली मौलिक संस्कृतिमा व्याप्त विकृतिको भण्डाफोर गर्नु, युवावर्गमा व्याप्त पलायनमुखी वृत्तिको विरोध गर्नु, धार्मिक आडम्बरप्रति वितृष्णा व्यक्त गर्दै

साम्राज्यवादी-विस्तारवादीहरूको मत्स्य न्यायको नीतिलाई अस्वीकार गर्नु यस उपन्यासको प्रमुख उद्देश्य हो । प्रथम पुरुष दृष्टिविन्दुमा रचना गरिएको यस उपन्यासमा पात्र अनुकूलको भाषा प्रयोग नभए पनि उखान टुक्काको समुचित विन्यासले कृति सरल बनेको छ ।

सुली (२०३०) तारानाथ शर्माको तेस्रो उपन्यास हो । यो १७ परिच्छेदका १७९ पृष्ठमा विस्तारित भएको छ । सरल स्वभाव भएको गुणीको एकलकाटे प्रेम र पैसाको लोभमा आफ्नो योनी चखाउँदै हिंड्ने सहरिया भ्रष्ट नकचरी युवती सुलीको जीवन चरित्र उनिएको प्रस्तुत उपन्यास आदि, मध्य र अन्त्यको रैखिक शृङ्खलामा आबद्ध नभई व्यतिक्रमिक बनेको छ । नेपाली सहरिया समाजको यथार्थ चित्रण गरी त्यसप्रति आलोचनात्मक दृष्टि प्रक्षेपण गर्ने क्रममा गुणी सुली, कमलिनी, सुप्रिया, गोविन्द चापागाईं, सूर्यबहादुर, श्रीमती गुरागाईं आदि पात्रहरूको प्रयागे गरिएको छ । यस उपन्यासमा काठमाडौंको परिवेश प्रत्यक्ष रूपमा आएको छ भने अप्रत्यक्ष रूपमा यहाँका जनतामा देखापरेको साम्प्रदायिक भावना, धामिर्क आडम्बर तथा विश्वविद्यालय जस्तो प्राज्ञिक क्षेत्रमा हुने गरेका चाकडी-चाप्लुसीको चित्रण गरिएको छ । आलोचनात्मक यथार्थवादी दृष्टि प्रक्षेपण गर्न लेखिएको यस उपन्यासमा तृतीयपुरुष दृष्टिविन्दुको प्रयागे गरिएको छ । यसमा केही मात्रामा संवादात्मक शैलीको प्रयोग गरिए पनि मूल रूपमा वर्णनात्मकतालाई अगाँलिएको छ ।

झझल्को (२०४५) तारानाथ शर्माको चौथो उपन्यास हो । भ्रमणसँग सम्बन्धित प्रस्तुत उपन्यास ३ परिच्छेदका १३९ पृष्ठमा विस्तारित भएको छ । अमेरिकामा उच्च अध्ययन गरेर फर्किरहेका अन्वेष र वाणीको जीवन कहानी उनिएको यस उपन्यासमा झझल्कोका रूपमा अन्वेष दार्जीलिङ्मा पढन् बस्दा सहयागी बन्न पुगेकी शिखाको कथा सहायक भएर आएको छ । यस क्रममा कथानक आदि, मध्य र अन्त्यको रैखिक शृङ्खलामा आबद्ध बनेको छ । यसमा प्रमुख भूमिका निभाउन आएका अन्वेष र वाणी बाहेक सेरा, सुजन, डा. टमस एडी, श्रीमती यान एडी, शिखा, छेमा आदि पात्रहरू प्रयोग भएका छन् । प्रत्यक्ष रूपमा उपन्यासले अमेरिकाको ड्यालस विमानस्थलदेखि जापानको नारिता विमानस्थलसम्मको परिवेशलाई समेटेको छ । यसबाहेक नेपाल र भारतका विभिन्न भूभागको चित्रण पात्रका वार्तालापका सन्दर्भमा गरिएको छ । नेपाली एवम् प्रवासी नेपाली समाजको चित्रणका साथै विश्वका अतिविकसित राष्ट्रका जनताको धार्मिक आडम्बरप्रति वितृष्णा व्यक्त गर्दै मानवतावादी भावनायुक्त स्वस्थ समाजको परिकल्पना गर्नु यस

उपन्यासको उद्देश्य हो । तृतीय पुरुष दृष्टिविन्दुमा संरचित यस उपन्यासमा मूलतः प्रबुद्ध किसिमको भाषिक शिल्पको प्रयोग गरिएको छ ।

तारानाथ शर्माको पाँचौं उपन्यास नेपालदेखि अमेरिकासम्म (२०४९) हो । यो ८४ परिच्छेदका ३५० पृष्ठमा विस्तारित छ । प्रस्तुत उपन्यासमा कविताले दार्जीलिङबाट बी.ए. पास गरेर कीर्तिपुरमा एम.ए. को अध्ययन गर्न थालेदेखि अमेरिकाबाट पिएच्.डी. गरेर नेपाल फर्किएसम्मको घटनाक्रमलाई आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा प्रस्ततु गरिएको छ । मूल रूपमा कविताको केन्द्रविन्दुमा अगाडि बढेको यस उपन्यासमा दवे मणि, श्यामलाल, नीलिमा, कामिनी, छाया, शम्पा, शोभा, मोहनमुनि, शेखर लगायत अन्य विभिन्न पात्रहरूको प्रयोग गरिएको छ । उच्च शिक्षा ग्रहण गरेका यी पात्रहरूको उपस्थिति विश्वविद्यालयको परिवेशमा गराइएको छ । स्थानगत रूपमा काठमाडौंदेखि अमेरिकासम्मको परिवेश यसमा आएको छ । यस क्रममा शैक्षिक क्षेत्रमा व्याप्त विकृति र विसङ्गतिको भण्डाफोर गर्नु, युवा वर्गमा व्याप्त पलायनमुखी वृत्तिको विरोध गर्दै राष्ट्रवादी स्वर उराल्नु यस उपन्यासको उद्देश्य हो । तृतीय पुरुष दृष्टिविन्दुमा प्रायः बौद्धिक किसिमको भाषाको प्रयोग गरिएको प्रस्तुत उपन्यासमा मूल रूपमा वर्णनात्मक शैलीको प्रयोग गरिए पनि संवादात्मक एवम् चित्रात्मक शैलीको प्रयोग पनि ठाउँ ठाउँमा भएको छ ।

पाँचौं परिच्छेदअन्तर्गत तारानाथ शर्माको औपन्यासिक प्रवृत्तिहरूको निरूपण गरिएको छ । तारानाथ शर्मा मूलतः सामाजिक यथार्थवादी उपन्यासकार हुन् । यिनका उपन्यासमा हाम्रै समाजमा घट्ने घटनालाई विभिन्न पात्रहरूको संयोजन गरी प्रस्तुत गरिएको छ । त्यसै गरी नेपाली समाजको यथार्थ चित्रण गरी त्यसप्रति आलोचनात्मक दृष्टि प्रक्षेपण गर्नु शमार्क ो अर्को औपन्यासिक प्रवृत्ति हो । यी बाहेक धार्मिक आडम्बरको विरोध गर्नु, प्रवासी नेपाली जनजीवनको चित्रण गर्नु, नेपाली समाज एवम् संस्कृतिमा व्याप्त विकृति र विसङ्गतिको भण्डाफारे गर्दै राष्ट्रवादी स्वर मुखरित गर्नु तारानाथ शर्माका मूलभूत औपन्यासिक पव्रृत्ति हुन् ।

छैटौं परिच्छेदअन्तर्गत यस शोधपत्रको सार प्रस्तुत गरिएको छ । समग्रमा भन्नुपर्दा २००८ सालको वैशाखमा साथी साप्ताहिकमा 'इलाम' शीर्षक प्रबन्ध प्रकाशन गरेर साहित्ययात्रा आरम्भ गर्ने तारानाथ शमार् हालसम्म साहित्य साधनामा क्रियाशील छन् । शर्मा उपन्यासकारका रूपमा वि.सं. २०२२ सालमा ओझेल पर्दा उपन्यास प्रकाशन गरेर प्रतिस्थापित भएका हुन् । २०२२ सालदेखि उपन्यासकारका रूपमा परिचित तारानाथ शर्माले

हाल पनि उपन्यास लेखनमा सक्रिय रहेको जानकारी दिए पनि उनको उपन्यासकार व्यक्तित्व निबन्धकार र समालोचक व्यक्तित्वका तुलनामा ओझेलमा परेको छ । उपन्यासका माध्यमबाट समाजमा विद्यमान विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य प्रहार गर्ने तारानाथ शर्मा मूलतः आलोचनात्मक यथार्थवादी उपन्यासकार हुन् ।

*

## सम्भावित शोधशीर्षकहरु

१. तारानाथ शर्माको ओझेल पर्दा उपन्यासको कृतिपरक अध्ययन

२. तारानाथ शर्माको मेरो कथा उपन्यासको कृतिपरक अध्ययन

३. तारानाथ शर्माको आख्यानकारिताको अध्ययन

४. तारानाथ शर्माको कथाकारिताको अध्ययन

५. तारानाथ शर्माको 'दुई पोका चुरा' कथा संग्रहको कृतिपरक अध्ययन आदि ।

# सन्दर्भग्रन्थ सूची


गौतम, प्रिया, यात्राकार तारानाथ शर्मा, *अप्रकाशित स्नातकोत्तर शोधपत्र,* त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५५ ।

नेपाल, घनश्याम, *नेपाली साहित्यको परिचयात्मक इतिहास,* सिलगुढी : नेपाली साहित्य प्रचार समिति, १९९१ ।

बराल, ऋषिराज, *उपन्यासको सौन्दर्यशास्त्र,* दो.सं., काठमाडौं : साझा प्रकाशन, २०६३ ।

बराल, कृष्णहरि र एटम, नेत्र, *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* दो.सं., काठमाडौं : साझा प्रकाशन, २०५८ ।

शर्मा, तारानाथ, *झझल्को,* सिक्किम : जनपक्ष प्रकाशन, २०४५ ।

*नेपालदेखि अमेरिकासम्म,* काठमाडौं : साझा प्रकाशन, २०४९ ।

*नेपाली साहित्यको इतिहास,* चौ.सं., काठमाडौं : अक्षर प्रकाशन, २०५६ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, *शोधविधि,* ते.सं., काठमाडौं : साझा प्रकाशन, २०६२ ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, *नेपाली साहित्यको संक्षिप्त इतिहास,* आ.सं., काठमाडौं : साझा प्रकाशन, २०६३ ।

सत्याल, यज्ञराज, *नेपाली साहित्यको भूमिका,* काठमाडौं : रत्नपुस्तक भण्डार, २०२९ ।

सर्मा, ताना, *ओझेल पर्दा,* काठमाडौं : रत्न पुस्तक भण्डार, २०२२ ।

*मेरो कथा,* काठमाडौं : रत्न पुस्तक भण्डार, २०२३ ।

*सुली,* दार्जिलिङ : प्रकाश प्रकाशन, २०३० ।

*भानुभक्तदेखि तेस्रो आयामसम्म,* दो.सं., काठमाडौं : साझा प्रकाशन, २०३४ ।

*नेपाली साहित्यको ऐतिहासिक परिचय,* विराटनगर : श्याम पुस्तक भण्डार, २०४० ।

सुवेदी, राजेन्द्र, *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,* दो.सं., काठमाडौं : साझा प्रकाशन, २०६४ ।